# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक

वर्ष १ अङ्क ४ | २०७३ असार २७ गते सोमबार | July 11, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## जंगेपिल्लर हराएकोबारे भारतीय मिडियाको खुलासा

**सुरज कुँवर**/ नयाँ दिल्ली

नेपाल-भारत सीमानास्थित जंगे पिल्लरहरु गायव हुने गरेको समाचार नयाँ दिल्लीबाट प्रकाशित हुने जागरण पत्रिकाले उल्लेख गरेको छ। जुलाई ९, २०१६ मा प्रकाशित सो पत्रिकाले दिनदिनै हराइरहेका जंगे पिल्लरहरुका कारण भविष्यमा नेपाल र भारतबीच सीमा विवाद उत्पन्न हुन सक्ने जनाएको छ। जंगे पिल्लरहरु तस्कर र अन्य तत्वहरुका कारण हराउने गरेको सो पत्रिकाले उल्लेख गरेको छ। सो पत्रिकाले उल्लेख गरे अनुसार पिल्लरहरु दिनदिनै हराउने गरेका छन् र कतिपय बर्षा र बाढीले गर्दा पनि क्षतिग्रस्त हुने गरेका छन्।

नेपालसँग सिमा जोडिएको मधवनी जिल्लाको मात्र कुरा गर्ने हो भने ३८ वटा मुख्य र सहायक गरी पिल्लरहरु हराएका छन्। नेपालसँग सीमा जोडिएका अन्य जिल्लाहरु युपी, विहार, उत्तराखण्डलगायत क्षेत्रमा रहेका कूल ५ हजार ४५ वटा पिल्लरमध्ये १७१६ पिल्लर हराएको भारतीय सरकारको गृह मन्त्रालयको तथ्यांकमा रहेको उल्लेख जागरण... *बाँकी ८ पेजमा*

# ‘जीएमआरसँगको सम्झौता खारेज गरिनुपर्छ’ : मोहन वैद्य ‘किरण’

◆ **वर्गदृष्टि संवाददाता**

*असार २७, काठमाडौं।*

नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष क. किरणले उपल्लो कर्णाली जलविद्र्युत परियोजनाको बारेमा एक भारतीय कम्पनी जीएम्आरसँग सरकारले गरेको पीडीए सम्झौता तुरन्त खारेज गर्नुपर्ने बताउनु भएको छ। यो विद्र्युत परियोजना जनता आफैले निर्माण गर्ने र सोको लागि आवश्यक पर्ने ज्ञान, सीप तथा प्राविधिक क्षमता पनि नेपालीहरु आफैमा रहेको उहाँले बताउनु भएको छ। बागबजारस्थित होटल हार्दिकमा गत शनिबार आयोजित माथिल्लो कर्णाली जलविद्र्युत परियोजना विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनु भएको हो।

जीएमआरसँग यसअघिका सरकारहरुले गरेको सम्झौताअनुसार उपल्लो कर्णालीमा गरिएको पीडीए कार्यान्वयनका लागि वर्तमान बामपन्थीको सरकारले प्रक्रिया अघि बढाउँदै गरेको सन्दर्भमा यो कार्यक्रम माथिल्लो कर्णाली राष्ट्रिय अभियानले आयोजना गरेको हो।



फोटो : जय दाहाल

कार्यक्रममा राष्ट्रियता र जनतन्त्र एकअर्कामा निकै घनिष्टताका साथ जोडिन पुगेकाले यी दुवैलाई एकअर्कासँग अलग गरेर अघि बढाउन नसकिने कुरामा जोडदिंदै किरणले राष्ट्रियताको कुरा राज्यसत्ता परिवर्तनका कुरासँग प्रत्यक्ष जोडिएको बताउनु भयो। दैलेखस्थित उपल्लो कर्णालीको परियोजनास्थल रामगाढमा पुगेर आफैले स्थलगत अवलोकन गरेको बताउनु भयो। आफ्नो भ्रमणको स्मरण गर्दै उहाँले त्यहाँको भूबनोट, जनताको आवाज, अग्राधिकारको कुरा, आयोजना निर्माणपछि पर्नसक्ने उपल्लो तथा तल्लो तटीय प्रभावको वस्तुगत अवस्थालाई गम्भीरताका साथ नियाल्ने मौका पाएकाले यो विदेशीलाई सुम्पन असंभव छ भन्दै सम्झौताको खारेजीको जोडदार माग गर्नु भयो।

जतिसुकै लोकतान्त्रिक भनेपनि वर्तमान व्यवस्था संसदीय व्यवस्था नै भएकाले यसबाट जनताका समस्याहरु समाधान हुनै नसक्ने भन्दै यसको आमूल परिवर्तनकारी विकल्प खोजी गरिएपछि मात्र राष्ट्रियताको रक्षा र जनतन्त्रको स्थापना हुनसक्ने ठोकुवा गर्नुभयो। एकातिर सङ्घीता भन्ने अर्कातिर स्थानीय जनताको अग्राधिकारमाथि... *बाँकी ८ पेजमा*

## कर्णाली पीडीएबारे क्रान्तिकारी माओवादी

१) ने.क.पा.(क्रान्तिकारी माओवादी) छिमेकी लगायत विश्वका सबै मुलुकहरुसँगको सम्बन्धलाई समानता, सहअस्तित्व र न्यायपूर्ण आधारमा स्थापित गर्न चाहन्छ। तर नेपाल र भारतवीच थुप्रै असमान सन्धि-संझौताहरु भएका छन्, जसको कारणले दुई देश वीचको सम्बन्धलाई गम्भीर असर पुगेको छ। त्यतिमात्र नभएर विस्तारवाद भारतले नेपालको सीमाना मिच्ने गरेको र नेपालको सरहदभित्रै सेना समेत तैनाथ गरेकोबाट दुई देशको सम्बन्धमा अरु प्रतिकूलता थपिएको छ। यस्तो अवस्थामा नेपाल सरकारले भारतीय कम्पनि जी.एम.आर.सँग गरेको माथिल्लो कर्णाली जलविद्युत परियोजना सम्बन्धी पी.डी.ए. संझौताले देशको जलश्रोतमाथि थप भारतीय एकाधिकार कायम हुन गएको छ। यो सरकार राष्ट्रघाति सम्झौतालाई खारेज गरी त्यस परियोजनालाई राष्ट्रिय हितअनुकूल स्वदेशी लगानी, प्रविधि र श्रमलाई प्राथामिकताका आधारमा निर्माण गरिनु पर्दछ र त्यसो गर्न सकिन्छ भनेर हाम्रो पार्टीले सुरुदेखि नै सङ्घर्ष गर्दै आएको हो र पार्टीको यो नीति कायमैछ।

२) सत्तामा बसेका आत्मसमर्पणवादीहरुले भारतसँगको असमान कोशी, गण्डकी र महाकालीसहितका असमान सन्धि-संझौताहरुको विरोध गर्ने राष्ट्रियतापक्षधर शक्ति र जनतामाथि विकास विरोधी आरोप लगाएकै हुन्। तर इतिहासले के साबित गरिदिएको छ भने ती सन्धि, सम्झौताहरुबाट नेपालका लागि कुनै हित भएन, केवल सत्ताधारीहरुको स्वार्थ सिवाय। आज पनि माथिल्लो कर्णाली जलविद्युत परियोजनासम्बन्धी पी.डी.ए. सम्झौताको विरोधीहरुलाई विकास विरोधी भनेर राष्ट्रघाति कार्यको ढाकछोप गरिदैछ। सरकारले गरेको यो संझौताको विरोध गरेर हामीले जुन माथिल्लो कर्णाली बचाउ अभियान सुरु गरेकाछौं त्यो राष्ट्रिय हितका पक्षमा एउटा कोशेढुंगा हुनेछ भन्ने कुरो भोलिको पिंढीले देख्ने छ।

३) आज यस अन्तरकृयात्मक कार्यक्रममा आउनु भएका विज्ञहरु र यसलाई नजिकबाट नियाली रहनु ... *बाँकी ४ पेजमा*

## सुकुम्बासीमाथि भएको ज्यादतीको जिम्मा माकेले लिनुपर्छ : क्रान्तिकारी माओवादी

◆ **वर्गदृष्टि संवाददाता**

मिथिला। सर्लाही जिल्लाको धरहरा क्षेत्रमा पर्ने ढुंग्रेखोलामा सुकुम्बासी किसानमाथि गरिएको ज्यादतीको जिम्मा माओवादी केन्द्रले लिनुपर्ने नेकपा (क्रान्तिकारी माओवादी) मिथिला राज्यले जनाएको छ। नेकपा (क्रान्तिकारी माओवादी) का मिथिला इन्चार्ज कृष्णदेव सिंह दनुवारले एक विज्ञप्ती जारी गर्दै यस्तो दावी गरेका हुन्।

असार २३ गते जारी गरिएको प्रेस विज्ञप्तीमा नेपाल सरकार तथा माओवादी केन्द्र मातहतका गृहमन्त्रालय र वनमन्त्रालयले राज्यशक्तिको दुरुपयोग गर्दै बर्षौदेखि बसोबास गर्दै आएका सैयौं सुकुम्बासी परिवारमाथि अमानवीय रुपमा बर्बर दमन गरेको भन्दै घाइतेको उपचार र नष्ट गरिएको बालीको क्षतिपूर्ति तत्काल व्यवस्था गर्नुपर्ने माग गरिएको छ। विज्ञप्तीमा भनिएको छ, “वनमन्त्रालय र गृहमन्त्रालयको निर्देशनमा जनपद र सशस्त्रका ७०० प्रहरी जवान परिचालन गरेर सुकुम्बासी किसानमाथि सैयौं राउण्ड गोली र अश्रुग्यास प्रहार गर्दा चार जना सुकुम्बासी गोली लागी सख्त खाइते भएको र अन्य ४५ जना लाठी प्रहारबाट घाइते भएको घटनाप्रति हामी घोर भर्त्सना गर्दछौं।” तत्काल क्षतिपूर्ति र घाइतेको उपचारको व्यवस्था नगरिए त्यसबाट उत्पन्न परिस्थितिको जिम्मा माके र सरकारले लिनुपर्ने चेतावानी विज्ञप्तीमा दिइएको छ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) सर्लाही जिल्ला संगठन समितिको तर्फबाट बलराम न्यौपानेले एक विज्ञप्ती जारी गर्दै सो घटनाका घाइतेको उपचार र नष्ट पारिएको बालीको क्षतिपूर्तिको व्यवस्था गर्न माग गरेका छन्। वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरुको वैकल्पिक व्यवस्था नगरी मुखमै पर्न लागेको अन्नबाली नष्ट गरेर राज्यले अमानवीय चरित्र प्रदर्शन गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ।

**प्रतिरोधमा उत्रने सुकुम्बासीहरुको चेतावानी**

सरकारले सुकुम्बासी किसानहरुमाथि गरेको दमनका विरुद्धमा आयोजित पत्रकार सम्मेलनमा... *बाँकी ८ पेजमा*

## तीन महिनामा १२१ बाढी पहिरो, ४७ को मृत्यु, १६ बेपत्ता

◆ **वर्गदृष्टि संवाददाता**

**काठमाडौं।** नेपाल सरकार गृहमन्त्रालयले जनाए अनुसार बैशाखयता मुलुकका विभिन्न ढाउँमा गएको बाढी पहिरोमा परी ४७ जनाको मृत्यु हुनुका साथै १६ जना बेपत्ता भएका छन्। यस अवधिमा देशभर १२१ वटा बाढी पहिरोका घटना घटेका छन् भने १ सय ३८ घर पूर्ण क्षति हुनुका साथै एक सय ६० मा आंशिक क्षति पुगेको स्रोतले जनाएको छ।

प्राप्त जानकारी अनुसार बाढी पहिरोबाट भूकम्प प्रभावित जिल्लाहरु बढी प्रताडित भएका छन्। सिन्धुपाल्चोक, नुवाकोट, गोर्खा, धादिङ, लमजुङ लगायतका जिल्लामा बाढी पहिरोको प्रकोप बढी देखिएको छ भने सल्यान, रोल्पा, सिन्धुली, गुल्मी, लगायतका जिल्लाहरु पनि प्रभावित भएको छन्। पहिरोका कारण अवरुद्ध अरनिको राजमार्ग, दार्चुला, कर्णाली, पासाङ राजमार्ग खुलाउने प्रयास भइरहेको पनि गृहमन्त्रालय स्रोतले जनाएको छ।

**भोटेकोशीको बाढीले गऱ्यो अरबौंको क्षति**

चीनको तिब्बतदेखि नेपालको सिन्धुपाल्चोक हुँदै बग्ने भोटेकोसी नदीमा मंगलबार बेलुकी अबेर गएको बाढीका कारण निकै अरबौंको सम्पत्तिको क्षति भएको छ। अहिलेसम्म ६७ वटा पक्की घरहरु भोटेकोसीले बगाइसकेको छ। एउटा स्कूल, ३ वटा टिप्फर गाडि बगाएको छ भने बाहृविसेदेखि लिपिङ बजारसम्मको बाटो पूर्णरुपले क्षतिग्रस्त बनेको छ। विनाशकारी भूकम्पको कहरबाट राहत महसुस गर्न नपाउँदै भोटेकोशीले निम्त्याएको विपत्त व्यहोर्न भोटेकोशी किनारका बासिन्दाहरु विवश छन्।

**जोखिम अझ बढ्न सक्ने**

यस वर्षको मनसुनको समयमा गतवर्षको तुलनामा बढी वर्षा हुने पूर्वानुमान गरिसकिएको छ। यसले मुलुकभर बाढीपहिरोको जोखिमलाई बढाउने प्रस्ट पार्दछ। स-साना खोला र नदीमा बाँध वा पर्खाल लगाएर बाढीको ... *बाँकी ८ पेजमा*

## नेपाली क्रान्तिमा नयाँ र पुरानोको बहस

नेपाली क्रान्तिमा लामो समयदेखि नयाँ र पुरानोको बहस चल्दै आएको छ। यो बहस कुनै बेला नयाँ र पुरानो विचार, कुनै बेला नयाँ र पुरानो सत्ता, कुनै बेला नयाँ र पुरानो शक्ति, अनि कुनै बेला नयाँ र पुरानो पुस्ताका बारेमा समेत चल्ने गरेको छ। त्यत्तिमात्र होइन, यो बहस पुरानोलाई नयाँ र नयाँलाई पुरानोको रुपमा प्रस्तुत गर्ने हिसाबले पनि चल्दै आएको छ। सारमा यो बहस राजनीतिक मात्र होइन, दार्शनिक बहस पनि हो।

दार्शनिक फाँटमा नयाँ र पुरानोका बिच सङ्घर्षको प्रश्नले विशेष महत्व राख्तछ। द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनअनुसार हरेक वस्तु, घटना, समाज र चिन्तनको क्षेत्रमा नयाँ र पुरानोका बिचमा सङ्घर्ष चल्दछ र यस सङ्घर्षमा अन्ततः पुरानोमाथि नयाँले विजय प्राप्त गर्दछ। यो भौतिकवादी द्वन्द्ववादको सार्वभौम नियम हो। कुनै बेला नयाँ र पुरानोको सङ्घर्षमा नयाँको हार र पुरानोको जीत पनि हुने गर्दछ। परन्तु, त्यो अस्थायी कुरा हो।



मोहन वैद्य ‘किरण’

हाम्रो पार्टीमा महान् जनयुद्धको प्रक्रियामा जडसूत्रवादको विरोध र नवीनता, मौलिकता तथा सिर्जनशीलताको पक्षमा निकै सशक्त आवाज उठ्यो। सिद्धान्ततः कुरा ठीकै नै थियो। परन्तु, त्यो काम कुन कोणबाट गरिएको थियो, त्यो बेला कुरा त्यति स्पष्ट थिएन। जडसूत्रवादको विरोध र नवीनता, मौलिकता तथा सिर्जनशीलताको पक्षपोषण मार्क्सवादी कोणबाट गरिनु राम्रो कुरा हो, परन्तु अनुभववादी अर्थात् दक्षिणपन्थी संशोधनवादी कोणबाट गरिनु भने नितान्त बेठीक हो। आखिर त्यस्तै भएको रहेछ। यो कुरा समय बित्दै जाँदा स्पष्ट हुँदै गयो।

नयाँ र पुरानोका बिचको सङ्घर्ष र त्यसबारेको बहसको क्रममा सम्बन्धित विषयको अन्तरवस्तुसहित सारतत्व र दृष्यरूपका बिचको द्वन्द्वात्मक सम्बन्धमा ध्यान दिनुपर्दछ। इतिहासमा हामी रूपमा नयाँको पक्षपोषण र पुरानोको विरोध गर्ने परन्तु सारमा नयाँको विरोध र पुरानोको पक्षपोषण गर्ने प्रवृत्तिद्वारा निकै ग्रसित रहिआएका छौं। यसबारे केही उदाहरण दिनु उपयुक्त नै होला।

महान् जनयुद्धको प्रक्रियामा पुरानोको विरोध र नयाँको पक्षपोषण गर्ने नाममा पार्टीको केन्द्रीय समितिको एउटा बैठकमा “एक्काइसौं शताब्दीमा जनवादको विकास” सम्बन्धी प्रस्ताव आयो। सो प्रस्ताव जडसूत्रवादको विरोध र मार्क्सवाद-लेनिनवाद-माओवादको सिर्जनात्मक विकास र क्रान्ति सम्पन्न गर्ने तथा प्रतिक्रान्ति रोक्ने आवरणमा आएको थियो। त्यसबारे धेरै बहस भएन। छलफलका लागि मस्यौदा प्रस्तावको रूपमा त्यसलाई पारित गरियो। आखिर, दक्षिणपन्थी नवसंशोधनवादका बीजाङ्कुर त्यहीं नै रहेछन्। यो कुरा धेरैपछि आएर मात्र स्पष्ट भयो। यो नयाँ र पुरानोका बिचको बहसको पहिलो परिणति हो।

त्यसैगरी, केही समयपश्चात् केन्द्रीय समितिकै अर्को बैठकमा अग्रगामी राजनीतिक विकासको आवरणमा कार्यनीतिक नाराका रूपमा लोकतान्त्रिक गणतन्त्रको प्रस्ताव प्रस्तुत तथा पारित गरियो। त्यस बैठकमा त्यसबारे कुनै उल्लेखनीय विवाद भएन। लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात् नयाँ जनवादी क्रान्तिको दिशामा नै अगाडि बढ्ने कुरा बताइयो। केही समयपश्चात् जब साँच्चै लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो र अब नयाँ जनवादतर्फ अगाडि बढ्नुपर्छ भन्ने कुरा आयो, त्यो बेला त्यसतर्फ ध्यानै दिइएन। अन्त्यमा लोकतान्त्रिक गणतन्त्रका खातिर नयाँ जनवादी गणतन्त्रलाई बलि चढाइयो र पुँजीवादी जनवादी क्रान्ति मूलतः सम्पन्न भइसक्यो भनियो। यो नयाँ र पुरानोको बहसको दोस्रो परिणति हो।

माओवादी आन्दोलनभित्रकै कतिपय नेता भन्न थाले - अब मार्क्सवाद मात्रले पुग्दैन, त्यसमा केही मिसाउनुपर्छ। अनि मार्क्सवाद र नवउदारवादलाई मिसाई नयाँ विचार बनाउने र त्यसै आधारमा नयाँ शक्तिको निर्माण गर्ने कुरा उठाइयो। अनि कतिपय नेताहरू कम्युनिस्ट आन्दोलन, ... *बाँकी ८ पेजमा*

## सम्पादकीय

# दीर्घकालीन नीति तथा कार्यक्रम सार्वजनिक गर

नेपालको सरकारले अहिलेसम्म जनताको मन छुने र आवश्यकतालाई सम्बोधन गर्ने गरी दीर्घकालीन नीति तथा कार्यक्रमहरु सार्वजनिक गर्न सकेको छैन । केही पञ्चवर्षीय योजनाहरु बाहेक राष्ट्रिय योजना आयोगका पनि रणनीतिक र दीर्घकालीक योजनाहरु बनेका छैनन् । तर जनताका आकाङ्क्षा र आवश्यकता सम्बोधन गर्न तत्कालका टाकटुके कामहरु गरेर मात्र पुग्ने देखिदैन ।

राजनीतिका हिसाबले निकै सामरिक रणनीतिक महत्वको स्थानमा छ नेपाल । यो कुरा नेपाल स्वयम्का लागि कुनै अप्ठेरो समस्या वा दुर्भाग्य होइन । बरु अवसर हो, त्यो पनि रणनीतिक महत्वको । यहाँ आवश्यकता छ त्यो महत्वलाई आत्मसात् गरेर श्रेष्ठतम् वुद्धिमताको विकास गरी नेपाल र नेपालीलाई उँभो लगाउने । त्यसैले रणनीतिक महत्वका राष्ट्रिय दीर्घकालीन नीति तथा कार्यक्रमको जरुरी परेको हो । त्यो अन्तर्राष्ट्रिय कुटनीतिक, दौत्य तथा मैत्रीसम्बन्धभित्र पर्दछ ।

अर्को महत्वपूर्ण कुरा 'ग्लोबल वार्मिङ' को निकै ठूलो असर पर्दैछ नेपालमा । यसका लागि समयमा नै उच्च सतर्कता अपनाउनु अति जरुरी छ । हिमालय पग्लनु, हिमताल फुट्नु, क्रमशः हिमाल काला पहाडमा परिणत हुँदै जानु, मूलहरु सुक्नु र अतिवृष्टि, अनावृष्टि तथा खण्डवृष्टि जस्ता विषमताका कारणले झेल्दै आएको बाढी, पहिरो आदिहुँदै मरुभूमीकरण हुनु आदिजस्ता समस्या टड्कारो रुपमा देखा परिरहेका छन् । यसबाट बचाउका लागि नीतिगत तथा कार्यक्रमिक सोचहरु सार्वजनिक गरिनु जरुरी छ ।

तेस्रो महत्वपूर्ण कुरा, हिमालय अब निरन्तर भूकम्पको चपेटामा पर्दै गइरहेको छ । तिब्बतीय तथा भारतीय टेक्टटोनिक प्लेटहरु एकअर्कामा जुध्द र टक्कराउँदै गइरहेका छन् । यसको परिणति भनेको नेपालमा हुने अकल्पनीय क्षति नै हो । यसका लागि दीर्घकालीन नीति तथा कार्यक्रमको खाँचो छ ।

चौथो महत्वपूर्ण कुरा, नेपालको आर्थिक वृद्धिदर निकै कम र जनसङ्ख्याको वृद्धिदर निकै नै बढि छ । बढ्दो जनसङ्ख्याका लागि संविधानतः उल्लेख गरिएका गास, बास, कपास, शिक्षा र स्वास्थ्यका मौलिक हकअधिकार कसरी ग्यारेन्टी गर्ने ? बोलेर दिए भनेर मात्र हुनेवाला त छैन । दिएका कुरा पुर्याउने पनि कसरी ? त्यसका लागि दीर्घकालीन सोच, नीति तथा योजना कार्यान्वयन गर्ने मनसायले घोषणा गरिनु पर्छ ।

पाचौं कुरा, विदेशमा गएर काम गरिरहेका नेपालीहरुलाई अघोषित सेनाको रुपमा रोजगारदाताहरुले प्रयोग गरिरहेका छन् । यसले एक त नेपालीहरुको ज्यान निकै असुरक्षित र जोखिमपूर्ण बनाएको छ, दोस्रो कुरा, विदेशी जनमत नेपालीविरोधी बन्दै गइरहेको छ । यसले निकट भविष्यमा नेपालमाथि कहालीलाग्दा आक्रमणहरु निम्त्याउने छ । साथै, अमेरिकी सैन्य गठबन्धन लगायतका विदेशी शक्तिहरु खुलेआम नेपाल प्रवेश गर्ने अवसर सिर्जना हुने छ । त्यसैले पहिलो कुरा त स्वदेशमा नै रोजगारीको व्यवस्था गरी युवालाई विदेश जानबाट रोक । अर्को कुरा, अघोषित रुपमा सेनाको काम गर्ने/गराउने वा विदेशी लडाकू सेनाहरुको सेवा वा सहयोगसँग सम्बन्धित काममा जान निषेध गर । त्यसका लागि तात्कालीन तथा दीर्घकालीन नीति सार्वजनिक गर ।

छैटौं कुरा, नेपाल अब मानवीय रुपमा डम्पिङ साइट बन्न गइरहेको छ । विदेशमा भएका सारा रोगहरु विदेशिएका नेपालीहरु मार्फत् नेपाल भित्रिदै छन् । शारीरिक रुपमा घाइते अपाङ्ग स्वदेशमा नै फर्कने छन् । यी सबैको व्यवस्थापन गर्न तिनको रगतको रेमिटेन्स खाएर मताइरहेको यो सरकार सक्षम छ ? यसले कहिल्यै यसो पनि हुनसक्छ भनेर कल्पनासम्म गरेको छ ?

त्यसैले सत्तामा गएर देश बेचेर आएको अनि रगतले रेमिटटेन्सबाट पाएको बजेट खान लुछाचुँडी गर्न भन्दा रणनीतिक महत्वका दीर्घकालीन नीति तथा कार्यक्रम बनाउनतिर पो लाग्नुपर्छ कि ?

# आफ्नो लक्ष्यमा अगाडि बढ्नु आजको आवश्यकता हो

विश्व मानचित्रमा जतिबेलादेखि मानव जातिको उत्पत्ति भयो, त्यसबेलादेखि नै विविध तहका संघर्षका बीचबाट मानिसहरुको चेतनामा पनि विकास हुँदै आयो । पशुभन्दा मानिसको चेतना फरक त रह्यो तर ती मानिसमा विकास भएको चिन्तन वा विचार केहीमा सकारात्मक केहीमा नकारात्मक तवरबाट रहँदै आयो । नकारात्मक सोच राख्ने मानिसहरुले आफ्नै समाजभित्रका आफूजस्तै मानिसहरुलाई शोषण, दमन र उत्पीडनका विविध खाले हथकण्डा अपनाउँदै आए । यही विन्दुबाट मानव समाज दुईवटा वर्गमा विभाजित हुन पुग्यो । मानव उत्पत्तिदेखि यहाँसम्म आइपुग्दा मानव समाजमा वर्गीय, लिंगीय, जातीय, क्षेत्रीय, धार्मिक, भाषिक लगायत उत्पीडनका विविध प्रकारका रुपहरु देखा पर्दै आइरहेका छन् । यी सबै प्रकारका उत्पीडनको मूल आधार भनेको वर्गीय विभेद नै हो । वर्गीय उत्पीडनका विरुद्ध सुरुदेखि नै विविध प्रकारका संघर्षहरु/क्रान्तिहरु हुँदै आएता पनि यतिवेलाको विश्वमा वर्गीय उत्पीडनको सही समाधान भनेको मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक जगमा उभिएर गरिने भीषण वर्गसंघर्षद्वारा गरिने राज्यसत्ताको परिवर्तन नै हो । त्यो लक्ष्य हासिल गर्न सर्वहारावर्गले योजनाबद्ध तवरबाट क्रान्तिको सुरुवात गर्नु र त्यसलाई पूरा गर्नु हो । मार्क्सवाद-लेनिनवाद-माओवादले विकास गरेका वैज्ञानिक आधारहरु अब विचारमा मात्र होइइन, त्यो त वर्गसंघर्षको भट्टीमा खारिदै र आफूलाई विकसित तुल्याउँदै व्यवहारतः पुष्टि गर्दै आएको विषयवस्तु हो । जुन विषय सत्य र तथ्यमा आधारित छ ।

पशुको भन्दा मानिसको चेतना विकसित भएका कारण मानिसले स्वभाविक रुपमा समाजमा भएका सकारात्मक तथा नकारात्मक विषयवस्तुलाई नियालेर हेर्छ, त्यसलाई बदल्नका खातिर संघर्ष गर्छ । यो त सामान्य नियम नै हो । यही नियम मुताविक दास युग जस्तो अत्यन्तै वर्वरतापूर्ण युगमा दासदासीहरुले गरेको विद्रोह सामन्तवादी युगमा किसानहरुले गरेको विद्रोह र पुँजीवादी युगमा सर्वहारा मजदुर वर्गले गरेको विद्रोह वास्तवमा सामान्य थिएनन् । तिनै विद्रोहहरुले नयाँ नयाँ विषयवस्तु प्रतिपादन गर्न कैयौं विद्वानहरुलाई सजिलो बनाइदियो । कैयौं वैज्ञानिकहरुले नयाँ नयाँ विचारहरु प्रतिपादन पनि गरे । संघर्षको यही परिफेरिबाट मार्क्स, एंगेल्सजस्ता महान वैज्ञानिकहरुले मार्क्सवादजस्तो गहन वैज्ञानिक विचार प्रतिपादन गरेर सन् १८४८ मा कम्युनिष्ट घोषणा पत्र जारी गर्नुभयो । सन् १८४८-१९४९ सम्मको १०१ वर्षको अवधिमा विश्वका सर्वहारावर्गले मार्क्सवादको वैचारिक जगमा टेकेर गरेको सशस्त्र विद्रोहले वास्तवमा एक प्रकारको उथलपुथल ल्याइदियो । हातहतियारको वलमा टिकेको पुँजीवादी वर्गको राज्यसत्तालाई हतियारवद्ध विद्रहोहरुले समाप्त बनाए०र त्यसका ठाउँमा सर्वहारावर्गीय सत्ता सान्दाररुपमा स्थापना गरेर देखाइदिए । जुन देशहरुमा सर्वहारावर्गले सत्ता आफ्नो हातमा लिए ती देशहरुमा वनेको संविधान, ऐन, कानुन, नियम नत सर्वहारा उत्पीडित वर्गका विरुद्ध बने न त समाजमा वर्गीय, लिंगीय, जातीय, क्षेत्रीय, धार्मिक वा भाषिक कुनै पनि प्रकारका विभेदकारी सम्बन्धले कतै स्थान पायो । मानव समाजका निमित्त वास्तवमा नै एउटा उत्कृष्ट सामाजिक समाज बन्न पुगको थियो ।

मार्क्सवादको उदय भएको सन् १९४८-२०१६ सम्मको अवधि भनेको १६८ वर्षको अवधि हो । पुँजीवादी विचार उदय भएको तुलनामा १६८ वर्ष केही होइन । यसको अवधि छोटो नै हो । छोटै अवधिमा पनि भीषण वर्गसंघर्षले सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै मार्क्सवादलाई आज विकसित तुल्याउँदै लेनिनवाद र माओवादका रुपमा आफूलाई स्थापित गरेको छ।मार्क्सवाद-लेनिनवाद-माओवाद जस्तो वैज्ञानिक सिद्धान्तलाई आजको दुनियाँका सर्वहारावर्गका सच्चा प्रतिनिधिहरुले अझै विकास गर्न आवश्यक छ । सन् १९७६ मा माओको मृत्युपश्चात जसरी सर्वहारावर्गको आन्दोलनभित्र घुसेका दक्षिणपन्थी संशोधनवादीहरुले मालेमावादको सिद्धान्त संशोधन गरेर भुत्ते बनाउनेदेखि सर्वहारावर्गको राज्यसत्तालाई क्रमशः बदलेर नजानिदो तवरबाट पुँजीवादमा पतन गराउन सफल भए । दक्षिणपन्थी संशोधनवाद होस् या छद्म अवसरवाद होस्, तिनीहरुको भ्रमका कारण विश्वस्तरमा सर्वहारावर्गीय आन्दोलन कमजोर जस्तो देखिन पुगेको छ ।



दिनेश शर्मा

यतिवेला सर्वहारावर्गले बुझ्नै पर्ने विषय यहीनिर छ । किनिकि, एकातिर अवको सर्वहारावर्गीय अभिभारा पूरा गर्न मालेमावादको विकास गर्न आवश्यक छ भने अर्कोतिर कम्युनिष्टका नाममा केहीले आफ्नो मार्गदर्शक सिद्धान्त मार्क्सवाद हो भनेर कतिपयले मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद त कतिपयले मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो भनेर सर्वहारावर्गलाई भ्रमित पारिरहेका छन्, ठगिरहेका छन् र सर्वहारावर्गको क्रान्तिको गला नजानिदो तवरबाट रेटीरहेका छन् । त्यतिमात्र होइन, कतिपय सिर्जनात्मकताका नाममा मार्क्सवादका आधारभूत विषयवस्तुलाई पुरानो बताएर होस् वा जनताको कुरा गरेर होस्, जसरी हुन्छ, मालेमालाई कमजोर बनाउन लागिरेहका छन् । विश्व सर्वहारावर्गको एउटा इकाइमा रहेको नेपाल र नेपाली सर्वहारावर्गको क्रान्ति त्यसबाट अछुतो रहने प्रश्नै भएन । उत्कर्षमा पुगेको क्रान्तिको गला रेटेर समाप्त बनाएको अवस्थामा एकातिर निराशा, अविश्वास त कायम छँदै छ । यो अवस्थामा सच्चा सर्वहारावर्गले धैर्यतापूर्वक सबै खाले अवसरवादको जमेर भण्डाफोर गर्दै नेपाली क्रान्तिको खाका कोर्नु आवश्यक छ । सर्वहारावर्ग भ्रमित बनिरहेको अवस्थामा कतिपयले सिर्जनात्मकताको नाममा मालेमाको विरोध मालेमावादकै विरोध गरिरहका छन् भने कतिपयले घुमाउरो तवरबाट सर्वहारावर्गीय क्रान्तिको विरोधमा आफूलाई उभ्याएका छन् । आफूलाई अब्बल दर्जाको ठान्ने कतिपय उपबुजुक विद्वानहरु समेत सर्वहारावर्गीय आन्दोलनमा भ्रम पैदा गर्दै मिहीन तवरबाट संशोधनको आहालमा डुब्दै गरेका अवसरवादका विरुद्ध जमेर वैचारिक, राजनीतिक संघर्षका बीचबाट आफूलाई क्रान्तिकारी सावित गर्नुको सट्टा वैचारिक बहसबाट भागेर सडकमा गएर कोलाहल मच्चाउछन् र भन्छन्- 'मलाई पहिल्यै थाहा थियो ।' यतिवेलाको वैचारिक संघर्ष कसका विरुद्ध केन्द्रित गर्ने कुराको छेउ टुप्पो थाहा नपाउने कथित बुद्धिजीविहरुको कोकोहोलो सुनेर सर्वहारावर्गहाँसिरहेका छन्।

सर्वहारावर्ग मानव समाजको सबैभन्दा इमान्दार तप्का हो । समाजमा देखिने गरी युगौंदेखि आफ्नो वर्गमाथि हुँदै आएको शोषण, दमन र उत्पीडनप्रति सर्वहारावर्ग स्पष्ट छ । तर मार्क्सवादको खोल ओडेर पार्टीभित्र घुसेका छद्म प्रकारको अवसरवाद समयमा ठम्याउन नसक्नु कसैको पाप होइन । बरु थाहा पाएर पनि समयमा संघर्ष नगर्नु वा संघर्ष गर्नबाट भागेर ठूलो ठूलो स्वरले कराउनु, चौतर्फी मुक्का बजार्दै हिड्नु भन्नै क्रान्तिकारी होइन । वर्ग दुश्मनका विरुद्ध भौतिक रुपमा जमेर लड्नु मात्र होइन, पार्टीभित्र र बाहिरका सबैखाले अवसरवादका विरुद्धको सैद्धान्तिक संघर्षमा जमेर धैर्यतापूर्क लड्नु सबै प्रकारका अवसरवादलाई परास्त गरेर क्रान्तिकारी पंक्तिलाई एकताबद्ध तुल्याउनु क्रान्तिकारीहरुको वास्तविक पहिचान हो । मार्क्सदेखि माओसम्मका महान गुरुहरुले सबैखाले अवसरवादका विरुद्ध जमेर धैर्यतापूर्वक सैद्धान्तिक संघर्ष गरेर क्रान्तिकारी पंक्तिलाई एकताबद्ध पारेका थिएनन् भने यति बेला न त वर्गसंघर्षबाट खारिएको मालेमावादको मार्गदर्शक सिद्धान्त हुने थियो न त सर्वहारावर्गले सत्ता प्राप्त गर्न नै सक्थे । अपरिपक्वता, अधैर्यता सर्वहारा क्रान्तिको साधक होइन, बरु घातक नै हो । हाम्रो जस्तो निम्न मध्यम वर्गीय समाजबाट आएका सर्वहारावर्गीय नेता हुन् वा कार्यकर्ता प्रायमा अधैर्यता हुन्छ नै । त्यसैले सच्चा सर्वहारावर्गका प्रतिनिधिले सर्वहारावर्गीय विचारलाई हावी बनाइरहन सबैभन्दा पहिले आफूसँग भएको गलत चिन्तन र प्रवृत्तिका विरुद्ध लड्ने साहस गर्न आवश्यक छ । निम्न मध्यमवर्गीय अधैर्यताले अर्ध अथवा छिपछिपे ज्ञानलाई पूर्ण ठान्ने, दम्भ, घमण्ड, असहिष्णुता विषयहरु प्रदर्शन गर्ने । आफूले आफैलाई अब्बल दर्जाको व्यक्तिका रुपमा घोषणा गर्दै हिड्ने जस्ता विषयवस्तुले सर्वहारावर्गीय क्रान्तिलाई अगाडि बढाउन बाधा पारिरहेको छ भन्ने कुरा पनि भुल्न हुँदैन ।

नेपालको कम्युनिष्ट आन्दोलन २००६-२०७३ सम्मको ६७ वर्षको इतिहासलाई नियालेर हेर्ने हो भने सुरुदेखि नै एउटा तप्काबारे दक्षिणपन्थी बाटोमा अग्रसर बन्दै आयो भने अर्को क्रान्तिकारी तप्काले सुरुदेखि नै मालेमावादको मार्गदर्शक सिद्धान्तका आधारमा सर्वहारावर्गीय क्रान्तिलाई कुनै न कुनै तवरबाट अगाडि बढाउँदै आएको छ । २०२८ सालको झापा आन्दोलन होस् या लम्जुङको पूर्तिघाटमा भएको बैंक कब्जा होस् । दुवै आन्दोलनहरु आफैमा क्रान्तिकारी स्प्रिटमा आधारित थिए । तर त्यसको नेतृत्वकर्ताको अदूरदर्शिता, अधैर्यता र समग्र योजनाको अभावका कारण संघर्षले निरन्तरता पाउने त परै जाओस्, भएका उपलब्धि सबै गुमाएर अन्ततः त्यसको नेतृत्वकर्ताहरु स्वयम् आन्दोलनबाट पलायन हुनु भनेको लज्जाको विषय नै हो । निम्न मध्यमवर्गीय अधैर्यताले त्यहाँ काम गरेको देखिन्छ । एक दुईवटा कार्यवाही वा घटना घटाउने वित्तिकै प्रतिक्रियावादी वर्गले राज्यसत्ता छाडिहाल्छ भन्ने अपरिपक्वता मानसिकता त्यहाँ देखा पर्दछ । समाजको प्रतिविम्बका रुपमा त्यस प्रकारका सोचहरु आज पनि देखा परिरहेकै छन् ।

सर्वहारावर्गीय क्रान्तिलाई अगाडि बढाउन बाधकका रुपमा देखा परेको प्रवृत्ति भनेको दक्षिणपन्थी संशोधनवाद नै हो । विभिन्न रुप र रंगमा देखा पर्दै आएका दक्षिणपन्थी संशोधनवाद, नवसंशोधनवाद वा मध्यपन्थी अवसरवाद जस्ता सबै प्रकारका प्रवृत्तिका विरुद्ध संघर्ष गर्दै नेपाली क्रान्ति आफैमा सशक्त बन्दै भएको अवस्था हो । पछिल्लो चरणमा नवसंशोधनवादी वादल प्रवृत्ति अत्यन्तै घातक रुपमा देखाप¥यो । यद्यपि क्रान्तिकारीहरुको तत्परताले आज त्यो प्रवृत्ति पनि परास्त भएको छ । यसको मतलव के होइन भने अवसरवादी प्रवृत्ति, संशोधनवादी, नवसंशोधनवादी प्रवृत्तिहरु सदाका समाप्त भए । यतिवेला जनताको बहुदलीय जनवाद वा समाजवादी क्रान्तिका नाममा जनतालाई भ्रम दिने व्यापक मात्रामा कोशिस गरिरहेका छन् । अझै कोशिस गर्दै जाने छन् । यसर्थ सर्वहारावर्गले यसको निरन्तर भण्डाफोर गर्दै नेपाली क्रान्तिलाई पूर्णता दिन अथवा नयाँ जनवादी क्रान्ति पूरा गर्न मालेमावादको विकास गर्न आवश्यक छ ।

भरखरै सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी) को राष्ट्रिय भेलाले एउटा बाटो खोलेको छ । फाल्गुनमा हुने पार्टीको राष्ट्रिय सम्मेलनसम्म पुग्दा सबै तहका नेता, कार्यकर्ताहरुले अबको क्रान्तिलाई सम्पन्न गर्न कार्यदिशालाई समृद्ध बनाउन अध्ययन, अनुसन्धान र संघर्षलाई व्यवस्थित बनाउन आवश्यक छ । विविध प्रकारका अवसरवादको भ्रममा परेर होइन भ्रमित हुने होइन कि सर्वहारावर्गको मुक्तिका खातिर आफ्नो लक्ष्यमा अगाडि बढ्नु नै आजको आवश्यकता हो । यसैमा अगाडि बढौं ! यही नै हामी सबै क्रान्तिकारीहरुको कर्तव्य हो ।


## परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


## माकेमा नरहेको क्रान्तिकारी माओवादीमा प्रवेश गरेको भन्दै विज्ञप्ती जारी

**बुटवल ।** नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले अवलम्वन गरेका नीति, कार्यक्रम र सिद्धान्तप्रति दृढ विश्वास रहेको भन्दै आफ्नो नाम माओवादी केन्द्रको केन्द्रीय सल्लाकारमा राखिएको प्रति असमति रहेको रामप्रसाद पोखरेलले स्पष्ट पारेका छन् । उनले विज्ञप्ती गर्दै भनेका छन्, "माकेमा मेरो कुनै संमलग्नता नरहेको कुरा स्पष्ट गर्न चाहन्छु । साथै केहि समय पहिले तत्कालीन एमाओवादीसँग पार्टी एकताको नाममा पार्टी नेतृत्वका कतिपय व्यक्तिहरुले विचार, राजनीति र सिद्धान्तलाई पूरै उपेक्षा गरेर एकताको जुन मञ्चन गरे, त्यो वास्तवमा क्रातिकारी विचार र निष्ठाप्रति आत्मसमर्पण गरेको कुरा दिनको घाम जस्तै छर्लङ्ग छ ।" उनले भनेका छन्, "माओवादी केन्द्रले अवलम्वन गरेको दक्षिणपन्थी नव संसोधनवादी नीतिले नेपालको कम्युनिष्ट आन्दोलनलाई नै वदनाम गर्ने भएकोले त्यसको भण्डाफोर गर्दै, सही क्रातिकारी विचार बोकेको कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी (क्रातिकारी माओवादी) मा सक्रिय रहने कुरा यसै विज्ञप्ति मार्फत जानकारी गराउँदछु ।" उनले माओवादी केन्द्रभित्र रहेका क्रातिकारीहरुलाई उक्त पार्टीको गलत नीतिका विरुद्ध, विद्रोह गरेर क्रातिकारी दिशामा समाहित हुन समेत अपिल गरेका छन् ।

यसैबीच, ०४५ सालदेखि नेकपा (मशाल)को सदस्य रही एकताकेन्द्र हुँदै नेकपा (माओवादी)बाट एमाओवादी हुँदै नयाँ शक्तिको सक्रिय राजनीतिमा रहँदै आएका दुर्गादत्त शर्मा (ध्रुव आचार्य)ले सो पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । उनले नयाँ शक्ति मार्क्सवादबाट विचलित हुन पुगी उदारवादी पुँजीवादप्रतिको तीव्रतम लगावमा लागेकाले सो पार्टी परित्याग गरेको उनीद्वारा जारी विज्ञप्तीमा जनाइएको छ ।



# ‘माओवादी’ भन्दैमा सबै माओवादी हुन सक्दैनन्

**हरिभक्त कँडेल ‘प्रतीक’**
**सचिवालय सदस्य, नेकपा (क्रान्तिकारी माओवादी)**

***राष्ट्रिय भेलापछि तपाईं पश्चिमी कमाण्डको बैठक सकेर आउनु भएको छ। पार्टीको पछिल्लो विभाजनको असर कस्तो पाउनु भयो ?***

-हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) को राष्ट्रिय भेला सफलतापूर्वक सम्पन्न भइसकेपछि केन्द्रीय समितिको बैठकबाट मेरो पश्चिम कमाण्ड हेर्ने जिम्मा पऱ्यो। भेरी-कर्णाली र थारुवान राज्यका बैठकहरू सम्पन्न भइसकेका छन् र बैठकले लिएका निर्णयहरू पनि सार्वजनिक भइसकेका छन्। पार्टी विभाजनको असर स्वभाविक रूपमा पर्ने भइगयो, केन्द्रीय तहका नेताहरू नै संसदवादी कित्तामा गएपछि। तर जिल्ला र राज्यतहमा हाम्रो पार्टीको राम्रै पकड रहेको पाइयो। अहिले उत्साहका साथ जिल्लाहरूमा पार्टी पुनर्गठन र भेला/प्रशिक्षणहरू चलिरहेका छन्।

***भटाभट सङ्घर्षका कार्यक्रमहरू सार्वजनिक गर्नु भएको छ। के अब सङ्घर्षमा होमिएको हो, क्रान्तिकारी माओवादी ?***

भर्खरै सम्पन्न राष्ट्रिय भेलाको स्प्रिट र त्यससँगै पार्टी केन्द्रको नीति एवम् निर्णयले नेतृत्व र तल्ला कमिटीहरूमा उत्साहको वातावरण पैदा गरेको छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग जोडिएका प्रश्नहरूमा सङ्घर्ष उठाउन पहलकदमी बढाउँदै लान्छौं। सङ्घर्षका घोषित कार्यक्रमहरूलाई प्रभावकारीता दिन्छौं। बर्षात्को मौसम भएकाले ठूल्ठूला सङ्घर्ष तत्काल उठ्न नसकेपनि आन्तरिक तयारी र प्रचार-प्रसारका हिसाबले प्रभावकारी बनाउँछौं। ठूला र उपलब्धिमूलक सङ्घर्षको आधार खडा गर्दै अगाडि बढिरहेका छौं।

***अपर (माथिल्लो) कर्णाली जलविद्युत परियोजना भारतीय कम्पनी जिएमआरलाई दिएपछि त्यस क्षेत्रका जनतामा त्यसको असर कस्तो परेको छ ?***

माथिल्लो कर्णाली जलविद्युत परियोजना भारतीय कम्पनी जिएमआरलाई दिने सरकारी निर्णय राष्ट्रघाती भएको कुरालाई तथ्य र तर्कसंगत ढङ्गले सार्वजनिक गरिसकिएको छ। यसबारे हामी संयुक्त छँदै एकीकृत माओवादीकालदेखि नै एकल र संयुक्त प्रकारले विभिन्न सङ्घर्षका कार्यक्रमहरू उठाउँदै भारतीय कम्पनी जिएमआरसँग गरिएको राष्ट्रघाती सम्झौता पिडिएको खारेजीको आवाज बुलन्द गर्दै आएका छौं। पर्चा, पोष्टर, वालिङ, जनसभा, अन्तरक्रिया र जनपरिचालनका अझ विविध कार्यक्रमहरूले कर्णाली वरपरका जिल्लाहरूमा चेनताको व्यापक जनलहर सृजना भएको छ। अब यसले राष्ट्रिय सङ्घर्षकै रूप धारण गरिसकेको छ। तथाकथित विकासको आवरणमा भारतलाई बेच्ने राष्ट्रघाती गद्दारहरूजस्ता र शक्तिको दुरूपयोग गर्दै स्थानीयस्तरमा केही दलाल भिजिलान्तेहरू तयार पार्ने खेल पनि फाटफूट नदेखिएका होइनन्। त्यसलाई तह लगाउन जनताको संयुक्त सङ्घर्षले ती सबै भूमिगत भएका छन्। पछिल्लो पटक संसदको तर्फबाट अनुगमन गर्न गएको टोली पनि जनताको व्यापक विरोध र सङ्घर्षको प्रत्यक्ष गतिविधिबाट लुकेर आफ्नो कार्यक्रमको औपचारिकता प्रशासनको आडमा कोठामा खुम्चिन पुगेको तथ्यले राष्ट्रघातको विरुद्ध जनताको विद्रोहलाई संगठित गर्दै लगेको पुष्टि हुन्छ।

***जिएमआरको विकल्प के हुनसक्छ ? के त्यो सम्भव छ ?***

जिएमआरको विकल्प नेपाल राष्ट्रको स्वामित्व र नेपाली जनताको पनि संयुक्त लगानीमा संसारकै सबैभन्दा सस्तो, सुन्दर र सुलभ बहुआयामिक माथिल्लो कर्णाली जनविद्युत परियोजना निर्माण गर्न सकिने जलस्रोत विज्ञ, योजनाविद, विभिन्न प्रवुद्ध व्यक्तिहरू र राष्ट्रिय राजनीतिका स्थापित राष्ट्रवादी क्रान्तिकारी नेता कार्यकर्ताले पेस गरेका डाटाहरूको अध्ययनबाट स्पष्ट हुन्छ। भर्खर केही दिन अघिको माथिल्लो कर्णाली राष्ट्रिय अभियानको क्षेत्रगत कार्यक्रम र भर्खर मात्र भएको काठमाडौं बागबजारको वृहत अन्तरक्रिया कार्यक्रमले पनि तथ्यसंगत डाटाहरू पेस गरेकोले पनि राम्रो विकल्प नेपाल आफैले तयार गर्न सक्ने विषयलाई प्रमाणित गरेको छ। जसको क्षमता ४,१८० मेगावाट जलविद्युत रहेको छ। यसबारे २०७३ वैशाख महिनामा निस्केको माथिल्लो कर्णाली राष्ट्रिय अभियानको अपीलमा सरल र तुलनात्मक अध्ययनको चार्टले स्पष्ट गरेको छ। यो विकल्पले विकास विरोधी भन्नेहरू कमिशनखोर र भ्रष्टाचारीहरूलाई तथ्यसंगत झापड दिएको छ।

***स्थानीयस्तरमा संयुक्त सङ्घर्षको सम्भावना कस्तो देख्नुभएको छ ?***

प्रतिक्रियावादी संविधान, भ्रष्टचार, महङ्गी, अनियमितता, विकास निर्माणका नाममा आएका कमिशन र त्यसमा भएको गुणस्तरहीनता जस्ता विषय र राष्ट्रघात जनघात एवम् सरकारी क्षेत्रका अनुत्तरदायी गतिविधि लगायका जनवर्गका समस्यालाई लिएर एकल र संयुक्त सङ्घर्ष उठाउन सकिन्छ। यसको लागि इमान्दारीपूर्वक सम्बन्धित पार्टीहरू निष्ठाका साथ लाग्न जरुरी छ। समस्या यहींनेर हो। हामी भने यसको लागि इमान्दारी र निष्ठाका साथ सक्रिय भइ पहलकदमी लिन आवश्यक ठानेका छौं। यसबारे अरूसँग आवश्यक छलफल चलाउँछौं।

***पश्चिमको वर्ग सङ्घर्षको अहिलेको स्थिति कस्तो छ ? माओवादी आन्दोलनको दुई दशकमा यहाँको जनताको जीवनशैलीमा के कस्तो बदलाव आएको पाउनुभयो ?***

टेबलसङ्घर्षको क्रममा पार्टी खुला भई आएपछि तत्कालीन मूल नेतृत्व प्रचण्ड क्रमशः सम्झौता, वर्गसमन्वय, आत्मसमर्पण र पार्टी नीति र निर्णय एकातिर नेतृत्वको मनोमानी ढङ्गले अर्को र ठिक उल्टो व्यवहारमा लागेपछि पार्टी दुईलाइन सङ्घर्षबाट चलिरह्यो। क्रान्तिकारीहरूमा चौतर्फी घेराबन्दी बढ्दै जान थालेपछि दक्षिणपन्थी नवसंशोधनवादीहरूले पकड बढाउँदै लगे। क्रान्तिकारी कम्युनिस्ट धार कमजोर पर्दै गएको वर्तमान अवस्थामा वैचारिक, राजनीतिक र नयाँ जनवादी क्रान्तिका लागि सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूले विचारधारात्मक सङ्घर्षलाई दृढतापूवर्क अगाडि बढाउने सङ्घर्षका विविध अभियानात्मक कार्यक्रमहरूलाई प्रभावकारी बनाउने, गाउँ र मोफसलका बजारहरूमा जाली फटाहा र व्यभिचारीका विरुद्धका सङ्घर्षहरूले वर्गसङ्घर्षको रूपमा अभिव्यक्त हुन थालेका छन्। विभिन्न किसिमले जनवर्गका समस्याहरू राज्य र त्यसका मतियारसँग अन्तरविरोधको रूपमा टकराउँदैछन्। त्यसले आँधी आउनु अगाडि दृष्टि क्षितिजमा भएको अवस्थालाई सङ्केत गरेको छ। जसले वर्गसङ्घर्षको वातावरण बनिरहेको जनाउँछ। केवल आत्मगत रूपले यसको तयारीमा घनिभूत ढङ्गले लाग्न जरुरी छ।

वर्गसङ्घर्षको उच्चतम अभिव्यक्तिको रूपमा रहेको महान् जनयुद्धले पैदा गरेको चेतना र उपलब्धिहरू संस्थागत हुन नसकेपछि प्रतिक्रान्ति हावी भएको क्रान्तिको नाममा लुकेका अवसरवादी दलाल र नाइकेहरूको एउटा समूह नवधनाढ्य वर्गमा बदलिएको छ। इमान्दार क्रान्तिकारी नेता कार्यकर्ता जनता झन्झन् आर्थिक सङ्कट र अप्ठेरोमा परेको अवस्था हो। प्रतिक्रियावादी वर्ग र अवसरवादसँग साँठगाँठ गरी व्यक्तिगत स्वार्थमा तल्लीन मुट्ठीभर केही व्यक्तिहरू बाहेक अरूहरूको जीवनस्तर झन्झन् खस्किंदो, पट्यारलाग्दो निम्न वर्ग र अर्धसर्वहाराको संख्या बढ्दो छ। बहुसंख्यक जनताको जीवनस्तर कहालीलाग्दो गरिबीको दिशातिर धकेलिएको छ। दलाल, नोकरशाही, पुँजीपति र सामन्त वर्ग एवम् नवोदित दलालहरू फस्टाउँदै गएका छन्।

***राष्ट्रिय भेलापछि जनता र कार्यकर्तामा कत्तिको उत्साह पैदा भएको पाउनुभयो ?***

प्रतिक्रियावादी र अवसरवादीहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय, भित्री र बाहिरी घेराबन्दीको बीचबाट राष्ट्रिय भेलाले विचारधारात्मक सङ्घर्षमा आन्तरिक रूपमा देखा परेका थुप्रै भ्रमहरू चिर्न सफल रहेको, क्रान्तिका लागि वस्तुगत अवस्था अनुकूल बन्दै गएतापनि आत्मगत अवस्थामा आएको ह्रासलाई केही मल्हमपट्टी लगाउन सफल भएको छ। त्यसले कार्यकर्ता र क्रान्तिकारी समुदायमा केही उत्साहित गरेको छ। मालेमावादी सिद्धान्त र त्यसलाई नेपाली विशिष्टतामा लागू गर्न एकमात्र सच्चा कम्युनिस्ट क्रान्तिकारी धारका रूपमा नेकपा (क्रामा) दह्रोसँग उभिन सफल रहेको छ। एकताको नाममा क्रान्तिकारी धारलाई समाप्त पार्ने सम्पूर्ण राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरू षड्यन्त्रहरु जसको मतियारको रुपमा नवसंशोधनवादीहरु अगाडि आएका थिए, असफल भएका छन्। दीर्घकालीन दृष्टिले यसप्रकारको विजयको विशेष ऐतिहासिक महत्व छ। देशव्यापी रूपमा यसको प्रभाव रहनुले साम्राज्यवाद र संसदवादका गोटी बन्न पुगेका नवसंशोधनवादका पुच्छर बादल कम्पनी एकताको नाममा अवसरवादको रत्यौलीको रूपमा उदाङ्गिएको छ। जसको भविष्य एमालेमा विलय वा विसर्जनमा टुङ्गिने छ। देशव्यापी रूपमा सङ्गठनको सञ्जाल र भारत र प्रवासमा समेत सबैतिर पार्टीको उपस्थिति रहेकोले त्यसको विस्तारको सम्भावना देखिएको छ। कार्यदिशाको प्रश्नमा रहेको अस्पष्टतालाई थप स्पष्ट पारेको छ। अब हामी कसरी अगाडि बढ्छौं भन्ने बारेमा द्विविधाको अन्त्य गरेकोले कार्यकर्ता र क्रान्तिकारी जनसमुदायमा थप उत्साह पैदा गरेको छ। राष्ट्रिय भेला सफलतापूर्वक सम्पन्न हुनु मुख्य कुरा कार्यकर्तालाई उत्साहित गर्नु पनि हो।

***नेपालको कम्युनिस्ट आन्दोलनका चुनौती र सम्भावनाबारे केही बताइदिनुहोस् न।***

कम्युनिस्ट आन्दोलन एकातिर साम्राज्यवाद हाम्रो सन्दर्भमा मुख्यतः भारतीय विस्तारवादले खडा गरेका हरेक क्षेत्रका चुनौती एवम् प्रतिक्रियावादकै अभिन्न अङ्ग बन्न पुगेको दक्षिणपंथी संशोधनवादी हावाहुरिका विरुद्धको सङ्घर्ष नै प्रमुख चुनौती हो। अर्को प्रतिक्रियावाद र अवसरवादी प्रभावबाट मुक्त स्वतन्त्र क्रान्तिकारी धारको निर्माण र विकास गर्ने चुनौती हो। यसका विरुद्ध विविध प्रकारका वर्ग सङ्घर्ष र दुइलाइन सङ्घर्ष चल्दै आएको छ। यही पृष्ठभूमिलाई क्रान्तिकारी कार्यदिशाको आन्दोलनमा वर्गसङ्घर्षका विविध रूपहरूको प्रयोग गर्दै नेपालको विशिष्ट र विशेषताको ख्याल गरी सृजनात्मक ढङ्गले वर्गसङ्घर्षको प्रयोगले सशस्त्र जनविद्रोहको कार्यदिशालाई थप समृद्ध गर्न सकिन्छ। जसको प्रयोगबाट अहिले देखापरेको निराशा र अविस्वासलाई चिर्दै आशा र विस्वासमा बदली नयाँ जनवादी क्रान्तिको खुट्किलो पार गर्न सकिने सम्भावनालाई सन्निकट बनाउन सकिन्छ।

***राष्ट्रिय भेलाले पारित गरेको कार्यदिशा, कार्यनीति र कार्ययोजनाको बारेमा प्रकाश पारिदिनुहोस् न।***

यो प्रश्नले व्यापक विषय र महत्वलाई ओगटेको छ। छोटो अन्तर्वार्तामार्फत् सुक्ष्म प्रकाश पार्न सम्भव नहोला तथापि छोटकरीमा भन्नुपर्दा - कार्यदिशा भन्नाले राजनीतिक र सामरिक कार्यदिशालाई बुझाउँछ। नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने राजनीतिक कार्यदिशा हो। जसको उद्देश्य समाजवाद र साम्यवाद प्राप्तिका लागि आधार खडा गर्नु हो। यसलाई प्राप्त गर्ने सामरिक रणनीति वा कार्यदिशा नेपाली विशेषतामा आधारित सशस्त्र जनविद्रोह नै हो। यी दुवैलाई समग्र कार्यदिशाको अर्थमा बुझ्नुपर्दछ। कार्यदिशालाई पछ्याउन वा त्यसको आवश्यक तयारीका लागि अपनाइने ससाना नीतिलाई कार्यनीतिको रूपमा अर्थ्याउनु ठिक हुन्छ। प्रतिक्रियावादी वर्ग र सत्ताले अपनाउने नीति र कार्यक्रमको ख्याल गरी त्यसका विरुद्ध क्रान्तिकारी कार्यदिशाको सेवामा क्रान्तिकारी वर्ग र त्यसको सङ्गठनले अपनाउने नीति कार्यनीति हो। यसले तत्कालीन हितभन्दा दीर्घकालीन हितसँग यसलाई कसरी जोड्न सकिन्छ भन्ने आधारमा सोच्ने र प्रयोग गर्ने नै कार्यनीतिको मूल सार हो। यही आधारमा प्रतिक्रियावादी संविधान र व्यवस्थाको भण्डाफोर र विरोध जनवर्गका तत्कालीन समस्यालाई लिएर गरिने सङ्घर्ष, राष्ट्रिय हितका लागि गरिने सङ्घर्ष आदि विषयका सङ्घर्ष कार्ययोजना हो। यी र यस्तै विषयमा गरिने मूर्त सङ्घर्षका कार्यक्रम र सङ्गठनका मामिला विभिन्न स्तरका भेला, प्रशिक्षण गठन-पुनर्गठनका कामलाई निश्चित अवधिमा सम्पन्न गर्ने योजना नै कार्ययोजना हो। त्यस दिशामा हामी अगाडि बढिसकेका छौं।

***क्रान्तिप्रति जनता र कार्यकर्तालाई आशावादी र विश्वास जगाउनलाई पार्टीले के के गर्न जरुरी छ ?***

अहिले देश र जनतासामु राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरू, त्यस्तै उत्पीडित वर्ग र समुदायका हकअधिकारहरू सुनिश्चित गर्नुपर्ने समस्या यथावत छन्। देश र जनतालाई कुन दिशामा डोऱ्याउने भन्ने विषयमा राज्यसँग कुनै स्पष्ट भिजन छैन। राज्यसँग यथास्थिति र तदर्थवादी एवम् संसदवादी सोच मात्र छ। त्यसले देशलाई कुनै निकास दिन सक्दैन। यसले अराजकता र बेथितिलाई नै निरन्तरता दिन्छ। यसका विरुद्ध जनवर्गका समस्याहरूलाई लिएर मूर्त ढङ्गले सङ्घर्ष उठाउने नीति हाम्रो पार्टीको राष्ट्रिय भेला र के.स.ले लिएको छ। त्यसलाई मन, वचन र कर्मले व्यवहारमा उतारेर मात्र क्रान्तिप्रति जनता र कार्यकर्ताहरूलाई आश्वस्त पार्न सकिन्छ। त्यस्तै, चुस्त र अनुशासित पार्टीको निर्माण र त्यही स्पिरिटका जबस मोर्चाहरुको निर्माण र परिचालन गर्न सकेमा हामीले जनविश्वास आर्जन गर्न सक्छौं।

***दुई विशाल छिमेकी मुलुको बीचमा अवस्थित नेपालमा ००७ साल यतादेखि नै स्वतन्त्र राजनीतिक धारको आन्दोलन उठान र बैठान हुन सकिरहेको छैन। अब गरिने जनवादी क्रान्तिमा यी दुवै देशको भूमिकालाई कसरी सन्तुलनमा राख्न सकिएला ?***

भौगोलिक रूपबाट उत्तरतर्फ चीन र बाँकी सबै दिशाबाट भारतजस्ता दुई ठूला देशको बीचमा नेपाल रहेकोले यसको भूमिकाले विशेष महत्व राख्दछ। सबै मुलुकका आआफ्ना हितका विषयहरू हुन्छन्। यसमा नेपालले आफ्नो राष्ट्र र जनताको हितलाई सर्वोपरी राखी दुई देशसँग समानताका आधारमा पारस्परिक सम्बन्ध कायम गर्न सक्नुपर्दछ। नेपालले दुवै देशका जनताबीचको सम्बन्धलाई थप सुदृढ गर्न राज्यस्तरबाट चालिने कदमलाई विशेष महत्व दिनुपर्दछ। राष्ट्रियताको नाममा दरबारपरस्त बन्ने प्रजातन्त्र वा गणतन्त्रको नाममा भारतपरस्त बन्ने प्रवृत्तिले राजनीतिक आन्दोलनलाई प्रभावित बनाएकै हो। कतिपय अवस्थामा स्वतन्त्र ढङ्गबाट आन्दोलन उठेपनि निर्णयात्मक मोडमा पुग्दा नपुग्दै जनतालाई छोडेर शक्तिको आड लाग्ने प्रवृत्तिले क्रान्तिकारी धार भुत्ते बनेको हो। १० वर्षे महान् जनयुद्ध पनि त्यसैको शिकार बन्न पुग्यो। यी र यस्ता अनुभवबाट शिक्षा लिएर नयाँ जनवादी क्रान्तिको मालेमावादी सिद्धान्त प्रयोग गर्नुपर्दछ। अन्तरविरोधहरूको सही ठम्याई र त्यसको वैज्ञानिक परिचालन (राष्ट्रिय र भारत, चीनलगायत अन्य विश्व) मात्र सन्तुलनकारी भूमिकामा लैजान सकिन्छ। यसैभित्र क्रान्तिको भविष्य छ। यदि कहीं कतैबाट स्थिति भड्कियो भने दीर्घकालीन जनयुद्धको बाटो पनि पकडेर एकैसाथ राष्ट्रियता र जनतन्त्रको लडाईलाई पूर्णता दिनुपर्दछ।

***क्रान्तिकारी माओवादीले लिएको कार्यदिशा अन्य माओवादी घटकको कार्यदिशा भन्दा सही हुनुका आधार हरूबारे संक्षिप्तमा प्रकाश पारिदिनुहोस् न।***


‘माओवादी’ भन्दैमा सबै माओवादी हुनसक्दैनन्। मुख्य कुरा यसको गहिराईमा पुगेर मात्र असली अर्थमा माओवादी को हो ? र किन हो ? भन्नेमा जानुपर्दछ। माओवादी केन्द्रको रूपमा प्रचण्ड नेतृत्वमा रहेको पार्टीको कुनै कार्यदिशा छैन। उसको जे भने पनि सरकार बनाउने र भत्काउने खेलमा रमाउने नै हो। यो संसदीय कार्यदिशाको पनि फोहोरी खेल हो। यही खेलका लागि बार्गेनिङ पावर बढाउन एकताको नाममा बादल लगायत गुटहरूलाई भित्र्याइयो। प्रतिक्रियावादी सरकारमा टाँसिइरहने मिलेराँवादको भद्दा चरित्र हुन्छ। जुन माकेले प्रदर्शन गरिरहेको छ। अर्को विप्लव माओवादीको कार्यदिशा एउटा कथा बादशाहको नयाँ लुगा जस्तै छ। किनकि यो मालेमावादी धरातलमा खडा छैन। भन्न त एकीकृत क्रान्तिको कार्यदिशा भनिएको छ। त्यो के हो ? त्यसको रणनीति, कार्यनीतिक शृङ्खलालाई कसरी व्याख्या गर्ने ? कुनै स्पष्ट धारणा छैन। कुनै तर्क र तथ्यले पुष्टि गर्न पर्दैन ? जहाँसम्म सङ्घर्षका कार्यक्रमहरू भएका छन्। ती वर्तमान समस्याका विरुद्धमा छन् तर त्यसलाई वास्तवमा कहाँ लगेर जोड्ने हो सायद विप्लव आफैलाई थाहा छैन। राज्य दमनको प्रतिरोध कसरी गर्ने ? विप्लवसँग त्यसको नीति छैन। सत्ता साझेदारीको कुरा पनि छ। यसलाई कस्तो कार्यदिशा भन्ने ? न दीर्घकालीन जनयुद्धको कार्यदिशा, न सशस्त्र विद्रोहको कार्यदिशा। अर्को मोडल चेको फोकोवादीसँग पनि मिल्दैन।

हामीले अहिलेसम्मका क्रान्तिका अनुभवहरू र स्वयं नेपाली १० वर्षे महान् जनयुद्धको अनुभवहरूको जगमा टेकेर नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशामा अगाडि बढ्ने भनेर ठोस गरिसकेका छौं। जसमा गाउँ र शहर, केन्द्र र स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय काममा सङ्गठन र सङ्घर्षका विविध रूपहरूको प्रयोग गर्ने मूर्त खाका बनाएका छौं। यसलाई राष्ट्रिय सम्मेलनसम्ममा अझै समृद्ध गरिने छ।

***अन्त्यमा छुटेका विषयहरू केही छन् भने बताइदिनुहोस्।***

क्रान्तिकारी कम्युनिस्ट सिद्धान्त र व्यवहारमा त्यसको सही प्रयोगबारे अनेकन बहसहरू चलेका छन्। कतिपय प्रतिक्रान्तिको भड्कावले निराशा र पलायनको अवस्था पैदा भएको छ। त्यसको समग्र चिरफार गरी समग्र समीक्षासहित फेरि नयाँ ढङ्गबाट निर्णयात्मक क्रान्तिको तयारीसहित क्रमभङ्गमा जानुबाहेक अर्को विकल्प छैन। क्रान्तिमा हारेको सिपाहीले लडाईको निर्मम समीक्षा गर्नसके अर्को जितको लडाई असम्भव छैन। यस दिशामा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) फेरि प्रतिबद्धतासहित मालेमावादी सिद्धान्तलाई नेपाली धर्तीमा अथक प्रयत्नसाथ सिर्जनात्मक ढङ्गले लागु गर्न चाहन्छ। यसमा आफ्नो तर्फबाट सक्दो र भरपर्दो योगदान गर्न आम क्रान्तिकारी जनसमुदायमा अपिल गर्दछु।

# क्रान्तिको गला रेट्ने खलनायकहरु



पुष्प गोपाल श्रेष्ठ

१९६३ मा भएको वृहद् शान्तिसम्झौंताको नाउँमा नयाँ जनवादी क्रान्तिले गम्भीर धक्का खाएको ऐतिहासिक शिक्षाप्रति समयमै पार्टीको ध्यान आकर्षित नभएको होइन। परन्तु त्यतिबेला कसैको चाहनासँग मिल्दोजुल्दो हुनेगरि, पार्टीका सच्चा क्रान्तिकारी धाराका विशेष व्यक्तित्व र कतिपय कार्यकर्ताहरु समेत भारतीय विस्तारवादको कोपभाजनमा परे । यही मौका छोपि, पार्टीका मूल नेतृत्व र उनका अनन्य अनुयाइहरुसमेतको दक्षिणपन्थी अवसरवादीहरुद्वारा अत्यन्तै धुर्त्याइपूर्ण तरिका अपनाई चुनूवाङगमा आयोजना गरेको पार्टीको केन्द्रीय बैठकमा ऐतिहासिक जनयुद्धको लक्ष र उद्देश्य विपरीत सिंगो पार्टीलाई गुमराहमा पारेर लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा पारित गरि ऐतिहासिक महान जनयुद्धलाई गम्भीर धक्का दिए । र, प्रतिक्रान्तिकारीहरुको मतियार बन्न पुगे । त्यसो त बृहत शान्ति सम्झौता (नामाकरण गरेको) गरे लगतै पछि जेल मुक्त भईआउनु भएका सच्चा क्रान्तिकारी नेता मोहन बैद्य किरण तथा सिपी गजुरेल लगायतका अरु कामरेडहरु, देश र जनताले, भोग्न परिरहेको त्यो प्रतिक्रान्तिबाट सिर्जित कठिन स्थितिबाट जोगाउन पार्टीले अख्यिार गर्दै आइरहेको 'एकता संघर्ष र क्रान्तिकारी रुपानतरण'को नीति अनुरुप निरन्तर ५, ७ वर्षसम्म संमयमतापूर्वक चलाइएको दुइलाइन संघर्ष र अन्तर संघर्षको समयावधिभित्र राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकामाथि एक पछि अर्को गरी झन गम्भीर खतरा उत्पन्न हुने गरी गैरजिम्मेवारी क्रियाकलाप बदाउदैं लगियो। त्यसैकारण, क्रान्तिकारी धाराका सच्चा क्रान्तिकारीहरुले वाध्य भई पार्टीलाई नयाँ पुनगर्ठन गरी क्रान्तिकारी झण्डालाई गिर्न नदिई माथि उठाउदैं आइरहेको स्थिति हो यो ।

पार्टीभित्र विशेष जिम्मेवारी पदभार सम्हाली आइरहनुभएका केही व्यक्तित्वहरु दक्षिणपन्थी नवसंशोधनवादी प्रवृत्तिका र दक्षिपन्थी अवसरवादीहरुद्वारा अत्यन्तै हाँस्यासपद पाराले नौटङकी प्रदर्शन गर्दै एउटै पार्टीमा दुईजना अध्यक्ष खडागरी पार्टी विभाजन गर्न नेतृत्वको भूमिकामा रहनुभएका बादल, नेकपा एमाओवादीभित्र ५,७ वर्षसम्म दुईलाइन संघर्ष र अन्तरसंघर्ष चलिरहदा धुलमुले नीति अपनाई आउनु भएका व्यक्ति थिए । र अन्तिम अवस्थामा पुगेर पनि एमाओवादीभित्र आफ्नो सोच अनुकूल स्थिति नबन्ने पक्का पक्की भएपछि मात्र क्रान्तिकारी धारातिर फड्को मारी आउनु भएको थियो । र, उनले त्यसरी आफुभित्र पनपनाई रहेको दक्षिणपन्थी अवसरवादीको जामा उघारी, नाङ्गो भई उभिनआउनुमा क्रान्तिकारीहरुलाई दुःख, क्षोभ र आश्चर्य लाग्ने कुरै भएन। किनभने, छद्मभेषी क्रान्तिकारीहरु लामो समयसम्म क्रान्तिकारी सोच र क्रान्तिकारी अडानमा चाहेर पनि आफुलाई लुकाएर र छुपाएर बस्न सक्दैन भन्ने कुरो क्रान्तिकारीहरुलाई थाहा नभएको कुरो होइन । तरपनि सुध्रिन्छन् कि भन्ने विश्वासले पार्टीको विशेष पदभार (कार्यभार) सुम्पेको थियो । तर विश्वासघातीले आफूभित्रको स्वरुप अन्ततः दुनियाँ सामु छरपष्ट नपारी बस्न सकेन र स्वभावैले छरपष्ट हुनपुगेको छ ।

यतिबेला देशको वस्तुगत एवम् राजनीतीक स्थिति अत्यन्तै डामाडोल अवस्थाबाट गुज्रदै छ। साम्राज्यवाद तथा विस्तारवादको इसारामा दक्षिणपन्थी संशोधनवादले मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवादी क्रान्ति र कम्युनिष्ट आन्दोलनका क्रान्तिकारी धारालाई क्षत-विक्षत पार्न र जनतालाई भ्रमित तुल्याउनका लागि अत्यन्तै निर्लज्ज ढङ्गले कसरत गर्दै, तीस वर्षीय पञ्चायती शैली (कमजोर मानसिक्ताकाहरु पद, प्रतिस्था, पैसा र बिलासितामा बिक्न चाहने र बिक्न सक्नेहरुको धुवाँधार रुपले खोजी कार्यमा व्यष्त रही) लाई पछ्याउदैं नाङ्गो रुपले उद्यत भई हिडेका छन् ।

वर्तमान स्थितिमा हाम्रो क्रान्तिकारी कम्युनिष्ट पार्टी तथा क्रान्तिकारी कम्युनिष्टहरुलाई बचाउनु (जोगाउनु)को सगैं राष्ट्रिय स्वाधीनतालाई जोगाउनु, क्रान्तिकारी युद्धको संगठन गर्नु र आम जनताको जीवनमा सुधार ल्याउनु अर्थात् जनजीविका समस्याहरुबाट मुक्त पार्नु हाम्रो प्रमुख अभिभारा हो ।

ठूल्ठूला स्थानीय अत्याचारी तथा धनाढ्य र नवधनाढ्यहरु र ठूल्ठूला नोकरशाह र दलालहरुले धेरै पहिले नै निश्चित गरिसकेका छन् । तिनीहरुले पहिलेदेखि नै भन्दै आएका हुन् र अब पनि के भन्छन् भने क्रान्ति जुनसुकै खालको भए पनि त्यो साम्राज्यवाद र विस्तारवादभन्दा खराव हुन्छ। तिनीहरुले खालि गोलमटोल भाषामा राष्ट्रिय जनवाद र राष्ट्रिय प्रजातन्त्र जस्तो क्रान्ति विरोधी माला जप्दै, क्रान्तिको जलप लगाई विश्वासघातीहरुको एउटा शिविर बनाएका छन् । तिनीहरुको निम्ति कुनै विदेशी राष्ट्रको दास बन्ने कि नबन्ने भन्ने प्रश्नै उठ्दैन, किनभने तिनीहरुले राष्ट्रियताको सारा भावना त्यागी सकेका छन् र तिनीहरुका हितहरु साम्राज्यवादका हितहरुसित अभिन्न रुपमा गाँसिएका छन् । विश्वासघातीहरुको यो शिविर नेपाली जनताका भयङकर शत्रु हुन् । विश्वासघातीहरुको यस्तो जमात नभएको भए साम्राज्यवाद तथा भारतीय विस्तारवादको आफ्नो आक्रमण यति नाङ्गो बन्न सक्ने थिएन । तिनीहरु वास्तवमा साम्राज्यवाद, विस्तारवादका पाल्तु कुकुर हुन् ।

कहिलेकाहीं शहरको खुल्ला सडकमा हिडिरहेका जनसाधारणलाई देखेर अर्थहिन तरिकाले टोललाइ नै थर्काउने गरी भुस्याहा कुकुरहरुले भुकेझैं, उदेक लाग्दो तरिकाले विश्वको उत्कृष्ट संविधान र युगान्तकारी परिर्वतन भनेर होहल्ला फिंजाइएता पनि, नेपालमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या अत्यन्तै विकराल बन्दै गइरहेका छन्। त्यसैगरि शहिद परिवार, वेपत्ता योद्धा परिवार, घाइते अपाङ्ग योद्धासहित मजदुर, किसान महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र लगायत वर्ग र जनसमुदायमाथि अझै दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गीय संसदीय प्रतिक्रियावादी राज्यसत्ता र साम्राज्यवाद तथा भारतीय विस्तारवादको उत्पीडन जारी नै छ । दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्ग वैदेशिक प्रतिक्रियावादद्वारा परिचालितै रहिआएका छन् । खासमा नेपाली जनताको मुक्ति लोकतान्त्रिक गणतन्त्र होइन, संघीय जनगणतन्त्रको स्थापनाको प्रतिक्रियाका वीचमा मात्र हुन सक्दछ।

वर्तमान समयमा क्रान्तिकारी पक्षको खास विशेषता के हो भने खारिएर स्पात झैं सुढृद भएका कम्युनिष्ट पार्टी र विचारमा परिपक्व नेता, कार्यकर्ता तथा जल्दाबल्दा युवा शक्ति विद्यमान छन् । यो निर्णायक महत्वको कुरो हो। तिनको अस्तित्व नभएको भए यो भन्दा ठूलठूला कठिनाइहरु पैदा हुने थिए । किन ? किनभने नेपालमा धेरै संख्यामा गद्दारहरु र शत्रु सहयोगीहरु छन्, तिनीहरु वैचारिकरुपले निरीह छन् तर भौतिक रुपले शक्तिशाली छन् : तिनीहरुले निश्चय नै सुढृद पार्टीलाई तोड्न र छिन्नभिन्न पारि सिध्याउनका लागि हर संभव उपाय गर्नेछन्, तिनीहरुले डर-धम्की देखाएर घूस ख्वाएर र अनेक चालवाजी गरेर फेरि पनि फूटको वीउ रोप्न कुनै कसर बाँकी राख्ने छैन। हामीले आफ्नो रगत दिएर पाएको शिक्षा के हो भने क्रान्तिकारी शक्तिहरुको बलियो आधार नभएमा क्रान्तिको पराजय हुन्छ । आज स्थिति विलकुल भिन्न छ। बाहिर (सतह) बाट हेर्दा र उनीहरुले चलाएको होहल्ला सुन्दा साँचिनै पार्टी ध्वस्त भई सिदि नै हाले जस्तो छ। तर अहिले हाम्रो साथमा हिजोभन्दा आज वैचारिक रुपले मजवुत एउटा जबर्जस्त बलियो कम्युनिष्ट पार्टी खडा छ । तर पनि हामी ज्यादै चनाखो हुनुपर्छ र पार्टीको संगठनात्मक संरचनाहरुलाई अरु मजवुत बनाउन कडाइका साथ सुदृढीकरण अभियान चलाउनु नितान्त जरुरी छ। जस्ले गर्दा ती विश्वासघाती दक्षिणपन्थी नवशंसोधनवादीहरुको मालिक साम्राज्यवादी, विस्तारवादी र प्रतिकृयावादीहरुको जस्तो सुकै मजवुत साँठगाँठले पनि एउटा पातलाई पनि हल्लाउन सक्ने छैन र हल्लिने छैन।

जनतालाई यातना दिने, हत्या गर्ने र क्रान्तिको गला रेट्ने दुष्ट कुरुप खलनायकहरुद्वारा, जनयुद्धका क्रममा सृजना भए गरेको जन-संरचनाहरु सबै एकतर्फीरुपमा विघटन गरि आत्मसमर्पण गरि त्यो जनविरोधी वृहत शान्ति-सम्झौता नामाकरण गरिएको र स्वतन्त्र तथा मुक्तिको नयाँ संसार निर्माणका खातिर प्राणको आहुति दिँदै अघि बढेका बीर सुन्दर युग नायकहरु बीच चल्ने त्रासदीय टक्करका दुःखद र सुखद अनुभूतिहरु हामीले सँगाल्दै आएका छौं । हामीलाई थाहा छ, वैचारिक स्पष्टता, लक्ष्यप्रतिको दृढता र संघर्षमा हामफाल्ने विवेकपूर्ण साहसिक्ता क्रान्तिकारी कम्युनिष्टहरुको पहिचान हो। क्रान्तिकारी कम्युनिष्टहरु जहिले र जहाँ कहिँ पनि सुविधाभोगी मानसिक्ताबाट माथि उठेर आफ्नो जिम्मेवारी बहन गर्नमा दतचित्त रहने मानसिक्ता नै उस्को इमान्दारिता हो। र, कुनै पनि स्वाभिमानी क्रान्तिकारी मानिस (कम्युनिष्ट) एउटा महान उद्देश्य आर्दश लिएर बाँचेको हुन्छ र त्यस प्रकारको आर्दश उद्देश्यका लागि ऊ आफ्नो जीवनको आहुति दिन पनि तयार हुन्छ।

वर्तमान चरणमा नेपाली नयाँ जनवादी क्रान्तिको स्वरुप पूँजीवादी जनवादी रहेको छ, र सर्वहारा-समाजवादी हैन । प्रचण्डपन्थीहरु मात्र के वाहियात कुरा गर्छन् भने नेपालमा पुँजीवादी नयाँ जनवादी क्रान्ति पुरा भईसकेको छ र अगाडिको कुनै पनि क्रान्ति समाजवादी मात्र हुन सक्छ । ०५२-०६२ सम्मको क्रान्ति नयाँ जनवादी क्रान्ति (पुँजीवादी, जनवादी क्रान्ति) थियो र त्यो क्रान्ति पुरा भएको थिएन, बरु त्यसले ठूलो धक्का खाएको थियो। जनयुद्धकै क्रममा कतिपय जमिनदार र समाजका खराब तत्वहरुको जमिन खोसेर, जसको जोत उसैको पोत अनुरुप भूमिहिन किसानहरुलाई वितरण गरि, हामीद्वारा चलाएको भूमिसम्बन्धी क्रान्ति पनि पुँजीवादी, जनवादी क्रान्ति नै हो, किनभने त्यसको लक्ष पुँजीवादको विरोध गर्नु होइन, बरु साम्राज्यवाद र सामन्तवादको विरोध गर्नु हो। यो कुरो हाम्रो क्रान्तिको सम्बन्धमा भविष्यमा लामो समयसम्म लागु हुनेछ।

यो निश्चित कुरा हो कि भविष्यमा अवश्य पनि क्रान्तिमा परिर्वतन हुनेछ । भविष्यमा जनवादी क्रान्ति अनिवार्य रुपले समाजवादी क्रान्तिमा रुपान्तरित हुनेछ। जहाँसम्म यो संक्रमण कहिले हुन्छ भन्ने सवाल छ, त्यो आवश्यक अवस्थाहरुको उपस्थिति माथि निर्भर रहने छ, र यसमा निकै समय लाग्न सक्छ। सबै आवश्यक राजनैतिक तथा आर्थिक अवस्थाहरु विद्यमान नभएसम्म र सम्पूर्ण नेपालका विशाल बहुसंख्यक जनताका लागि अहितकर नहुने र हितकर हुने नभएसम्म हामीले संक्रमणको सवाललाई उठाउनु हुँदैन। यस कुरामा शंका लिनु र संक्रमण चाँडै नै हुने आशा गर्नु गलत हुन्छ। यस्तो गल्ती उनीहरुले गर्छ जस्ले राजनैतिक तथा आर्थिक रुपमा आफ्नो देश कुन प्रकारको मुलुक हो भन्ने कुरा बुझ्न सकेका हुँदैनन् । जनवादी क्रान्ति पुरा गर्नका लागि चीनलाई रुसको तुलनामा जति गाऱ्हो परेको थियो, चीनको तुलनामा नेपाललाई पनि सजिलो हुने पक्कै छैन र जसको निमित्त अलि बढी समय तथा प्रयत्न लाग्ने छ। कुनै पनि काम कुराको निमित्त हत्तारिनु बुद्धिमानी होइन र हतारिनु हुन्न । हामीलाई थाहा छ, हतरपतरको काम लतरपतर हुन्छ र बन्नै लागेको काम पनि बिग्रन पुग्छ। तसर्थ हरेक काम कुरोको गहिराइलाई मापेर (मध्येनजर) आवश्यकता अनुरुप सुझबुझता अपनाई आफ्नो दायित्व पुरा गर्न दत्तचित्त रहनु नै आजको क्रान्तिकारी दायित्व हो।

## कर्णाली पीडीएबार

भएका व्यक्तित्वहरुबाट गरिने अन्तरकृयाबाट माथिल्लो कर्णली जलविद्युत परियोजनाको वास्तविकता र महत्वबारे नेपाली जनताले थाहाँ पाउन सकून। हाम्रो पार्टीको बुझाईमा यो परियोजना, परियोजना स्थलको भौगोलिक तथा प्राकृतिक सुगमता र अनुकूलताका कारण संसारकै सस्तो परियोजनाभित्र पर्दछ। साथै यो परियोजनाको वास्तविक विद्युत क्षमता ४,१८० मेगावाट रहेको र यसबाट पुरै विद्युत उत्पादन गर्न सकिने वहुआयामिक जलाशययुक्त यो परियोजनाबाट सस्तो मूल्यमा विजुली उत्पादन गरेर राष्ट्रलाई समृद्ध बनाउन सकिन्छ। यस्तो बहुआयामिक जलाशययुक्त ४,१८० मेगावाट क्षमताको विद्युत शक्तिको हत्या तथा ९०० मेगावाटको आयोजना आयोजना निर्माण गरी भारतमा विजुली लगेवापत जीएमआरले नेपाल सरकारलाई सित्तैमा १२ प्रतिशत उर्जा र निशुल्क २७ प्रतिशत शेयर (इक्विटी) दिने संझौता गरेर यो परियोजना भारतको जीएमआरलाई सुम्पिएकोछ। विजुलीको उत्पादन नेपालमा हुने तर उपभोग चाँही भारतमा हुने गरी विजुली राष्ट्रिय ग्रिडमा नजोडी सिधै विदेशमा लैजाने यो संझौताले नेपालको माथिल्लो र तल्लो तटीय क्षेत्राधिकारमा समेत दीर्घकालीन रुपले गम्भीर असर गर्नेछ। तसर्थ यो परियोजना भरतीय कम्पनि जीएमआरलाई बुझाएको संझौता किमार्थ नेपालको राष्ट्रिय हितमा हुन सक्तैन। आजको यो अन्तरकृयात्मक कार्यक्रमबाट यी कुरा उजागर हुनेछ भन्ने अपेक्षा गरिएकोछ।

४) नेपालको समग्र विकास र समृद्धिको एउटा प्रमुख आधार जलविद्युतको (उर्जा) उपलब्धता हो। तर नेपालमा चरम उर्जा शंकट छ। आफ्नो देशमा भएको जलश्रोतको उपयोग गर्न नसकेर विदेशबाट आयातीत विजुली, ग्याँस र पेट्रोलियम पदार्थ जस्ता उर्जाजन्य बस्तुहरुबाट कठीनसँग गुजरा गर्दैछौ। मुलुकमा भएको यसतो उर्जा-संकटको अवस्थामा माथिल्लो कर्णालीलाई विदेश निर्यात गर्ने मूलशर्त राखेर भारतको जीएमआर पीडीए संझौता गरेर राष्ट्रघात गरिएकोछ। भारतीय विस्तारवादको नेपालको पानीमाथि एकाधिकार कायम गर्ने नवऔपनिवेशिक नीति अनुरुप नै नेपालको जलाधार एक एक गरी विदेशीलाई सुम्पिने आत्मसमर्पणवादी कार्य भएकोछ। सरकारको यो राष्ट्रघाती कदमको विरुद्ध जनस्तरबाट सशक्त आवाज उठीरहेको बेलामा उक्त पीडीए संझौता खारेज गरी राष्ट्रिय हितानुकूल परियोजनाको निर्माण र संचालन गर्न सक्नु पर्नेमा उल्टै जलविद्युत सम्बन्धी पीडीए संझौतालाई जी एम आर कम्पनिकै योजना कार्यान्वयन गराउन सेना समेत परिचालन गरिएकोछ। ने.क.पा.(क्रान्तिकारी माओवादी) सरकारको यो राष्ट्रघाति कदमको विरोधमा देशव्यापी एकल वा संयुक्त संघर्षको पक्षमा छ।

◆ झर्रोटर्रो — कैलुब्राह

## गमलामा धान रोपाइँ

तीन 'म' (माले, मशाले र मण्डले) सरकारका गमले मन्त्रीले यसबर्सको असारे पन्ध्र 'धान दिवश' आफ्नै मन्त्रालयमा धुमधामसँग मनाए। न हलो जोत्ने टन्टा न हली बाउसेको जरुरत। न रोपार्नीको आवश्यकता न हिलोमैलोमा डुब्नुपर्ने चिन्ता। कता गोरु खोज्नु कता हलोजूवा खोज्नु। बस आफ्नै अफिसका गमलामा धान रोपेर महान्, भव्य र सानदार रूपमा मनाए दिवश। 'दिवशै मनाउने कुरो न हो जसरी मनाए पनि त हुन्छ।' खेतीमन्त्रीले सहज रूपमा जवाफ दिए, 'खेतमा जाने काम त किसानहरूको हो, मन्त्रीको त होइन नि।' कुरो सही हो, मन्त्रीले खेतमा गएर हलो जोत्ने, विऊ काड्ने र रोप्ने काम गर्दैन। यो कुरा संविधानमा कहिँ कतै लेखेको पनि त छैन। बरू मन्त्रीको काम त कर्मचारीहरूको सरुवा बढुवाका फाइल मिलाउने, ठेक्कापट्टा मिलाइदिने र कमिशन गोजीमा हाल्ने, डन परिचालन गर्ने, विभिन्न गोष्टीमा जाने, रिबन काट्ने, भाषणभिषण गर्ने, विदेश घुम्ने, दाताहरूसँग डलर थाप्ने पो हो त। खेतमा जाँदा रोपार्नीहरूको फन्दामा परिएला भन्ने डर पनि रहेछ उनलाई। आफ्नै मन्त्रालयका अघिल्ला मन्त्रीले झस्काएका रहेछन्। कतै आफूले पनि त्यस्तै गरियो भने परेन फसाद। त्यसैले पनि उनले गमलामै धान रोपेर खेतीपाती मन्त्रीको खास्सा कर्तव्य पूरा गरे। जोसुकैले जेसुकै भनून्। भुक्ने कुकुर भुक्दै गर्छ हात्ती आफ्नै चाल।

कृषिप्रधान देशका खेतीपाती मन्त्रीले नै गमलामा धान रोपे भनेर देशदेशाटनमा निकै चर्चा चासो भइरहेको छ। सामाजिक सञ्जालका भित्ताहरू रङ्गिएका छन्। रमाइलो भइरहेको छ। विभिन्न पत्रपत्रिका, रेडियो, टिभीहरूमा समेत अनेकन प्रतिकृयाहरू आएका छन्। कमेन्ट गर्ने र लाइक गर्नेहरूको ओइरो लागेको छ। मन्त्री हुनु त यस्तो पो हुनु। उनले केही महिना अगाडि पनि यस्तै चर्चा कमाएका थिए। त्यो चर्चा राजधानीको एउटा फिलिम हलमा फिलिमको घुम्टो उघार्ने कार्यक्रमका बेला कमाएको चर्चा हो। फिलिम हेरेर फर्किने क्रममा पत्रकारसँग आफैले फिलिम देखाए। उनी त ओर्जिनल कलाकार पो रहेछन्। कुनै मेकअप पनि गर्नु नपर्ने। कोही डाइरेक्टर पनि नचाहिने। कथा पटकथा केही लेख्नु नपर्ने। ठाउँका ठाउँ कला देखाउन सक्ने। आशु कलाकार पो रहेछन्। पत्रकारले प्रश्न सोध्ने वित्तिकै डाँको छोडेर ग्वाँग्वाँ रोए। फिलिममा विदेशबाट फर्केका युवाले पालेको गाई मरेको देखाइएको थियो। गाई मरेको घटनाले संवेदित भएर पत्रकार सामू भक्कानिएका थिए। उनले त साँच्चिकै गाई मरेको ठानेछन्। नेपाली जनताको दर्द र पीडाप्रति कति चिन्तित रहेछन् भन्ने कुरा घाम जत्तिकै छर्लङ्ग भएको छ। यसरी उनले सुपरहीट फिलिम देखाएर ठाउँका ठाउँ चर्चा कमाएका थिए।

अहिले फेरी गमलामा धान रोपेर चर्चित भएका छन्। यसरी पटकपटक चर्चामा आउनुको कारणबारे जान्न खोज्दा उनले भने 'यो सराकारको काम भनेकै चर्चामा आउनु हो। मेरो त के कुरा भो र ? सबैभन्दा बढि चर्चा त हाम्रै प्रधानमन्त्रीको भैराख्या छ। हावाबाट विजुली निकाल्ने, पानीजहाज चलाउने, रेल कुदाउने, घरघरमा ग्यासको पाइप जोडिदिने जस्ता कुराले कम्ता चर्चा पायो ? आम्मामामा देश त एकैछिनमा रफुचक्कर। कस्तो हो कस्तो। उहाँको निर्देशन पनि हामीलाई यस्तै चर्चामा आउने काम गर्नुपऱ्यो भन्ने छ।' के तपाइँ चर्चामा आउनकै लागि गमलामा धान रोप्नुभएको हो त भन्ने प्रश्नको जवाफमा उनले भने 'यो त चर्चाको कुरा भएन, हाम्रो देशको वास्तविकता हो। खेत जोत्ने किसानजति सबै देशाटनतिर छन्। पहाडतिरका खेतबारीमा भकाभक पैरो गैराख्या छ। तराइतिरका खेतबारीमा प्लटिङ भैराख्या छ। हाइब्रिडको जमानामा अबको खेती गर्ने नै गमलामा हो। गमलामा खेती गर्न त युवा पनि चाहिँदैन। गोरु, हली, बाउसे, रोपार्नी, मलखाद आदि इत्यादि केही पनि चाहिँदैन। अबको जमाना भनेको डिजिटलको जमाना हो। हरेक कुरा डिजिटल तरिकाले गर्नु पर्छ। त्यसैले सरकारले नै त्यसको सुरुवात गरेर देखाएपछि हरेक घरका बुढाबुढीले आफ्ना घरमा भएका गमलामा धान रोप्लान् र कृषि प्रधान देशको शाख जोगाउलान् भन्ने मेरो लक्ष्य हो। यसरी मात्रै देश साँच्चिकै कृषिप्रधान देश हुन्छ। सरकारको नारा छ- घरघरमा किसान, समाजवादको निसान।' उनले यसरी गमलामा धान खेती गर्नुको चुरो रहस्य बताए।

मलाई भने मन्त्रीले फिलिम हेरेर पत्रकारसँग रोएको विषयमा निकै खुलदुली लागि राखेको थियो। कुराको प्रशङ्ग मोड्दै मैले तपाइँ गाई मरेको विषयमा किन डाँको छोडेर रुनुभएको हो भन्ने जिज्ञासा राखैं। उनी त फेरी पनि ग्वाँग्वाँ रोइहाले। धेरैबेर रोएपछि मैले सम्हालिन अनुरोध गर्दै तपाइँ किन यसरी रोइराख्नुभा'छ भनेर सोध्दा उनले आँशु पुच्दै र सुँकसुँकाउँदै भने 'हेनुस् म खेतीपाती मन्त्री हुँ। खेतीपाती र पशुपालन एकअर्कासँग सम्बन्धित छन्। जसरी फिलिममा गाई मरेको कुरा छ, त्यसैगरी पोहोरसाल भैँचालोले पहाडतिरका गाई साँच्चिकै माऱ्यो। गाई मरेपछि किसानले दूध खान पनि पाएनन् खेतीपातीमा हाल्ने मल पनि भएन।' (हुँ……हुँ) फेरी रोइहाले। उनले अगाडि भने 'यो गाईको कुरा आयो कि मेरो मन भित्रैबाट भक्कानिएर आउँछ। सान्दाजु बिपीले उहिल्यै प्रत्येक नेपालीको घरमा एउटा गाई होस् भन्नुभा'थ्यो। अहिलेका नेपाली युवाले विदेशबाट ल्याएको रेमिट्यान्सले किनेको गाई डङ्रङ्ङ मर्दा कम्ता पिर लागो। उता भैँचालो र पैरोले गाई मारेको माऱ्यै छ (हुँ……हुँ…..हुँ )।' यसरी उनले आफ्ना कुरा रुँदै र बताउँदै गरे। युद्धकालमा ठूलठूला लडाइँमा आफ्ना साथीहरू मारिँदा त तपाइँ कहिल्यै रुनु भएन, अहिले यसरी गाई मर्दा पनि तपाइँ सम्झिँदै रुँदै गर्नुहुन्छ किन होला ? भन्ने प्रश्न गर्दा उनले यस्तो जवाफ दिए 'युद्धमा मान्छे त आफ्नो खुसीराजीले मर्न र मार्न हिँड्याथे। आफूले सकेको भए मार्थे, नसकेर मरे। त्यो कुन ठूलो कुरो भयो र। फेरी मेरो परिवार र नातागोताका कोही पनि मरेनन्। त्यतिबेला म कुनै जिम्मेवारी लिनुपर्ने पदमा पनि थिइन। अहिले त म देशकै मन्त्री छु। मेरा भोटर जनताका गाई मर्दा त त्यसले मलाई छुने कुरा भो, पिर लाग्ने कुरा भो नि त। तपैँ कस्तो कुरो गर्नुहुन्छ।'

यो खेतीपाती मन्त्रालय नै चर्चा कमाउने मन्त्रालय रहेछ। गएको बर्सका खेतीपाती मन्त्रीले पनि धान दिवशका दिन यस्तै चर्चा कमाएका थिए। उनले खेतमै गएर दिदीबहिनीहरूसँग रोपाइँमा लिलानाच भन्ने फिलिम देखाए। सायद उनले अन्नबाट बनेको सोमरस घुट्क्याएका थिए, अलि बढ्ता। सोमरसको तालमा लिलानाच नाच्दै गर्दा रापार्नी दिदीलाई ग्वाम्लाङ्ग अङ्गालो मार्न पुगे। यो फिलिम पनि निकै चर्चित भएर राष्ट्रिय अवार्ड पाएको थियो। पुरस्करको राशी निकै ठूलो भएर बोक्न नसक्दा मन्त्रीबाट राजिनामा नै दिनु परेको थियो। जे होस् नेपालका खेतीपाती मन्त्रीहरूले टाइम टाइममा नेपालको नाम चम्काएकै छन्।

२४ असार २०७३

kailubraha73@gmail.com

# हतियार र युद्धको भरमा टिकेको अमेरिकी अर्थतन्त्र

अमेरिका अहिले पनि विश्वको सबभन्दा बढी सैन्य शक्ति र युद्ध सामग्रीका उद्योगपतिहरु भएको देशको रुपमा चिनिन्छ। सन् २००७ को महामन्दीपछि अमेरिकाको अर्थतन्त्र नराम्ररी प्रभावित बन्न पुगेको थियो। अहिले पनि अमेरिकी अर्थतन्त्र पतन तर्फ उन्मुख छ। तर अमेरिकी युद्ध सामग्री र हतियारको उद्योगमा अहिले पनि भारी मात्रामा उत्पादन जारी छ। जुन विश्वको सबैभन्दा ठूलो हतियार उद्योगको रुपमा स्थापित छन्। र, दिनदिनै पतनोन्मुख अमेरिकी अर्थतन्त्रलाई यसैले भरथेग गरेको छ। यो सत्य र तथ्यले पुँजीवादको घोर मानवताविरोधी चेहेरा उदाङ्गो पार्दछ।

अमेरिकाको हतियार र युद्ध सामग्री बनाउने उद्योगको विकास र विश्वको ठूलो सैन्य शक्ति बनेका कारण यदि खोजी गर्ने हो भने यसको सम्बन्ध दोस्रो विश्वयुद्धसँग जोडिन्छ। किनकि, दोस्रो विश्वयुद्धभन्दा पहिले अमेरिका कुनै ठूलो आर्थिक तथा सैन्य शक्तिको हैसियतमा थिएन। दोस्रो विश्वयुद्धपछि मात्रै अमेरिका विश्वको ठूलो आर्थिक र सैन्य शक्तिको रुपमा उदायको हो। दोस्रो विश्वयुद्धमा जब बेलायत, जर्मनी, जापान आदि विश्वका महाशक्ति राष्ट्रहरु धरासायी बने, तब अमेरिकाको भाग्यदोय भयो। यस विश्वयुद्धमा हतियार र अन्य युद्ध सामग्रीको निकै ठूलो मात्रामा प्रयोग भयो। त्यसै कारण अमेरिकाले हतियार उद्योगबाट अथाह मुनाफा आर्जन गर्न पुग्यो। त्यति मात्र होइन कि युद्धबाट क्षतविक्षत बनेको युरोपमा पुनर्निर्माणका लागि अमेरिकी पुँजीपतिहरुले भारी मात्रामा लगानी गरे। यसरी युद्धबाट धरासायी बनेका राष्ट्रहरुबाट अमेरिकाले अत्यधिक मुनाफा कमायो। यस युद्धले अस्थिर अमेरिकी अर्थव्यवस्थालाई गति दियो। यसर्थ, विश्वयुद्ध नै अमेरिकालाई माथि उठाउने आधार बन्यो। यसपछि ५०/६० को दशकहरुमा 'कल्याणकारी व्यवस्था' सम्बन्धी अवधारणा अगाडि सारियो। त्यो पनि सैन्य उद्योग/कम्प्लेक्सको आधारमा खडा गरिएको थियो। यही कारण १९४०-४९ मा अमेरिकाको कूल औद्योगिक पैदावार ९० प्रतिशत बढी त हतियार उद्योगमा पनि ६० प्रतिशत नाफा भयो। विश्व औद्योगिक पैदावारमध्ये एक्लै अमेरिकाले ४० को दशकमा ६० प्रतिशत कमाइ गऱ्यो। जतिबेला दोस्रो विश्वयुद्धमा करोडौं मानिसहरु मृत्युशैयामा थिए, अमेरिकी पुँजीपतिहरु मानवताको महाविनासमा आफ्नो आलिसान महल बनाउने सपनामा तल्लीन थिए।

अमेरिकी राष्ट्रपति डेविड आइजनवहार जहिलेदेखि सेनाको जनरल बनेको थियो, त्यसबेलादेखि नै हतियार उद्योगको विकासमा जोड दिदै आएको थियो। २७ अप्रिल, १९४६ मा उसले (जतिबेला उ सेनाको जनरल थियो) युद्ध विभागका डाइरेक्टरहरु, प्रमुख जनरलहरु आदिको 'मेमोरेण्डम' जारी गरेको गरेको थियो। जसमा फुसभी वैज्ञानिक र प्राविधिक साधनहरुलाई सेनाको सम्पत्ति बनाउनमा जोड दिएको थियो १९५३ मा अमेरिकाको राष्ट्रपति बन्नेवित्तिकै उसले हतियार उद्योगको विकासका लागि जोड दियो। त्यो जोड आइजनहावरको व्यक्तिगत जोड मात्र मान्न सकिन्न। दोस्रो विश्वयुद्धको वरिपरि नै अमेरिकाले हतियार र उद्योगको तीव्ररुपमा विकास गरेको हो।

जतिबेला समाजवादको डर विश्व साम्राज्यवादीहरुलाई लागि रहेको थियो, त्यसबेला अमेरिका दोस्रो विश्वयुद्धबाट विश्व विजेताको रुपमा उदाएको थियो। सोभियत यूनियनलाई टक्कर दिनका लिगि र विश्व स्तरमा उठिरहेको समाजवादी खेमालाई कुचल्नका लागि साम्राज्यवादीहरुको अत्यधिक हतियारको सख्त जरुरी थियो। यसको साथै दोस्रो विश्वयुद्धमा हतियारको अत्यधिक खपत भएको थियो।

सन् १९६१ मा आइजनहावरले आफ्नो विदाइ भाषणमा पनि "मिलिटरी इण्डस्ट्रियल कम्प्लेक्स" बनाउनुपर्नेमा जोड दिदै सेना र उद्योगको स्थायी एकताको आवश्यकतामाथि जोड दिएका थिए। आफ्नो राष्ट्रपति कार्यकालमा पनि उसले अमेरिकी हतियार उद्योगलाई हरसम्भव सहयोग गऱ्यो। उसले भन्यो कि वैज्ञानिकहरुलाई सैन्य

विनोद 'सहयात्री'

समस्याहरुको समाधान खोज्न भन्दा धेरै स्वतन्त्रता चाहिन्छ। उसको योजनाको यो पक्ष थियो कि सेना देशको उद्योग र प्रविधिको धेरै हिस्सा कब्जामा लिन सक्तछ। भाव यो हो कि यस सैन्य क्षेत्रमा अमेरिकी पुँजीपतिहरुलाई लगानीका निम्ति निम्ता दिनु हो। अमेरिकाको एआरपीए (एडभान्स रिसर्च प्रोजेक्टस् एजेन्सी), एनएएसए (नेश्नल ऐरोनेटिक्स एण्ड स्पेस एजेन्सी), आदि संस्थाहरुको स्थापना पनि उसको कार्यकालको समयमा भएको थियो। त्यसैबेला नै एण्टी बैलिस्टिक मिसाइल र जीपीएस आदिको आधुनिक आविष्कारहरुको काम हुन थाल्यो।

सन् १९५२ मा अमेरिकाको कूल विजुली उद्योगको ५६.२ प्रतिशत सैन्य उद्योगमा खपत हुने गर्दथ्यो। त्यसपछि अमेरिकाको सैन्य उद्योगले त्यहाँको राजनीतिलाई पनि प्रभावित तुल्याउन थाल्यो। त्यसपछि बनेका सबै राष्ट्रपतिहरुले सेनाको हितको चौकीदारी गरे। जस्तो रिगनले १९८० मा अमेरिकी हतियार उद्योगलाई भारी मात्रामा कर छुट गरिदिए।

आज प्रविधिको विकास धेरै उचाइमा पुगिसकेको छ। एक दिनमा उद्योगहरुबाट टनका टन हतियार, गोलाबारुद र अन्य युद्ध सामग्रीको उत्पादन हुन्छ। आज अमेरिकी उद्योगले विश्वभर हतियार फिंजाएको छ। अमेरिकी हतियार उद्योगले सन् १९५० देखि हतियार सप्लाइ गर्न थालेको हो। सन् २००९ मा अमेरिकाले हतियार बेचेर कूल घरेलु उत्पादनको ३ प्रतिशत कमाएको थियो भने २०११ मा त्यो बढेर ६७ अरब डलर हुन पुग्यो। त्यो भनेको अमेरिकाको कूल उत्पादनको ६ प्रतिशत हो।

एनएएसए(नेश्नल ऐरोनेटिक्स एण्ड स्पेस एजेन्सी), एफएए (फेडरल एविएशन एडमिस्ट्रसन), डिएआरपी (डिफेन्स एडभान्स रिसर्च प्रोजेक्ट्स एजेन्सी), डिओसी (डिफेन्स डिपार्टमेण्ट) डिटेसन, नेविगेशन, गायडेन्स, ऐरोनेटिकल एण्ड न्यूटीकल व्यवस्था, इम्प्रूवमेन्ट ओपरेसन शिपयार्ड, स्माल आर्म्ड, मिलिटरी व्हीकल मैनुफक्चरिङ, वायरलेस आर्डिनेस मैनुफक्चरिङ र सबै सैन्य उद्योगको कूल उत्पादन र यी उद्योगहरुसँग जोडिएका अन्य उद्योग जुन यसको कच्चा पदार्थ उत्पादन गर्दछन्, यसमा जोडिएको रियल स्टेटको कारोबार, यातायातको कारोबार, रसायन विज्ञान आदि सबैको आयलाई जोड्ने हो भने अमेरिकाको कूल अर्थतन्त्रको ५० प्रतिशतभन्दा बढी हिस्सा यो उद्योगले धानेको देखिन्छ। यी हतियार उद्योगहरुमा करिब २१ लाख मजदुरहरुले काम गर्दछन्। २०१० मा अमेरिकी ऐरोस्पेस एण्ड डिफेन्स कम्पनीको मात्रै ३७० अरब डलर आम्दानी भएको थियो। सन् २०११ मा विश्वका हतियारहरुको कूल बिक्रीको ४४ प्रतिशत एक्लै आमेरिकाले कमाएको थियो। यसबाट अनुमान लगाउन सकिन्छ कि पुँजीवादको मरणासन्नता यहाँसम्म पुगिसकेको छ, जहाँ मानवीय श्रमलाई हतियारजस्तो उद्योगमा नयाँ नयाँ कीर्तिमान स्थापित गर्नको लागि प्रयोग गरिएको छ। जहाँ अर्कोतर्फ गरिबी, भोकभरीबाट करोडौ मानिसहरुको स्थिति नाजुक छ। त्यता कसैको पनि ध्यान रतिभर जाँदैन। किनकि गरिबहरुबाट पुँजीपतिहरुका लागि मुनाफाको कुनै आशा हुँदैन।

आज विश्वको ठूलो हतियार बनाउने कम्पनीहरुमध्ये अत्यधिक कम्पनीहरु अमेरिकी कम्पनीहरु नै छन्। विश्वका दश ठूला हतियार बनाउने कम्पनीहरुमध्ये ७ वटा अमेरिकी कम्पनी छन्। जसमध्ये बोइंग (२०१३ मा जसको कूल सम्पत्ति ९२ अरब अमेरिकी डलर थियो), युनाइटेड टेक्नोलोजीज (२०१३ मा कूल कारोबार ६१.४६ अरब डलर), लोकहीड मार्टिन (२०१३ मा कूल कारोबार ३६.१९ अरब डलर), जनरल डायनामिक्स (२०१३ मा कूल कारोबार ३५.४५ अरब डलर), नारथ्राप ग्रूमन (२०१३ मा कूल कारोबार २६.३९ अरब डलर), रेथीऔन (२०१३ मा कूल जायजेथा २५.८६ अरब डलर) र एल.कम्युनिकेशन्स (२०१३ मा कूल कारोबार १५ अरब डलर) आदि प्रमुख कम्पनीहरु हुन्।

अमेरिकी राजनीतिमा आज यी औद्योगिक घरानाहरुको वोलवाला छ। विश्वस्तरमा मानवअधिकार, लोकतन्त्र र कल्याणकारी राज्यव्यवस्थाको वकालत गर्न पनि यिनै कम्पनीहरुले लगानी गर्ने गरेका छन्। त्यसको उद्देश्य भनेको ती कम्पनीहरुको उत्पादनका विरुद्धको आवाजलाई मथ्थर पार्नु हो। विश्वस्तरमा युद्ध भड्काउन त्यो मेशिनरी प्रयोग गर्नु हो।

यसरी हतियारको व्यापारमा टिकेको अमेरिकी अर्थव्यवस्थाबाट अनुमान लगाउन सकिन्छ कि अमेरिकामा पुँजीवादको परजीविपना यसहदसम्म पुगिसक्यो कि जुन आखिरी श्वास यिनै उद्योगको साहराले लिइरहेको छ। विश्वमा युद्ध सामग्री उत्पादन गर्ने उद्योगहरु प्रफुल्लित हुनु भनेको मानवताको लागि खतराको घण्टी बज्नु हो। हतियारका उद्योगहरु चलिरहनका लागि युद्ध हुनु आवश्यक हुन्छ। यही कारण अमेरिका विश्वमा जहाँ सम्भव हुन्छ, त्यहाँ युद्धको विउ रोप्दै हिंडेको छ। ऊ जहाँ सम्भव हुन्छ, त्यहाँ युद्ध निम्त्याउन चाहन्छ। पाकिस्तान, अफगानिस्तान, इरान, इराक, लिबिया, मिश्र, आदि मध्यपूर्वी देशहरुमा युद्ध थोपरिरहेको छ।

स-साना युद्धबाट अमेरिकी हतियार उद्योगहरु चल्ने अवस्थामा छैनन्। अर्कोतिर रुस र चीन जो अमेरिकी हतियारका ठूला खरिदकर्ता थिए, ले अब आफै हतियार उत्पादन गर्न थालेका छन्। चीनले त आफै हतियार निर्यात गर्न थालेको छ। यो अवस्थामा अमेरिकाको अर्थव्यवस्था ओरालो लाग्दै जाने निश्चित छ। अमेरिकी प्रभुत्व तोड्दै अगाडि आउँदै गरेको चीन, रुस लगायत देशहरु र विश्वस्तरमा उनीहरुको प्रभाव विस्तारले अमेरिकी अर्थव्यवस्था धरासायी बन्ने अर्थशास्त्रीहरुको विश्लेषण छ। आगामी दशकभित्र अमेरिकाले विश्वस्तरमा वा क्षेत्रीय स्तरमा युद्ध जन्माउन सकेन र उसले भारी मात्रामा हतियार बेच्न सकेन भने उसको पतन सुनिश्चित छ।

# वित्तीय संकटको घेरामा साम्राज्यवाद



धर्मेन्द्र कर्ण

विश्वको अर्थतन्त्रमा वित्तीय संकटको ठोस उपायको खोजीमा उदारवादी अर्थतन्त्रका विज्ञहरू पुँजीवादी प्रणाली भित्रका टालटुले पुराना समाधानमा भौतारिरहेका छन्। उनीहरूले पुराना समाधानहरूबाट हुन नसक्ने सत्यलाई स्वीकार गर्न मात्र सकेका छैन्। त्यो स्वाभाविक पनि छ। अधिकांश विद्वानहरूमा सत्य स्वीकार गर्न नसक्ने रोग ऐतिहासिकरूपमा स्वाभाविक ठहर्छ कारण उनीहरू संलग्न हुने अनुसन्धान कार्यको प्रायोजन धनाढ्यहरूबाट गरिन्छ। अनि उनीहरूले सत्य बोलेपछि आगामी अनुसन्धानको प्रायोजन पाउन कठिन हुनेछ। अहिले विश्वका अर्थशास्त्रीहरूलाई रोजगारी सिर्जना गर्नुपर्ने खाँचो रहेको छ। रोजगारी सिर्जना र ज्याला बृद्धिका विषय शक्तिशाली राष्ट्रहरूमा विशेष चर्चा पाउने गरिएको छ। अमेरिकाका केही कम्पनीमा आमदानीमा कामदारहरूलाई साझेदार बनाउने प्रक्रियालाई सुरू गरिएको छ। यसो गरिनुमा उदारवादीहरूको प्रणालीमा उत्पन्न संकटलाई टालटुले विधिको खोजीमा कार्य गरिन्छ। दानदातव्यको संघसंस्था खोलेर गरिने सहयोगबाट विद्रोहका राँकोहरूमा पानी छर्किने गरि शोषणको पाइपलाइनबाट थुप्रिदै गएको धनका किनका छर्ने गरिरहेका छन्। मैथिली भाषामा एउटा कथन छन् "अन्हरा माँडे तिरपित" (अन्धा व्यक्ति भातको माँडमा तृप्त भयो)। पुँजीवादी अर्थतन्त्रले निर्माण गरेको श्रम शोषणको पाइपलाइनबाट थुप्रिने विधि र त्यसलाई टिकाइराख्ने सरकारहरूको समूहको आड दिने तत्वहरूको विराटस्वरूप नहेरेसम्म शोषणबाट पीडितहरूको राँको शोषकहरू विरूद्ध बल्दैन्। मानसिकरूपमा गुलामी स्वीकार गरिसकेकाहरूले त्यो गुलामीबाट मुक्त हुन जरूरी छ। यसका लागि मार्क्सवादी-लेनिनवादी-माओवादी शिक्षाबाट शिक्षित हुनु आवश्यक हुन्छ। यो शिक्षा अधिकांश अर्थशास्त्रीहरूले दिन सक्ने र खोज्ने कुरै भएन। तर यसले संकेत भने गरिरहेको हुन्छ।

२१औं शताब्दीको पहिलो दशकको उत्तरार्द्ध पछि देखा परेको वित्तीय संकटले कयौंलाई टाटपल्टाइ सकेको छ भने कयौंलाई टाटपल्टाउने संघारमा पुऱ्याइदिएको प्रमाणको खाँचो भने छैन।

हाल युरोपेली केन्द्रीय बैंक वा अन्य कुनै केन्द्रीय बैंकसँग पनि जो हाल धराशायी हुने अवस्थामा उभिएको छ तिनको बैंकिंग प्रणालीलाई उद्दार गर्ने कुनै आकस्मिक मापदण्ड छैन्। युरोपका सर्वाधिक ठूला वित्तीय प्रतिष्ठानहरू डच बैक र क्रेडिट सुइसका सेयरहरू अहिलेसम्मकै सबैभन्दा न्युनस्तरमा झरिसकेका छन्।

डच बैंकका सेयरले नयाँ विरोधी रेकर्ड कायम गरी ११.५४ वरिपरि कायम गरेको छ। जबकि सामान्यरूपमा यो यसको विनिमय आधारमा युर स्टोएक्सएक ५० रोकिन परेको थियो। अनि युरोस्टोएक्सएक्स ६०० ले प्राविधिक समस्या उल्लेख गरेको छ। इटलीको मोन्टे पासीको सेयरलाई पनि यस्तो समस्याको सामना गर्नुपरेको छ। नियामक निकायहले अल्पकालीन सेयरमा प्रतिबन्ध थोपरेको छ। यसको परिणाम व्यापारीहरूले बजारमा तरलताको अभाव उत्पन्न गराए साथै बीमालाई टाटपल्टाउने नयाँ उचाईमा पुऱ्यायो। यी यस्ता गतिविधिका आधारमा युरोपेली बैंकहरूको संयुक्त सूचक सन् २००१को अवस्था भन्दा तल न्यूनस्तरमा पुगेको देखिदैछ जतिखेर बैंकिंग संकट पुरानो विश्वमा प्रसार भइरहेको थियो।

अन्तरबैंक दरहरूले विस्फोटक वृद्धि दर्शाइरहेका छन् जसले बैंकर हरूलाई एक अर्कामा ऋण प्रवाह गर्ने घटदो इच्छाको प्रदर्शन गर्न लगाइरहेको छ। विज्ञहरूका अनुसार यस्तो अवस्थामा जे हुन सक्छ त्यो भनेको सर्वाधिक निकृष्ट चीज हो। यस्तो अवस्थाको कुनै विन्दुमा केहीले आफूलाई आवश्यक परेका बेला खोजेको तरलता प्राप्त गर्न सक्ने छैन। यस्तो अवस्था जब आउँछ त्यतिखेर गम्भीर खालका समस्याहरू उत्पन्न हुन शुरू हुनेछ।

युरोप बैंकिंग संकटको पूर्ण आकारमा फँस्ने अवस्थामा उभिरहेको छ। युरोपको यो अवस्थाबारे युरोपेली केन्द्रीय बैंकको शासकीय परिषद्का पूर्व सदस्य, सोसाइटी जनरलको बोर्ड अफ डाइरेक्टर्सका अध्यक्ष लोरेन्जो बिनी स्मागीको बुझाइ रहेको छ। उनले यस्तो विषय ब्लुमबर्गसँगको एक अन्तर्वार्तामा बताए। अधिकारीहरूका अनुसार यो संकट इटलीमा खुला हुन शुरू गर्नेछ। यसो हुनको कारणमा उनीहरूले त्यहाँ तिर्न बाँकी रहेको खराब ऋणको अवस्था ३ खर्ब ६० अर्ब युरो रहेको आँकलन गरिएको उल्लेख गरिएको छ। इटलीले बजेटको उपयोग लगानीको स्रोतका आधारमा गर्ने सुझायो तर जर्मनीले भने इटलीको यो सुझाउको विरोधमा उभियो। उसले भन्यो यो विधिको विपरीत भएको भनेर इटलीको विरोध गऱ्यो।

घरजग्गाको कारोबारको क्षेत्रको अवस्थाले आगोमा घिउको काम गर्छ। बेलायतमा व्यापारिक घरजग्गा कोषले एक पछि अर्को गरी भुक्तानीलाई निलम्बन गर्छ। जबकि घरजग्गा कारोबारको सम्बन्ध निकटतमरूपले वित्तीय क्षेत्रसँग सम्बन्धित छ यस्तोमा बैंकहरूमा दबाब पर्ने अवस्था स्वाभाविक बन्न जान्छ। परमपरागतरूपमा रोयल बैंक अफ स्कटल्यान्डले बेलायती वित्तीय प्रतिष्ठानहरूमा सबै भन्दा बढी ह्रास दर्शाएको छ।

जेपी मोर्गन बैंकका विश्लेषकहरूले रोयल बैंक अफ स्कटल्याण्ड, लोयडस र बैंक अफ आयरल्यान्डजस्तै घरजग्गामा अधिकांश लगाउने गरेको बताउने गर्छन्। यस्तो आधारमा बारक्लेज, एचएसबीसी र स्टयानडर्ड चार्टर्डलाई कम जोखिम रहेको देखिन्छ।

इटालीका बैंकहरूमा खराब कर्जाको अवस्था ३ खर्ब ६० अर्ब युरो जति रहेको छ। यो कारणले गर्दा युरोपेली युनियनले इटलीको सरकारलाई बैंकिंग क्षेत्रमा राज्यको कोष लगानी गर्न रोकिरहेको छ। इटलीको बैंकिंग क्षेत्रका समस्याहरूले देशलाई मन्दीमा धकेल्ने खतरा बढाइरहेको छ। इटलीको मन्दीले अनिवार्यरूपमा युरोपेली युनियनलाई प्रभावित गर्नेछ। जस्तो कि यो ग्रिसको ऋण संकट उच्च भइरहेको बेला उत्पन्न भएको थियो। सन् २०१२को अन्त्यतिर जतिखेर ग्रिसका लागि दोस्रो जमानतको प्याकेज दिने अनुमतिको बहस चलेको थियो। त्यतिखेर युरोपेली युनियनको कुल गार्हस्थ्य उत्पादन जीडीपी ०.५ प्रतिशतले खस्यो। विगतमा युरोपेली युनियनको अर्थतन्त्र सन् २०० ९को विश्वव्यापी वित्तीय संकटका बेला ४.९ प्रतिशतले खस्यो। युरोपको यो अवस्था त्यसै आएको थिएन। यसको कारण अमेरिकाको बन्धकी सम्बन्धी विषय थियो। अमेरिकाको बन्धकी प्रबन्धनसम्बन्धी व्यवस्थापनमा समस्या उत्पन्न हुँदा युरोपको अर्थतन्त्र त्यतिखेर ४.९ प्रतिशतले खसेको थियो। युरोस्टयाटले जनाएअनुसार सन् २०१५मा युरोपेली युनियनको कुल गार्हस्थ्य उत्पादन २ प्रतिशतले बढ्यो। यो परिवेशको अध्ययनका आधारमा इटलीको खराब कर्जाको प्रभाव पनि कतै पर्नेछ अनि यसको गम्भीर प्रभाव युरोपको संकटमा पर्न सक्छ। द वाल स्ट्रिट जर्नलनका आधारले अझ सन् २००८-२००९को वित्तीय संकटका बेला अमेरिकामा ननपर्फमिंग लोन ५ प्रतिशत रहेको आँकलन गरिएको जनाएको थियो। अमेरिकाको ननपर्फमिंग लोन मात्र ५ प्रतिशतको अवस्थामा युरोपमा त्यो प्रभाव देखाएको थियो। इटलीको आँकडाको अध्ययन गर्ने हो भने खराब कर्जा ३ खर्ब ६० अर्ब युरो भनेको १७ प्रतिशत हो। इटलीका बैंकहरूमा रहेका ननपर्फमिंग लोनको करिब आधा जति युरोजोनका सार्वजनिक बैंकहरूमा रहेका छन्। यस्तो अवस्थामा युरोपको वित्तीय संकटको निकासलाई सहजै अनुमान गर्न सकिन्छ। वित्तीय संकटका साथै उच्च विकसित प्रविधिको विकासले पनि अनुमान गर्न नसक्ने आकारमा रोजगार गुमाउने खतरा पैदा गरिरहेको छ। प्रविधिहरूले निम्त्याइरहेको कैयौं मुल्य मापनका विषय अर्थतन्त्रका मापकहरूको मापबाट बाहिर रहने गरेको बेलायती विज्ञहरूले चर्चा गरिरहेका छन्। यी तमाम परिवेशमा धन संकेन्द्रनको पुरानो विधिबाट संकेन्द्रित धनको वितरणलाई समानताका आधारमा गर्नुपर्ने विधिको खोजी आजको आवश्यकता हो। जसको अन्य कुनै विकल्प हुन सक्दैन, त्यो भनेको त्यसमा सामूहिक हिस्सेदारी कायम गराउनु हुनेछ। ती विज्ञहरूले टालटुल प्रयासबाट विद्रोह रोक्न नसके उत्पन्न विद्रोहलाई संस्थागत गर्न र सफलतासम्म पुऱ्याउन क्रान्तिकारी पार्टीलाई जोगाउनु आजको आवश्यकता हो भन्ने निष्कर्ष निकालेका छन्।

संस्कृति

# जागृत सपनाहरूको आन्दोलन र रूपान्तरणको प्रश्न



हिरामणि दुःखी

सन् १९६३ मा भएको चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको बैठकको मस्यौदा निर्णयमा कमरेड माओले भन्नुभएको थियो - 'मानिसको सामाजिक अस्तित्वले नै उसको विचारको निर्धारण गर्छ। एकचोटि प्रगतिशील वर्गको प्रतिनिधित्व गर्ने सही विचारहरूलाई जनसमूहले बुझिसकेपछि ती विचारहरू भौतिक शक्तिमा फेरिन जान्छन्, जसले समाजलाई फेर्छ र संसारैलाई फेर्छ।'

यो भनाइमा दुईवटा प्रसङ्ग जोडिएका छन्। पहिलो मानिसको विचार निर्माणको प्रसङ्ग र दोस्रो त्यो विचार भौतिक शक्तिमा रूपान्तरण भएर समाज बदल्ने कुराको प्रसङ्ग।

पहिलो प्रसङ्गको कुरा गरौं। वास्तवमा कुनैपनि मानिस जेजस्तो सामाजिक परिवेशमा बस्छ र घुलमिल हुन थाल्छ त्यसको विचार त्यही समाजको अस्तित्वसँगै विकास हुन थाल्छ। यो प्रसङ्ग यहाँ किन उठाउन खोजिएको हो भने जब माओवादी जनयुद्धको भिषण लडाईंबाट शान्ति प्रकृयामा आयो तब माओवादीका नेताहरूमा कसरी विचारको विकास भइरहेको छ र त्यो विचारले पार्टीलाई कतातिर लैजाँदैछ भन्ने प्रसङ्ग जोड्नका लागि उठाइएको हो। हिजो जनयुद्धमा हुँदा पार्टी नेतादेखि कार्यकर्तासम्म सबै जनताका बीचमा थिए। वर्गसङ्घर्षको रापिलो भट्टीमा आफूहरूलाई होमेका थिए र त्यहाँ आफूभित्र भएको फोहरमैला र खिया जलाउँदै स्वयम्लाई स्पातमा रूपान्तरण गर्दै थिए। जसले गर्दा नेताहरूमा अग्रगामी विचारको विकास भइरहेको थियो।

दोस्रो कुरा माओवादी नेता र कार्यकर्ताहरूमा जसरी उच्च विचारको निर्माण भएको थियो, त्यो विचारलाई जनताका बीचमा लगिएको थियो र त्यसले व्यापक जनसमुदायलाई भौतिक शक्तिमा रूपान्तरण गरेको हुनाले जनयुद्धले एकपछि अर्को गर्दै विजयको शिखर चढ्दै गएको थियो। त्यतिवेला माओवादी नेताहरू पनि जनताको पङ्क्तिमा भएकाले उनीहरूको सोच्ने तरिका पनि अग्रगामी र वैज्ञानिक हुन्थ्यो। अध्ययन, लेखनमा नेताहरू व्यस्त रहन्थे। नेता-कार्यकर्ता, कार्यकर्ता-जनता, नेता-जनता, जनमुक्ति सेना-सङ्गठन, जनमुक्ति सेना-जनताका बीचमा व्यापक छलफल र वहसहरू हुन्थे। ती वहसहरूले 'वादेवादे जायते तत्व बोधः' भनेझैं विचार निर्माण गर्न र समृद्ध गर्न मद्दत पुऱ्याउँथे। जनयुद्धले निर्माण गर्दै गएका मुख्य आधारइलाकाहरू सहकारी र जनकम्युनहरूमा बदलिँदै थिए भने सहायक क्षेत्रहरू आधारइलाकामा बदलिँदै थिए। त्यसैगरी स्वयत् इलाकाहरूमा माओवादीको प्रभाव फैलँदै थियो। यो सबै सही विचार र त्यसअनुरूपको रणनीति र कार्यनीतिका कारणले सम्भव भएको थियो।

आज माओवादी शान्ति प्रकृयामा आएको पनि एक दसक पूरा भएको छ। शान्ति प्रकृयासँगसँगै माओवादी सहर पसेको छ र सहर मात्र नभएर सदन र सरकारमा समेत पसेको छ। त्यो पस्ने प्रकृयासँगसँगै उसको सोच, चिन्तन र कार्यशैली, जनता र क्रान्तिलाई बुझ्ने तरिकाहरूमा पनि परिवर्तन आएको छ। यसो किन भयो? यसको कारणबारे माओको माथि उल्लिखित भनाइको तादात्म्यतासँग जोडेर हेर्न सकिन्छ।

माओवादीको सहर, सदन र सरकारमा प्रवेससँगसँगै उसको सामाजिक परिवेश बदलिएको छ। हिजो जनयुद्धका वेलाका झुपडीका बास आज राजधानीको महलका महङ्गा फ्ल्याटहरूमा बदलिएका छन्। हिजो जनतासँग मागेर खाने आटो, ढिँडो, साग सिस्नोका स्थान आज सहरका महङ्गा वासनादार चामल, माछा-मासुसहितका मिठामिठा पक्वानहरू, फलफुल, जुस र चिसा पेयपदार्थहरूसँगै पाँचतारे होटेलका डिनर र लन्चहरूले लिएका छन्। हिजो मौसम अनुकूलका सामान्य न्यानो वा हल्का सादा पोसाकका स्थान आज राजधानीका महङ्गा टेलरहरूमा तयार गरिएका शाही खानदानियाँ पोसाकहरूले लिएका छन्। औपचारिकताका लागि हल्का मूल्यका सूट लगाए पनि हुनेमा पैँतीस-चालीस हजारदेखि माथि जती माथिमाथि चढ्न मन लाग्छ त्यति माथिका सूट लगाउने प्रवृत्ति बढेको छ। र, अझ यसमा स्पर्धा चलेको छ। हिजो पैदल महिनौ हिँडेर काम गर्ने नेता आज एक किलोमिटर हिँड्न पनि करोडौँका गाडि चढ्नुपर्छ। यसको अर्थ माओवादीले राम्रो लगाउने र मिठो खाने गर्ने हुँदैन भन्ने भनाई लेखकको होइन। माओवादी लम्पट सर्वहारावर्ग पनि होइन। हिजो जनतासँग नेताहरूका सम्बन्ध, उनीहरूसँगका दैनन्दिनका भेटघाट, छलफल र बहसहरू आज सहरका प्रतिष्ठित उद्योगी, व्यापारी, कर्मचारी, बुद्धिजीवीहरूसँगै तस्कर, ठग, लुटेरा, डाँका, चोर, फटाहा, भ्रष्टाचारी, दलाल र नोकरशाहहरूसँगको सम्बन्ध, छलफल, भेटघाट र बहसहरूमा रूपान्तरण भएका छन्। हिजो जनयुद्धका बेला नेताहरूले नयाँ विचार लिन सहिद-वेपत्ताका परिवारहरू, उत्पीडित, दमित वर्गका जनता, पार्टी कार्यकर्ता र उनका परिवारहरूसँग भेटघाट गर्थे, छलफल गर्थे। जनसङ्गठनहरूका भेला, सम्मेलन, बैठकहरूमा धैरै-धैरै समय खर्चिएर तलतलका सत्यतथ्य रिपोर्टहरू आधारभूत वर्ग र समुदायसँग लिन्थे र त्यहाँबाट प्राप्त उर्जाले गर्दा सही विचार जन्माउँथ्यो र सही कार्ययोजना, कार्यक्रम निर्माण गरिन्थ्यो। आज नेताहरूले विचार लिन एनजीओ-आइएनजीओहरूका गोस्ठी धाउँछन्, हिजो जनयुद्धलाई आतङ्कवाद देख्ने र माओवादी नेता-कार्यकर्ताहरूलाई हिंश्रक जनावर ठान्ने कथित सहरिया बुद्धिजीवीहरूलाई भेला पार्छन् र उनका अर्तिउपदेशहरूलाई शिरोपर गरेर हिँड्छन्, तिनीहरूले गरेका प्रसंसामा रमाउँछन् र प्रतिक्रियावादी एवम् वुर्जुवावर्गका नायकहरूलाई आफ्ना आदर्शनायक ठानेर उनीहरूले दिएका सुझाव र उपदेशलाई स्मरण गर्दै प्रेरित हुन्छन्। अध्ययन-लेखन गर्ने संस्कार अन्त्य हुँदै गएको छ। हिजो भाइचाराहरूसँगको सम्बन्धको स्थान आज विस्तारवाद-साम्राज्यवादका दलाल, एजेन्टदेखि उनीहरूका खुफिया एजेन्टहरूसँगको हिमचिम, बसउठ र जाँडपानी भेलाले लिएका छन्। क्रान्तिको योजना कोर्न हतारो गर्ने चिन्तन आज सरकार बनाउने र ढाल्ने हतारोमा परिणत भएका छन्। समग्रमा भन्नुपर्दा हिजोका क्रान्तिका सपनाहरू आज सरकार निर्माण र विनिर्माणका विपनामा बदलिएका छन्।

आखिर यसो किन हुन्छ? किनकि आज माओवादीका सामाजिक सम्बन्ध र सम्पर्कहरू फेरिएका छन्। माओवादीका नेता-कार्यकर्ता उभिएको सामाजिक परिवेश बदलिएको छ। तसर्थ त्यही परिवेशअनुरूप उनीहरूको विचार निर्माण भइरहेको छ। अन्तरसङ्घर्षमा वस्तुगत वाह्य वर्गसङ्घर्षले प्रभावित गरिरहेको छ। यसैले माओले अघि सार्नुभएको सर्वहारा सांस्कृतिक क्रान्तिलाई अझ मजबुत ढङ्गले चलाउनुपर्ने आजको आवश्यकता बढेर गएको छ। हामीभित्रै हुर्कन थालेको गैरसर्वहारा संस्कृति, संसदवादी संस्कृति र एनजीओ संस्कृतिका विरुद्ध निर्मम ढङ्गले सङ्घर्ष गर्नुपर्ने भएको छ। सर्वहारावर्गको महान् नेता भएर विश्वकम्युनिस्ट आन्दोलनको नेता हुनुपर्ने युद्धका नायक भनिएका पात्र स्वयम् बहुराष्ट्रिय कम्पनीका सञ्चालकहरूले चलाएको आइएनजीओको सहअध्यक्ष भएर एउटा पूँजीपतिको कारिन्दा बन्नुमा अन्तर्राष्ट्रिय गौरव गर्ने चिन्तनको विकास हुनु के वैचारिक विचलनताको द्योतक होइन? यस्तो विचारले कसरी क्रान्तिको योजना कोर्न मद्दत गर्छ? त्यसैले विषय अत्यन्तै गम्भीर बन्दै गएको छ। क्रान्ति धरापमा पर्दै जान थालेको छ। 'सौताको रिसले पोइको काखमा सू गर्ने' भन्ने उखान चरितार्थ हुन थालेको छ। यो सबै शान्तिप्रक्रियामा माओवादी आएपछि हुर्किएको गैरसर्वहारा संस्कृति हो। क्रान्ति गर्ने सपनाहरू विपनाको कुर्सी प्राप्त गर्ने म्याराथुन दौडमा भाग लिएका छन्।

यो हो अहिलेको अत्यन्तै तितो यथार्थ। यो कुनै आग्रह वा पूर्वाग्रहप्रेरित मूल्याङ्कन होइन। हामीले देखेको, भोगेको र जनतालेसमेत आलोचना गरेको विषय हो। अब अर्को विषयको चर्चा गरौं।

जब सपनाहरू जागृत हुन थाल्दछन् तब कवि गोपालप्रसाद रिमालले भनेझैं लाटा-सुधाहरू बोल्न थाल्दछन्, अन्याय सहेर बसेकाहरू ईख फेर्न उठ्छन्, गए भनेर सोचेका मानिसहरू फर्किएर आउँछन्, सुते भनेर ठानिएकाहरू सुरुसुरु हिँड्छन्। त्यसपछि खरानी पनि भर्भराउँदो आगो बन्न थाल्छ, आँधी र हुरी मडारिएर चल्न थाल्छ। यो आँधीहुरीको हुण्डरीले वातावरणमा उलटपुलट र उथलपुथल ल्याउँछ। यो उथलपुथलकारी आँधी र तुफानले समाजको पुरानो संरचनालाई ध्वंस गर्छ र त्यसको ठाउँमा नयाँ समाज प्रतिस्थापन हुन्छ। यसरी कवि गोपालप्रसाद रिमालले जागृत सपनाहरूको आन्दोलनको चर्चा गर्दै जनताको शक्ति कति विशाल हुन्छ भन्ने कुरा प्रस्ट पारेका थिए।

एकजना सुप्रशिद्ध कवि पासले आफ्नो एउटा कवितामा लेख्छन्-'सबसे खतरनाक हो ता है, सपनों का मर्जाना'। यसको अर्थ हो मानव जीवनमा सबैभन्दा खतरनाक कुरा भनेको उसको सपना मर्नु। सपना मर्नु भनेको भविस्यप्रतिको निरासा जीवनप्रतिको निरासा हो। जब कुनै मानिस सामाजिक अन्तरविरोधको निकास वर्गसङ्घर्षबाट निकालिने समाधानका उपायहरूबाट देख्न छाड्छ तब ऊ निरासामा फस्दै जान्छ। उसको सचेतन मनभित्र जागृत भएका आशा, भरोसा र विश्वासका सुनौला किरणहरू क्रमशः विलिन हुन थाल्छन्। त्यसको ठाउँमा निरासा, कुण्ठा, अकर्मण्यताका काला धर्साहरू बाक्लिँदै गएर त्यसले कालो घनघटाको रूप लिन्छ र ऊ निरास हुन्छ। उसले त्यतिबेला आफ्ना सपनाहरू मरेको लासमा परिणत भएको देख्न थाल्छ। यसरी उसका सपनाहरू मर्नु भनेको उसको जीवनका निम्ति सबैभन्दा खतरनाक कुरा बन्न पुग्छ। आज माओवादी आन्दोलनमा त्यही भएको छ। कथित माओवादी केन्द्रको निर्माणको चुरो कारण पनि नेताहरूमा मर्दै गएको सपनाको परिणति हो। त्यसैले पासले सपनाहरू मर्नु वा मारिनु नै सबैभन्दा खतरनाको कुरा भएको आफ्नो कवितामा लेख्छन्। तसर्थ मानिसले सपना देख्न छोड्नु हुँदैन। जस्तोसुकै विपत्तिको सामना गर्नुपरे पनि तयार हुनुपर्छ र आफ्ना सपनाहरूलाई जागृत बनाइराख्नु पर्छ। सपनाहरू जागृत भए भने जस्तासुकै चुनौतीहरू पनि तुच्छ बन्दै जान्छन्। चिनियाँ मुर्ख बुढोको कथाझैं जागृत सपनाहरू निरन्तर जागृत भइरहे भने तिनले एक न एकदिन पहाड फोड्न सक्छन्।

मानव जीवनको उत्पत्तिसँगै उसको विकास प्रक्रियामा युद्ध वा सङ्घर्षहरू निर्णायक भएका छन्। अस्तित्व रक्षाका लागि होस् वा अस्मिता रक्षाका निम्ति मानिसले सङ्घर्ष गरेको छ। सुरुका दिनहरूमा प्रकृतिसँग सङ्घर्ष गऱ्यो। त्यसपछि मानिस मानिसका बीचमा ठूलठूला सङ्घर्षहरू हुँदै आएका छन्। ती सङ्घर्षहरू रक्तपातपूर्ण र शान्तिपूर्ण वैचारिक सङ्घर्षका रूपमा स्थापित र विकसित भएका छन्। त्यसखाले सङ्घर्षको कारण पनि मानिसको अन्तरमनभित्रको सपना हो। मानिसले आफ्ना इच्छा, आकाङ्क्षाहरू र आवश्यकता पूर्तिका लागि आफू उभिएको समाज, परिवेश, सभ्यता र संसारलाई बदल्न खोज्यो। आफ्नो गतिशीलतासँगै समाजलाई बदल्न खोज्यो। यही क्रममा मानिसले क्रान्तिको बीज रोप्यो।

हरेक मानिस स्वाभिमानपूर्ण ढङ्गले स्वतन्त्र र आनन्दको जीवन बाँच्न चाहन्छ। स्वतन्त्रताको अर्थ स्वच्छन्दतामा होइन। मानिस सभ्य र विशिष्ट चेतनायुक्त प्राणी भएको हुनाले ऊ सभ्य तरिकाले बाँच्न चाहन्छ। तर, मानिसको सभ्यताको विकासक्रमसँगै जब राज्यहरूको उत्पत्ति र विकास सँगसँगै भयो तब त्यसले समाजमा वर्गहरू जन्मायो। मान्छे मान्छे बीचका वर्गीय असमानताको पर्खाल ठडिँदा ठडिँदै यति धेरै चुलियो कि त्यसले एउटा तप्कालाई चुलीमा पुऱ्यायो र अर्कोलाई जमीनमा धस्दै लग्यो। बिडम्वना के भयो भने प्राकृतिक साधन, स्रोत र सम्पदामा आफ्नो श्रम, पसिना र रगत बगाउनेहरू नै आर्थिक विपन्नताको दुश्चक्रमा फस्दै र भासिँदै गए भने श्रम नगर्ने, केवल सत्ताको डण्डा चलाएर बाँच्ने, श्रमिकवर्गको श्रम र पसिनामा हालिमुहाली गर्नेहरू नै आर्थिक समृद्धिको शिखरतर्फ चुलिँदै गए। यसले गर्दा राज्यमा मान्छे मान्छेका बीचमा वर्गीय विभेद बढ्दै गयो। आर्थिक विषमताले गर्दा नै सामाजिक र सांस्कृतिक विभेदका पर्खालहरू पनि खडा गर्दै लग्यो। यही आर्थिक, सामाजिक र सांस्कृतिक विभेदका कारण उत्पीडित वर्ग र समुदायका मानिसमा असन्तोषको मात्रा चुलिँदै गयो र त्यसले आफ्नो आफ्नो वर्गको एकतामा सामुहिक विद्रोहको भावना जागृत हुँदै गयो। यो भावनाभित्र एउटा सुन्दर सपना जागृत भयो। त्यो सपना भनेको सबैखाले वर्गीय, जातीय, भाषिक, धार्मिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, लैङ्गिक उत्पीडनको अन्त्य गरेर समतामुलक समाज निर्माण गर्ने सपना हो। जहाँ राज्य हुने छैन। राज्य नभएपछि वर्ग पनि रहने छैन। वर्ग नभएपछि त्यसले जातीय, सांस्कृतिक, आर्थिक, लैङ्गिक, भाषिक, धार्मिकजस्ता अन्धपरम्पराहरूको अन्त्य गर्नेछ र त्यो एउटा मावन मात्र जातिको विशाल कम्युनमा बदलिनेछ। त्यो समाज वैज्ञानिक साम्यवादी समाज हुनेछ। त्यसपछि मानिसले मानिसका विरुद्ध नभई प्रकृतिसँग मात्र सङ्घर्ष गर्न थाल्नेछ र मानव सभ्यतालाई अझ विकसित, सभ्य र सुन्दर बनाउनका लागि अघि बढ्नेछ। यस्तो सपना नै जागृत र विकसित सोच र चिन्तनको सपना हो। यही सपनाले गर्दा मानिसले राज्य सञ्चालन गर्ने वर्गका विरुद्ध सङ्गठित विद्रोहको सुरुआत गऱ्यो। थोत्रो, जीर्ण र अस्तित्वहीन भएको समाजलाई क्रमशः हटाउँदै गयो र समाज परिवर्तनको दिशालाई अघि बढायो। जागृत सपनाहरूको आन्दोलनले नै यो सबै सम्भव तुल्याएको हो।

नेपाली समाजमा जागृत सपनाहरू उठेको बेला निकै ठूलठूला आन्दोलनको ज्वारभाटाहरू उठेका छन्। सात सालमा राणा शासनका विरुद्धमा उठेको आन्दोलन होस् वा छत्तीस र छयालीस सालका आन्दोलन होउन्, ती सबै आन्दोलनहरू जागृत सपनाका आन्दोलनहरू थिए। सपनाहरू ब्यूँझेपछि दुनियाँका जस्तोसुकै तानाशाहहरू पनि घोडाबाट खसालिएका छन्। त्यसैको पछिल्लो कडीको रूपमा नेपालबाट पनि दुईसय चालीस वर्षदेखि जरा गाडेर बसेको निरङ्कुश राजतन्त्र ढल्यो र गणतन्त्र स्थापना भयो। नेकपा माओवादीको अगुवाइमा सञ्चालित भएको जनयुद्ध तिनै जागृत सपनाहरूको आन्दोलन थियो। त्यो आन्दोलनले देशमा धेरै उथलपुथलकारी आँधी र तुफान ल्यायो। सुतेका जाति, पेशा, क्षेत्र, वर्ग र लिङ्गका जनता जागा भए। जागा भएकाहरू ज्वारभाटामा मिसिए र तीनले आँधी र तुफानलाई अझ ठूलो बेगवान गतिमा हुइँकाए। लाखौं सपनाहरू सङ्गठित भए र समवेत् स्वरमा प्रतिक्रियावादी सत्ताका विरुद्ध नारा घन्काए। जब सपनाहरू जागा भएर रणमैदानमा धावा बोल्दै अघि बढे तब त्यसले भिमकाय शक्तिको रूप लियो। जसलाई अभिजात वर्गका सत्ताका बन्दुकहरूले कुल्चने र धुलोपिठो बनाएर नामेट पार्ने सपना बोके तर ती आफै पानीको फोका सावित भए। यो सबै जागृत सपनाहरूको शक्तिको परिणाम थियो।

आज ती जागृत सपनाहरू कतै मुर्झाउन थालेको आभास मिल्दैछ। एकसाथ एकढिक्का भएर आफ्ना वर्गवैरीहरूप्रति जाइलागेका सपनाहरू खण्डित हुन खोज्दैछन्। दुश्मन विरुद्ध समवेत् स्वरमा उर्लिएका सपनाका आवाजहरू आज एकापसमा दौँतरीहरूको उछित्तो काढ्न स्पर्धा गर्दैछन्। यो निकै दुःखदायी घटना हो। युद्धका बडेबडे नायकहरू, सहपात्रहरू दिनहुँ एक पछि अर्को बत्तीमा भौँसिएको पुतलीझैं भौँतारिँदै र ढल्दै गएका छन्। आफ्नै सहयोद्धा वा नायकहरूप्रति विश्वासको कालो बादल मडारिन खोज्दैछ। सपनाहरू धुमिल हुन खोज्नु सभ्यताको समाज निर्माणका लागि विडम्बना र अभिशापको घटना हो। वास्तवमा यस्तो हुनु हुँदैनथ्यो। हिजोका जागृत सपनाहरूले विपनाको संसारमा पादापर्ण गर्छन् कि गर्दैनन् भन्ने संशय पैदा हुन थालेको छ। यसले भयाक्रान्त बन्दैछ मान्छे। के हिजोका जागृत सपनाहरूले गलत बाटो समातेका थिए? वा अहिले ती सपनाहरू गलत दिशातर्फ मोडिएका छन्? यसको सही जवाफ दिनुपर्ने बिन्दुमा हामी उभिएका छौं। यसको जवाफ हामीले बिलम्ब नगरिकन दिनुपर्ने भएको छ, किनकि अझै पनि जागृत भएका सपनाका सङ्गठनहरूले व्यर्थमा समय खेर फालेर बिलिन हुन नपरोस्।

यतिबेला सपनाका व्याख्याताहरू डगमगाएको अवस्था छ। त्यसलाई विषयान्तर गरेर अन्त कतै मोड्न खोज्दैछन्। एकथरी नायकहरूले बाटो बिराइसकेका छन् र हिजोका सपनाहरूको अपव्याख्या गर्दैछन्। अर्काथरि नायकहरू यो बाटो ठिक वा त्यो बाटो ठिक भनेर छुट्याउन नसकी दोबाटोमा उभिएर किंकर्तव्यबिमुढको अवस्थामा उभिएका छन्। सपनाको संसारबाट ओह्लालो झरिसकेकाहरू आफ्ना वर्गवैरीहरूसँगै लगनगाँठो जोडेर हिँड्न आतुर देखिन्छन् र उनीहरू अग्रगामी दिशामा जान खोज्ने जागृत सपनाहरूप्रति धारेहात लगाएर कर्कस आवाजमा सराप्न खोज्दैछन्। के यसो हुन सक्छ? अहँ कदापी हुन सक्दैन। यो सम्भव छैन। हिजोका जागृत सपनाहरूले कतै पनि बाटो बिराएका थिएनन्। ती आफ्नो गन्तव्यको यात्रामा अबिचल हिँडिरहेका थिए। आज पनि ती सपनाहरू बाटो सोझ्याउन आतुर छन्।

हामी अहिले जुन बाटोमा उभिएका छौं र त्यसलाई आधार बनाएर हिँड्न खोज्दैछौं, यो बाटोका बारेमा पनि गम्भीर रुपमा चिन्तन गर्नु जरुरी छ। एक थरी क्रान्ति नायकहरू र सहपात्रहरूको झुण्ड नै डुङ्डुङ्ती गन्हाएको संसदीय बाटोको फेरो समाएर वैतरणी तर्ने कुचेष्टा गरिरहेका छन्। यो बाटोबाट गन्तव्यमा पुग्न सकिँदैन भन्ने कुरा घाम जत्तिकै छर्लङ्ग छ। यो नेपालका आन्दोलनहरूमा धेरैपटक असफल भइसकेको बाटो हो। व्यावहारिक हिसाबले शक्ति सञ्जय गर्नका निम्ति प्रयो गरिनु अन्यथा थिएन। तर यसैलाई गन्तव्य बनाउनु भनेको आत्मघात र आत्मसमर्पण नै हो। हिजोका जागृत सपनाहरू क्रमशः सेलाउँदै गए भने फेरि तिनीहरूलाई सङ्गठित गर्न र जागृत बनाउन निकै ठूलो मूल्य चुकाउनु पर्नेछ। अझैसम्म त सपनाहरू जागृतै छन्। जागृत रहेकै अवस्थामा गन्तव्यको यात्रा अघि बढाउनु पर्छ। सपनाहरू मर्नु भनेको क्रान्तिकै भविस्य धरापमा पर्नु हो। यो कुरालाई क्रान्तिको बाटो समातेका हामीहरूले समयमै ध्यान दिनुपर्छ र जागृत सपनाहरूको आन्दोलनले मात्र विशालकाय चट्टान फोड्न र समुद्रका ठूलठूला ज्वारभाटा पनि छिचोलेर जहाजलाई किनारामा पुऱ्याउन सक्दछ। त्यसैले आउनुहोस् हामी सबैले सपनाहरूलाई मर्नबाट जोगाऔं। जागृत बनाइराखौं, जागृत सपनाहरूलाई एकढिक्का बनाएर सङ्गठित गरौं र यात्रा अघि बढाऔं।

कविता

## सपना

■ अनु

तिम्रो सपनाको मलामी होइन  
जन्ती बन्ने रहर छ मलाई  
तिम्रो सहरका गल्लीमा होइन  
चोक चौडामा बसेर  
साँच्चै सुन्दर सपनाको  
गीत गाउने रहर छ मलाई  
तिमी के त्यो सुविधा  
दिन सक्छौ मलाई ?  
सक्दैनौ भने, खबरदार !  
म तिम्रो सपनाको मृत्युमा  
मलामीहरु जम्मा पार्दै  
भयंकर स्वर उराल्नेछु  
र दुनियाँलाई बताउनेछु  
तिम्रो 'यो स्वार्थी दुनियाँमा' कुनै ठाउँ छैन  
अस्तित्व रक्षाको लाग्यौ भीख मागे पनि  
दया तिमीलाई कसैले दर्साउने छैन  
तिमी मृत्युशैय्यामा छट्पटाउँदै गर्दा  
मान्छेहरु केवल तमासे बन्नेछन्  
तिम्रो चहऱ्याइरहेको घाउमा  
मल्हम लगाउन कोही अघि सर्ने छैनन्  
तसर्थ, तिम्रो सपनामा जीवन हुनैपर्छ  
रहरहरुले फुल्ने र सुगन्ध छर्ने मौका पाउनैपर्छ  
तिमी त्यो मौका दिन्छौ भने  
तिम्रो हितरक्षार्थ  
अवश्य युग उठ्नेछ  
र, तिम्रो गीत गाउनेछ ।

# कसले, कहिले, कसरी गरे राष्ट्रघात ?

विभिन्न कालखण्डमा भारतीय शासकवर्गलाई रिझाएर नेपालको हितविपरीत काम गर्ने राष्ट्रघाती दलालहरुलाई जनताले बेलैमा पहिचान गर्न जरुरी छ । र, तिनीहरुका विरुद्ध संघर्ष केन्द्रित गर्न जरुरी छ । जनतालाई भ्रममा राख्न बाहिर एउटा भन्ने भित्रभित्र अर्कै गर्ने । यो नेपालका संसदवादी राजनीतिक पार्टीका नेताहरुको बानी र विशेषता नै बनेको छ । ००७ सालदेखि अहिलेसम्म राज्यशक्तिको दुरुपयोग गर्दै कुन कुन दलाल शासकहरुले कस्तो र कुन स्तरको राष्ट्रघात गरे, त्यसको संक्षिप्तमा यहाँ प्रकाश पार्ने कोशिस गरिएको छ ।

### १. प्रम मातृकाप्रसाद कोइराला

वि.सं.२०११ मा प्रधानमन्त्रीको हैसियतले भारतसँग राष्ट्रघाती कोशी सम्झौता गरेका थिए । उनले नेपालमा हिन्दी भाषालाई राष्ट्रभाषा बनाउने प्रयत्न गरे पनि असफल भएको थियो । नेपालको उत्तरी सिमानामा भारतीय सेनाको चौकी स्थापना उनकै पालामा भएको थियो । डा. केआई सिंहको राष्ट्रवादी विद्रोहमाथि दमन गराउन उनले नै भारतीय सेनालाई नेपाल भित्र्याएका थिए ।

### २. प्रम बीपी कोइराला

भारतलाई मात्र लाभ पुग्नेगरी असमान गण्डक सम्झौतो गरे । उनले गण्डक जलाधार क्षेत्रमा नेपालले कुनै नदी स्थानान्तरण परियोजना निर्माण गर्दा भारतसँग अर्को सहमति गर्नुपर्नेजस्ता राष्ट्रघाती प्रावधानसहितको गण्डक सम्झौता गरेका थिए ।

### ३. प्रम गिरिजाप्रसाद कोइराला

भारतले नेपालको भूमि मिचेर महाकाली नदीमा गैरकानुनी रूपमा टनकपुर बाँध निर्माण गरेको कार्यलाई प्रमको हैसियतमा भारत भ्रमणमा जाँदा उनले वैधता प्रदान गर्न भारतसँग गोप्य सम्झौता गरे । सो मुद्दा सर्वोच्चामा पुगेपछि अदालतले टनकपुर सहमति नभई सम्झौता नै भएको फैसला दियो । त्यसरी कोइरालाले टनकपुर सन्धि गरेर जनताको सूचनाको हकसमेत खोसेका थिए ।

२०६२/०६३ को जनआन्दोलनपछि प्रम बनेका समयमा नेपालको हित विपरीत भारतीय निजी कम्पनी ‘जीएमआर’लाई माथिल्लो कर्णाली र भारतीय सरकारी कम्पनी सतलज जलविद्युत निगमलाई अरूण तेस्रो आयोजना बुझाएका थिए ।

### ४. प्रम कृष्णप्रसाद भट्टराई

२०४६ सालको आन्दोलनलगत्तै साहना प्रधानसहित भारत भ्रमणमा गएका थिए । सो क्रममा १० जून १९९० मा जारी गरिएको संयुक्त वक्तव्यमा नेपालका सबै नदी नेपाल र भारतका साझा नदी भएको सहमतिपत्र जारी गरियो । त्यही वक्तव्यको जगममा टेकेर त्यसपछि भारतले नेपालका नदीमा हस्तक्षेप बढाउँदै लगेको छ ।

### ५. प्रम शेरबहादुर देउवा

नेपालको हित विपरीत भारतीय स्वार्थअनुसार राष्ट्रघाती महाकाली सन्धि उनको प्रधानमन्त्रीकालमा बनेको हो । सडकमा विशाल प्रदर्शनकै बीच माधवकुमार नेपालले प्रहरी दमन गरेर महाकाली सन्धि गरे । कर्णाली-चिसापानी परियोजना १०८०० मेगावाट अमेरिकी बदनाम कम्पनी एनरोन (हाल टाट पल्टिसकेको) लाई बुझाउन विशेष भूमिका खेलेका थिए ।

### ६. प्रम पुष्पकमल दाहाल ‘प्रचण्ड’

प्रधानमन्त्रीको हैसियतले भारत भ्रमणमा गएका बेला मेगा परियोजनामा भारतसँग सहमति जनाउँदै नेपालको हितविपरीत राष्ट्रघात हुनेगरी बहुउद्देश्य रहेको नौमुरे परियोजनालाई भारतीय डिजाइनअनुसार जलविद्युत परियोजनाका नाममा भारतलाई बाढी नियन्त्रण र सिञ्चाइको लाभ भारतलाई नै पुग्ने गरी बुझाउने कार्य उनले गरेका थिए । त्यसपछि पनि पञ्चेश्वर परियोजना र कर्णाली चिसापानी भारतलाई दिन सकिने भन्दै भारतीय दैनिक अखबारका ‘द हिन्दु’ मा अन्तर्वार्तामार्फत् भारतको चाकरी गरेका थिए । भारतीय सरकारी कम्पनी सतलज र निजी कम्पनी ‘जीएमआर’ लाई अरूण ३, माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दी बुझाउन उनले सहमति प्रदान गरे ।

### ७. प्रम डा. बाबुराम भट्टराई

उनले प्रधानमन्त्री हुँदा राष्ट्रघाती बिप्पा सम्झौता गरे । भारतीय कमपनी ‘आईएल एन्ड एफएस’ लाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित देशभरिका विमानस्थल बुझाउने प्रयत्न गरेका थिए । ‘राघेशपन्त’, रामेश्वर खनाल’ नामका विश्वबैङ्कका दलाल अघि सारेर नेपाल सरकार र जनताको पहुँच भएका मन्त्रालय र संस्थाहरूको अधिकार र कार्यक्षेत्र कटौती गर्दै भारतको इशारामा लगानी बोर्ड स्थापना गरे । विश्वबैङ्क, बेलायती डिएफआइडी र भारतीय योजनामा गठित लगानी बोर्डलाई देशभरिका ५०० मेगावाटभन्दा ठूला जलविद्युत परियोजना र मेगा परियोजना जिम्मा दिने भयानक राष्ट्रघात गरे । माथिल्लो कर्णालीमा ‘जीएमआर’ लाई निःशुल्क वनक्षेत्र उपलब्ध गराए । पछिल्लोपटक माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दी, अरूण तेस्रो र विद्युत ब्यापार सम्झौतामा समर्थन जनाउँदै राष्ट्रघातमा सबैलाई उछिन्ने कोशिस गरे ।

### ८. प्रम सुशील कोइराला

सर्वोच्च अदालतमा माथिल्लो कर्णाली पीडीएविरुद्ध दर्ता भएको मुद्दामा ‘जिएमआर’ का तर्फबाट पैरवी गर्न आफ्नै गुटका कानुन व्यवसायी तुलसी भट्टराई पठाएका थिए । प्रधानमन्त्री भएको केही समयपछि उनले नेपालगञ्जमा काङ्ग्रेस समर्थक कानुन व्यवसायीहरूको कार्यक्रममा बिना कुनै प्रसङ्ग टनकपुर भारतको हो भन्दै दिल्लीको चाकरी गर्न पुगे । भारतको हित अनुकूल राष्ट्रिघाती माथिल्लो कर्णाली, अरूण- ३ र पीडीए र पीटीए सम्झौता गरेर नदी बेच्ने चौथो नम्बरको कोइराला सूचीमा नाम दर्ज गरे । इतिहासमा माथिल्लो कर्णाली सम्झौतालाई जलस्रोतमा अन्तिम राष्ट्रघात भन्ने गरिन्छ ।

### ९. प्रम माधवकुमार नेपाल

महाकाली सन्धि गराउन भारतले एमाले पार्टीलाई व्यापक दबाब दिएको थियो तर महासचिव मदन भण्डारी त्यसका लागि तयार भएनन् । मदन भण्डारीको हत्यापछि एमाले पार्टीका अरू नेताहरूलाई आत्मसमर्पण गराएर राष्ट्रघाती महाकाली सन्धिमा हस्ताक्षर गराइयो । भारतीय हितमा रहेको महाकाली सन्धि संसद्बाट पारित गराउन प्रमुख प्रतिपक्षी दलका नेताका हैसियतले सत्तापक्ष (नेपाली काङ्ग्रेस) सँग मिलेर विशेष भूमिका निर्वाह गर्ने कार्य माधवकुमार नेपालले गरे ।

पञ्चेश्वर परियोजनाबाट हुने लाभका नाममा भूउपग्रहबाट बिजुली निर्यात गरी नेपाललाई सिंगापुर बनाउने भ्रम जनमानसमा प्रवाह गरी राष्ट्रघाती महाकाली सन्धिलाई संसदीय छाप लगाई वैधता प्रदान गर्नमा अहम् भूमिका निर्वाह गरे । आफू प्रधानमन्त्री रहँदा भारतीय योजनामा जलस्रोत मन्त्रालयको विघटन गरी पानीको मुद्दा नै विषयान्तर हुनेगरी ऊर्जा र सिञ्चाइ मन्त्रालय गठन गरे । पोखरामा सम्पन्न नेपाल भारत सचिवस्तरीय बैठकमा भारतीय हितअनुसार पञ्चेश्वर अघि बढाउने निर्णय गरे । माधव कुमारले भारतीय कम्पनीलाई ‘एमआरपी राहदानी’ छाप्न दिने निर्णय गरेका थिए । व्यापक जनविरोधका कारण सो कदमबाट फिर्ता भएको थियो । भारतीय हितमा हस्ताक्षर भएको महाकाली सन्धि संसद्बाट पारित गराउन मुख्य भूमिका केपी ओलीको थियो । महाकाली सन्धि लागू भएको दोस्रो दिनदेखि नै महाकाली सन्धिबाट नेपाललाई वार्षिक १ खर्ब २१ अर्ब आम्दानी हुने भन्दै ओलीले भ्रम सिर्जना गरे ।

## मन्त्रीहरु

### १. डा. प्रकाशचन्द्र लोहनी

पूर्वपञ्चहरूमा उनले देशभक्त छबि बनाएका छन् तर उनी राष्ट्रघाती महाकाली सन्धिका कट्टर पक्षपाती थिए । सो सन्धि पारित गराउन तत्कालीन परराष्ट्र मन्त्रीका हैसियतले अहम् भूमिका निर्वाह गरेका थिए । महाकाली नदीको उद्गमस्थल लिम्पियाधुरा भए पनि महाकाली नदी र कालापानी क्षेत्र कब्जा गर्ने भारतीय रणनीतिअनुसार लिपुलेक भन्दै नेपालको राष्ट्रिय अखण्डतामाथि प्रश्नचिन्ह उठाएका थिए ।

### २. पशुपति शमशेर जबरा

सपरिवार भारतमा स्थायी बसोवास गर्ने नेता हुन् । उनका सन्तान र सम्पत्ति भारतमै स्थायी रूपमा छन् । महाकाली सन्धिमार्फत् महाकाली नदी भारतलाई सुम्पने, भारतको हितमा पञ्चेश्वर

**संकल्प**

परियोजना निर्माणमा सहमति, म्याद गुज्रेको शारदा ब्यारेज र अवैध टनकपुर बाँधलाई वैधता प्रदान गर्न उनले महत्वपूर्ण भूमिका निर्वाह गरे ।

### ३. भरतमोहन अधिकारी

भारतीय स्वार्थअनुसार भएको राष्ट्रघाती महाकाली सन्धिबाट भारत नै ठगिएको झुठो प्रचारबाजी गर्दै उनले भारतको चर्को दलाली गरेका थिए । उनले त्यसप्रकारको जनमत निर्माणार्थ पुस्तक नै प्रकाशित गरेका थिए । उनले महाकाली सन्धिको विरोधमा सङ्घर्षरत शक्तिहरूका विरुद्ध हिलो छ्याप्ने प्रयत्न समेत गरेका थिए ।

### ४. वामदेव गौतम

राष्ट्रघाती महाकाली सन्धिको विरोध गर्दै एमाले पार्टी फुटाएर नेकपा माले गठन गरी राष्ट्रियताको चर्को नारा दिने व्यक्ति हुन्, वमादेव गौतम । तर लोकेन्द्रबहादुर चन्दको मन्त्रीमण्डलमा उपप्रधान तथा गृहमन्त्री भएको बेला नेपाल भ्रमणमा आएका भारतीय प्रधानमन्त्री आईके गुजराललाई महाकाली सन्धि नेपालको संसद्ले विधिवत् रूपमा पारित गरेको जानकारी दिन आफैँ उपस्थित भएका थिए । चन्द सरकार विघटनपछि सत्ता र पदका लागि एमाले पार्टीबाट अलग्गिएको तर आफूलाई राष्ट्रवादी भ्रम दिन महाकाली सन्धिको खरानी घसेका थिए । पछिल्लो चरणमा गृहमन्त्री भएयता पटक पटक त्रिभुवन विमानस्थलका सम्पूर्ण बत्तीहरू घण्टौँ निभाउँदै तथा अध्यागमनका सबै कर्मचारी टेबुल खाली गरेर सेकुवा खान क्यान्टिन पठाएर सुन र लागू औषध तस्कर गर्दै आएका छन् । विभिन्न ठूला आयोजनाहरूमा कमिसनका लागि ऊर्जामन्त्रीमार्फत् गलत र राष्ट्रघाती निर्णय गराउँदै आएका छन् । भारतीय स्वार्थका लागि माथिल्लो कर्णाली र अरूण- ३ को पीडीए र पीटीए गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उनी पछिल्लो चरणमा भारतीयहरूको वकालतमा चर्को उभिएका नेता मानिन्छन् ।

### ५. राधा ज्ञवाली

उनी भारतको आसामकी मान्छे हुन् । नेपाली नागरिकसँग विवाह गरेर नक्कली नागरिकता लिएकी ज्ञवालीको नशामा भारतको रगत बगिरहेको छ । भारतको हितअनुसार राष्ट्रघाती माथिल्लो कर्णाली र अरूण- ३ को पीडीए र पीटीए गराउने प्रमुख पात्र उनै हुन् । उनी नेपालका सम्पूर्ण जलविद्युत आयोजनामा डलरमा पीपीए गराउन र नेपालीलाई कङ्गाल बनाउन लागेकी छन् ।

### ६. गोकर्ण बिस्ट

माथिल्लो कर्णाली आयोजना डलरमा पीपीए गर्ने र भारतको गुप्तचर संस्था भनी चर्चित जीएमआरलाई सुम्पने सरकारी निर्णयको विरोधमा स्थानीय जनता उत्रिएपछि सो आयोजनामा सेना परिचालनको निर्णय तत्कालीन ऊर्जामन्त्री गोकर्ण बिस्टले गरेका हुन् । आयोजनास्थलमा विरोध गर्नेलाई गोली हान्न सक्ने फासिस्ट अधिकार सुरक्षाकर्मीलाई प्रदान गर्ने कालो विधेयक व्यवस्थापिकामा पेश गरेका थिए । भारतीय स्वार्थअनुसार अघि बढाउन खोजिएको सप्तकोशी उच्चबाँध डीपीआर निर्माणका लागि सशस्त्र प्रहरी परिचालन बिस्टले नै गरेका हुन् । सो आयोजनाको डीपीआर तयार गर्दा नेपाली कर्मचारी र श्रमिकलाई समेत भारतको तलब भत्तामा श्रम गर्न लगाइयो । जलाशय परियोजनाका कारण भारतलाई पुग्ने बाढी नियन्त्रण र अथाह सिञ्चाइ लाभअनुसार नेपालको नदी र नेपालमै जनता विस्थापित भएका कारण नेपालले उचित लाभको माग गर्ने हो भने नेपालमा जलविद्युतको विकास नहुने भन्दै सप्तकोशी परियोजना भारतलाई सुम्पेका थिए । सो आयोजनामा माथिल्लो र तल्लो तटीय अधिकारसमेत भारतलाई सुम्पन उनले कुनै कसर बाँकी राखेनन् ।

### ७. भीम रावल

माथिल्लो कर्णाली आयोजना र पीडीएका विरुद्ध सुरुमा आगो ओकलेका एमाले पार्टीका नेता भीम रावलले सुरुमा “यो सम्झौता भयो भने मेरो निर्वाचन क्षेत्रमा आगो बल्छ, म समर्थन गर्न सक्तिनँ” सदनमै भनेका थिए । तर पछिल्ला दिनहरूमा जीएमआरकै हेलिकोप्टर चढेर दैलेख, अछाम शयर गर्दै जीएमआरको वकालत गर्दै हिँडेका छन् । जीएमआरले सुरुमा विरोध गरेका सबैलाई खरिद गर्नाका लागि ५२ अरब बजेट छुट्याएको चर्चा छ ।

### ८. रामशरण महत

उनलाई विश्व बैङ्क र पश्चिमा अर्थनीतिका दलाल मानिन्छ । राष्ट्रघाती माथिल्लो, राष्ट्रघाती माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दी, अरूण- ३, पीडीए र पीटीए गराउनका लागि अहम् भूमिका निर्वाह गरेका छन् । उनले नेपाली लगानीकर्ता र स्वदेशी पुँजीलाई भन्दा एसियाली विकास बैङ्क र विश्व बैङ्कका जस्तोसुकै शर्तमा उनीहरूको ऋण बोक्ने परियोजना नेपालमा लाद्न अहम् भूमिका निर्वाह गर्दै आएका छन् । नेपालमा विश्व बैङ्कको दबाब र योजनामा सबै सरकारी संस्थान, कारखाना निजीकरणका नाममा विदेशीलाई (नेपाली नागरिकता लिएका वा नलिएका) बुझाउन मुख्य भूमिका खेल्दै आएका छन् । विश्व बैङ्कै दबाबमा नेपालमा खुला बजार र आर्थिक उदारीकण हुल्न राष्ट्रिय योजना आयोगको उपाध्यक्ष भएको बेला महत्वपूर्ण भूमिका खेलेका थिए । माथिल्लो तामाकोशी निर्माणको प्रयास भइरहेको बेला सो आयोजना नेपालीले बनाउन हुँदैन भन्दै सो आयोजना विदेशी कम्पनीलाई दिनुपर्ने धरणा सार्वजनिक गर्ने राष्ट्रघाती व्यक्ति हुन् महत ।

### ९. प्रकाशशरण महत

राष्ट्रघाती माथिल्लो कर्णाली, अरूण- ३ र माथिल्लो मर्स्याङ्दी पीडीए गर्ने प्रकाशशरण महतले ऊर्जामन्त्री हुँदा ठूलो प्रयत्न गरेका थिए । दाजु रामशरणको अमेरिकापरस्त देशद्रोही कार्यका प्रवक्ताका रूपमा उनले कार्य गर्दै आएका छन् । माथिल्लो तामाकोशी र तामाकोशी तेश्रो आयोजना नर्बेजियन कम्पनीलाई दिनुपर्ने भन्दै विदेशीको दलाली उनले गरे तर उनीहरूको दलाली सफल भएन ।

## कर्मचारीहरु

### १. राधेश्याम पन्त

यी एकजना कर्मचारी हुन् । यिनको श्रीमती अनु पन्तको नाममा सञ्चालन हुँदै आएको स्माइल नेपाल नामको एनजीओका अध्यक्षका रूपमा काम गर्दै आएका पन्तले नेपालका ठूला आयोजना विदेशीलाई सुम्पन लबिङ गर्दै आएका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित १५ वटा विमानस्थलको व्यवस्थापन भारतीय निजी कम्पनीलाई सुम्पेर नेपालमा भारतीय सेना ल्याउन र सुरक्षा, सूचना तथा रणनीति भारतलाई दिन भारतीय कम्पनी आईएल एन्ड एफएसलाई उनले नै पत्राचार गरेका थिए । अरूण- ३ र माथिल्लो कर्णाली कसरी कुन शर्तमा गरिएको छ भन्ने सूचना हाल लुकाउने कार्य उनकै नेतृत्वमा भएको छ । ती आयोजनामा अक्षम राष्ट्रघात गरिएको छ । उनी कुमारी बैङ्कको मासिक १८ लाखको जागिर छाडेर लगानी बोर्डको ३ लाखको जागिरमा देश बनाउन होइन कि दिल्लीको निर्देशनमा नेपालको जलस्रोत भारतलाई सुम्पने लेन्डुपे मनोकांक्षा बोकेर आएका हुन् ।

### २ राजेन्द्र किशोर क्षेत्रीः

यिनी ऊर्जा सचिव हुन् । राष्ट्रघाती महाकाली सन्धिदेखि नै उनी विभिन्न सरकारी गैरसरकारी वार्ता टोलीको सदस्य रहँदै आएका थिए । उनले माथिल्लो कर्णाली र अरूण- ३ को पीटीए, पीडीए गराउन महत्वपूर्ण भूमिका खेलेका थिए । माथिल्लो कर्णाली पीडीएका लागि दिल्ली गएको सरकारी वार्ता टोलीको नेतृत्व क्षेत्रीले गरेका हुन् । हाल उनले नै नेपालका सबै जलविद्युत आयोजनाको डलरमा पीपीए गराउने हर्कतको नेतृत्व गरिरहेका छन् ।

### ३ सूर्यनाथ उपाध्याय

नेपाल सरकारका भूतपूर्व कर्मचारी सूर्यनाथ उपाध्याय महाकाली सन्धिका कट्टर पक्षपाती हुन् । नेपाल सरकारका वार्ता टोली सदस्यका रूपमा उनले सो राष्ट्रघाती सन्धि गर्ने भूमिका निर्वाह गरे । नेपालको हितविरुद्ध रहेको पश्चिम सेती आयोजना अस्ट्रेलियन बहुराष्ट्रिय कम्पनी ‘स्मेक’ को वैतनिक कर्मचारी (कन्सल्ट्यान्ट) भई स्मेक र भारतको पक्षमा आयोजना पार्नका लागि ठूलो भूमिका खेले । महाकाली सिञ्चाइ परियोजनामा जलश्रोत सचिव रहँदा भएको ७ करोडभन्दा बढी अपचलनमा उनको समेत सहभागिता त्यसै बेला चर्चामा थियो । यतिबेला विश्वबैङ्कको सहयोगमा जलश्रोत विकास संस्था नामक एनजीओ चलाएर नोकरशाहहरू र जलमाफियालाई राष्ट्रहित विरोधी कार्यमा परिचालन गरिरहेका छन् । उनी अहिले प्रबुद्ध समूहको सदस्यमा छन् । यसबाट नै बुझिन्छ प्रबुद्ध समूहले कत्तिको नेपालको हितमा काम गर्ला भनेर ।

### ४ किशोरबाबु अर्याल

पूर्व जलश्रेत सचिव किशोरबाबु अर्याल पश्चिम सेतीमा स्मेकको वैतानिक कन्सल्ट्यान्ट भई भारत र अस्ट्रेलियन कम्पनी स्मेकको पक्षमा खुला लबिङ गरेका थिए । महाकाली सिञ्चाइ योजनामा भएको भ्रष्टाचारमा निज अर्यालको भूमिका थियो ।

### ५ जनकलाल कर्माचार्य

यी एकजना जलमफिया हुन् । नेपालमा बन्ने जलाशययुक्त परियोजनाको तल्लो तटीय बाँध र पानीको अतिरिक्त अधिकारको विरुद्ध विदेशीको पक्षमा बोल्दै नाजायज लाभका लागि विदेशीको चाकरी गर्दै आएका छन् । उनी एकजना भारत समर्थक जलमाफिया मानिछन् । अन्धाधुन्ध वैदेशिक लगानीको समर्थन गर्दै नेपालको आन्तरिक पुँजीलाई निरुत्साहित गर्ने भूमिका खेल्दै आएका छन् ।

### ६रामेश्वर खनाल

यी एकजना ‘भगौडा नोकरशाह’ नामले बदनाम कर्मचारी हुन् । जसले विश्व बैङ्कको योजनामा अर्थ मन्त्रालयको सचिव पद छोडेका थिए । हाल विश्व बैङ्कको दक्षिण एसिया सल्लाहकारका रूपमा आफूलाई विज्ञापन गर्दै नेपाली पुँजी, प्रविधि र जनसहभागितामा आयोजना बन्नुपर्छ भन्ने व्यक्ति र संस्थाको विरुद्ध गालीगलौजमा उत्रिएका छन् । नेपालमा बन्ने ठूला जलाशययुक्त बाँध आयोजनाले भारतमा अतिरिक्त पानी तथा बाढी नियन्त्रण हुँदैन, भारतमा नेपालले बेच्ने र गर्ने भनेको बिजुली मात्रै हो भन्ने विश्वबैङ्क, डीफीड र अस्ट्रेलियन एडले भारतका पक्षमा प्रायोजित रूपमा सन् २०१२ मा सार्वजनिक गरेको ‘गंगेज स्टाटेजिक एसिसमेन्ट’ नामक नेपाली हित विरोधी प्रतिवेदनको खुलेर समर्थन गर्दै निजले वक्तव्यबाजी गरेका थिए ।

### ७ डिल्लीबहादुर सिंह

यिनले पञ्चेश्वर परियोजना प्रमुख हुँदा भारतको योजनाअनुसार पञ्चेश्वरबाट नेपाललाई अथाह लाभ हुन्छ भन्ने भ्रम सृजना गरेका थिए । यतिबेला सेवा निवृत्त हुँदा आफू पञ्चेश्वर प्राधिकरण प्रमुख हुनुपर्छ भन्दै भारतीय टेलीभिजन च्यानलमा धारणा सार्वजनिक गर्दै हिँडेका छन् । राष्ट्रघाती, दलाल सिंहले राष्ट्रघाती महाकाली सन्धि विरोधीलाई ‘जो चोर उसैको ठूलो स्वर’ भने झैँ उल्टै भारतबाट परिचालित भन्दै हिँडेका थिए ।

काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु
सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

काजिका अ.द.नं. १९४/०७३

वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

## आलोपालो

# संसदवादीहरुको सरकार अदल-बदलको खेल



रामसिंह श्रीस

*"मात्र संसदीय संवैधानिक राजतन्त्रमा मात्र होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरुमा समेत सत्तारुढ वर्गको कुन चाहिं सदस्यले संसदमा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो ।"*

**- लेनिन, राज्य र क्रान्ति**

नेकपा (माके)को पोलिटव्यूरोको बैठकले राष्ट्रिय सहमतिको सरकारको पक्षमा पहलकदमी लिने निर्णय गरेपछि अब सरकार परिवर्तनको कुराले चर्चा पाएको छ। हिजोको दिनमा पनि पटक पटक सरकार परिवर्तन भएको हो र अहिले पनि फेरि त्यही कुरा उठिरहेको छ। सरकार परिवर्तन के का लागि ? सरकार परिवर्तनपछि जनताले के पाउने ? सरकार परिवर्तनसँग जोडिएका यी महत्वपूर्ण प्रश्नहरु हुन् ।

पहिलो संविधानसभाको चुनाव अवधिको त कुरै छोडौं त्यसपछि पनि पटक पटक सरकार परिवर्तन भए । त्यतिवेला जतिपटक सरकार परिवर्तन भएपनि सरकार परिवर्तन हुनुको कारण जनताको हक अधिकार र जनजीविकाको सवाल थिएन, केवल राजनीतिक दलहरुको सत्ता स्वार्थ थियो। कथित् दोस्रो संविधानसभाको चुनावी परिणामले नेका सबैभन्दा ठूलो दल बन्न पुगे पनि उसको एकलौटी सरकार बन्ने संसदमा स्पष्ट बहुमत भएन। त्यसपछि नेका र एमालेले नेकाको नेतृत्वमा संयुक्त सरकार बनाए। संविधान घोषणापछि नेकाले सरकारको नेतृत्व एमालेलाई दिन आनाकानी गऱ्यो । त्यसपछि एमालेको नेतृत्वमा तत्कालीन एमाओवादी हालको माकेको सहभागितामा संयुक्त सरकार बन्यो । अहिले माकेले सरकार परिवर्तनको कुरा उठाइरहेको छ।

जनतालाई दमन र उत्पीडन गर्ने सवालमा सरकार पक्ष र प्रतिपक्ष सबैदलहरु एक ठाउँमा छन् । जस्तो, मजदुर, किसान, आदिवासी जनजाति, मधेसी समुदाय आदिको जायज मागहरु सम्बोधन नगरीकनै संविधान जारी गर्न यी दलहरु एकमतै थिए। थारु र मधेसीहरुको आन्दोलन दबाउन त्यतिबेला सरकार पक्ष र प्रतिपक्ष एकमतै थिए। विप्पा सम्झौता, अपर कर्णालीजस्ता राष्ट्रघाती सम्झौता गर्ने कुरामा पनि यिनीहरु एकमत थिए। अहिले पनि लोडसेडिङको चर्को मारमा परेका जनतामाथि विद्युत महसुल बढाउन, प्रहरी बल परिचालन गरी सुकुम्बासी किसानहरुको बाली नष्ट गर्ने कुरामा यी दलहरु सहमत नै देखिन्छन्। महंगी, बेरोजगारी बढेको छ। भ्रष्टाचारले संस्थागत रुप लिएको छ। यसलाई निरन्तर रुपमा अगाडि बढाउने कुरामा उनीहरुमा कुनै मतभेद देखिन्न। यी तमाम कुराहरुबाट के प्रष्ट हुन्छ भने जनतालाई दमन र उत्पीडन गर्ने कुरामा यिनीहरु एकमत हुन्छन्। खाली सत्ता स्वार्थ र आर्थिक लाभको लागि भागवण्डा गर्ने कुरा नमिलेपछि मात्र विभिन्न बहानामा सरकार फेरबदलको खेल खेल्छन्।

संविधान घोषणा भएपछि सरकार परिवर्तनको कुरा सरकारमै रहेको एमालेले उठाएको थियो। आज राष्ट्रिय सहमतिको नाममा सरकार परिवर्तनको कुरा सरकारमै सहभागी माकेले उठाएको छ। यसभन्दा पहिले एमालेले पनि नेकाले भद्र सहमति तोडेको आरोपमा सरकार परिवर्तनको कुरा गरेको थियो। र, परिवर्तन पनि भयो। अहिले माओवादी केन्द्रले पनि एमालेले नौं बुँदे र भद्र सहमति पालना नगरेको भन्दै सरकार परिवर्तनको कुरा गरेको छ। सत्ताको स्वाद लिन पालैपालो सरकारको नेतृत्व गर्ने त्यो भद्र सहमति सरकारको नेतृत्व गरेको पार्टीले तोडेपछि अर्को पक्ष सरकारबाट बाहिरिन्छ। अनि चल्छ नयाँ सरकार बनाउने र नयाँ भागबण्डा गराउने खेल। यो खेलमा राजनीतिक दलहरु मात्र होइन, राजनीतिक दलभित्रका गुटहरु पनि सहभागी हुन्छन्। यो खेल अगाडि बढ्छ र त्यसमा विदेशी प्रतिक्रियावादी शक्तिहरु पनि सहभागी हुन्छन्। अन्ततः खेलको टुंगो लगाउने काम विदेशी शक्तिकेन्द्रको हातमा पुग्छ। अहिले यही खेल फेरि सुरु भएको छ।

माकेले राष्ट्रिय सहमतिको सरकार आवश्यक पर्नुमा अहिलेको सरकारले शान्तिप्रक्रियाको बाँकी कार्यभार पूरा नगरेको, भूकम्प पीडितहरुको पुनर्वासलगायत समस्या समाधान गर्न गम्भीर नदेखिएको, मधेसी आन्दोलनसँग सार्थक वार्ता नभएको र संविधान कार्यान्वयनमा उदासिन देखिएको आदि कारणहरु अघि सारेको छ। यही कारण देखाएर माके सरकारबाट बाहिरिए पनि उसले कोसँग मिलेर राष्ट्रिय सरकार बनाउँछ ? अहिलेसम्म नेका, एमाले र माकेको सहमतिलाई राष्ट्रिय सहमति भन्ने गरिएको छ। यो राष्ट्रिय सहमति होइन, तीन दलीय सहमति हो। राष्ट्रिय सहमति भनेको आज देशमा क्रियाशिल सबै राजनीतिक दलहरुको बीचमा सहमति हो। जसमा, संसदवाहिर पनि क्रियाशिल र सशक्त राजनीतिक दलहरु छन्। वास्तवमा माकेले राष्ट्रिय सहमति खोजेको होइन कि सरकारको नेतृत्व खोजेको हो। एमालेले माकेलाई सहजै सरकारको नेतृत्व दिएको भए राष्ट्रिय सहमितको कुरै उठ्ने थिएन। अहिले एमालेले माकेलाई सरकारको नेतृत्व दिन तयार नभएपछि माकेले राष्ट्रिय सहमतिको कुरा उठाएको छ।

नेका दलाल नोकरशाही पुँजीपति र सामन्तवर्गको प्रतिनिधित्व गर्ने पार्टी हो। त्यस्तो पार्टीको सहयोगमा माकेले सरकारको नेतृत्व पायो भने के राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा काम हुन सक्छ ? अहिलेसम्मको राजनीतिक इतिहासले प्रष्ट पारेको छ कि त्यो सम्भव छैन। त्यस्तो स्थितिमा माके नेकाको कारिन्दा बन्नेछ। नेकाले जे जे भन्यो माकेले त्यही कुरा खुरुखुरु मान्नुपर्नेछ। एमालेको सहयोगमा सरकारको नेतृत्व लिएपनि माकेको स्थिति उही हुनेछ। नेका र एमाले मिलेर बनाएको सरकारको परिणाम नेपाली जनताले भोगिसकेका छन्। माकेले स्वयम् संसदीय व्यवस्थालाई स्वीकार गरिसकेको र सर्वहारावर्गीय अडानलाई छोडिसकेको हुनाले उसैका नीति लागू भएपनि नेपाली जनताले सुख पाउनेवाला छैनन्।

प्रचण्डले नेकपा (क्रान्तिकारी माओवादी)लाई पार्टी एकताको लागि पठाएको प्रस्तावमा यो संविधान प्रतिक्रियावादी र यथास्थितिवादी शक्ति हावी भएको भनेका थिए। पछि बादल र देव गुरुङसँग गरेको सहमतिमा 'यो संविधानले प्रतिक्रियावादी संसदीय व्यवस्थालाई निरन्तरता दिई राज्यसत्ता दलाल, नोकरशाही पुँजीपति र सामन्तवर्गकै हीत सुरक्षित गरेको छ,' भनिएको छ। अब प्रचण्ड जी प्रतिक्रियावादी संसदीय व्यवस्थालाई निरन्तरता दिएको र दलाल नोकरशाही पुँजीपति र सामन्तवर्गकै हीत सुरक्षित राखेको संविधानलाई केपी ओलीले कार्यावयन गर्न उदासिन रहेको आरोप लगाउँदै छन्। र, त्यस्तो प्रतिक्रियावादी संविधानलाई कार्यान्वयन गर्न र सरकारको नेतृत्व लिन प्रयत्नशील छन्। त्यसको लागि नेका र राप्रपासँग वार्ता चलाइरहेका छन्। माकेको पोलिटव्यूरोको बैठकले यसलाई पारित गरेको छ। प्रचण्डसँग गएर प्रतिगामी संविधानको विरोध र भण्डाफोरलाई अगाडि बढाउँछौं भन्ने बादल र गुरुङ कमरेडहरुको चरित्र पनि अब छर्लङ्ग भएको छ।

०४६ सालदेखि यता भए गरिएका राजनीतिक घटनाक्रमहरुको मूल्यांकन र अहिले माथि उल्लेख गरिएका कुराहरुबाट के प्रष्ट हुन्छ भने संसदीय व्यवस्थामा हुने सरकार परिवर्तनले वास्तविक श्रमजीवि जनताको हितमा काम गर्न सक्दैन। लेनिनले भने झैं पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार भनेको सत्तारुढ वर्गको कुन चाहिं सदस्यले संसदमा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एक पटक निर्णय लिनु हो। यहाँ लेनिनले सत्तासिन राजनीतिक पार्टीको सदस्य नभनेर सत्तासिन वर्गको सदस्य भन्नुभएको छ। नेपालमा हाल सत्तासिन वर्ग भनेको दलाल नोकरशाही पुँजीपति र सामन्तवर्ग हुन्। माकेको सरकार परिवर्तनको कुरा पनि सरकारमा गएर कसले बढी जनतालाई दमन र उत्पीडन गर्ने भन्ने प्रश्नसँगै जोडिएको छ। माकेले सर्वहारावर्गीय अडानलाई छोडेर प्रतिक्रियावादी वर्गको व्यवस्था 'संसदीय व्यवस्था'लाई स्वीकार गरिसकेपछि त्यसले गर्ने सबै कामहरु तदनुरुप नै हुने गर्दछ। त्यसकारण संसदीय व्यवस्थाभित्रको राजनीतिक फोहरी खेलको भण्डाफोर गर्दै जनताको वास्तविक जनअधिकार प्राप्तिको लागि क्रान्तिकारी गतिविधिहरुमा हाम्रो सक्रियता र पहलकदमी हुनु पर्दछ।

## जिएमआरसँगको ...

अतिक्रमण गर्ने अधिकार यो सरकारलाई नभएको पनि उहाँले बताउनु भयो। यो निकै सस्तो र प्रकृतिमैत्री परियोजना भएकाले अन्य प्राकृतिक स्रोत साधनहरुको दोहन र परिचालनका हिसाबले पनि विदेशीले निकै आँखा गाडेको कुरा सबेका सामु नछिपेको बताउनुभयो।

देश र देशका जनताका हितको कुरा सरकारमा बस्नेहरुले कहिल्यै बुझ्न नसकेको भन्दै किरणले यस्ता कामहरु केवल दलाल र राष्ट्रघाती तथा गद्दारहरुले मात्र गर्न सक्ने बताउनुभयो। देशका नागरिकहरुको अधिकारका कुरालाई वास्तै नगरी उल्टै सेना परिचालन गरेर भए पनि उपल्लो कर्णालीको पीडीए भारतीय कम्पनी जीएमआरलाई नै दिने सरकारले गरेको निर्णयले अब सङ्घर्ष बाहेक अर्को कुनै विकल्प जनताका सामु बाँकी नरहेको उहाँले बताउनु भयो।

अन्तरक्रियामा 'विश्वकै सर्वाधिक अग्लो बाँध योजनाको विनास, उपल्लो कर्णाली योजना विवाद' शीर्षक कार्यपत्र प्रस्तुत गर्दै डा. आनन्दबहादुर थापाले उपल्लो कर्णालीमा आफैमा ४१० मिटर अग्लो प्राकृतिक बाँध रहेको र टनेल पनि धेरै बनाउनु आवश्यक नरहेको बताउनुभयो। उहाँले ४१८० मेगावाटको उपल्लो कर्णालीलाई केवल ९०० मेगावाटको भनी जनतालाई ठगिरहेको दाबी गर्नुभयो। हामीमा आफ्नै जलस्रोतबारे ज्ञान नहुनु र विदेशीले फैलाएको हौवाका पछाडि दौड्नु बिडम्बना नै भएको उहाँले बताउनु भयो।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय जनममोर्चाका अध्यक्ष तथा वर्तमान उपप्रधानमन्त्री चित्रबहादुर केसीले शरीरमा हेर्दा नेपाली टोपी र दौरासुरुवाल लगाएका नेपालका नेता, मन्त्री तथा न्यायाधीशहरुले दिमागमा भने विदेशीले के भन्छन् भन्दै पराधीनताको मानसिकता बोकेर हिँड्ने भएकाले अपर कर्णाली जस्ता नेपालीको भविष्य निर्धारण गर्ने जलविद्युत आयोजना भारतीय कम्पनी जीएम् आरलाई सुम्पिन पुगेको बताउनुभयो। देशका कलकारखाना तथा उद्योगधन्दा लिलाम गरेर प्रजातान्त्रिक अभ्यास गर्ने सरकारले अब देशका प्राकृतिक स्रोतसाधन पनि सबै लिलाम गर्न लागेको उहाँले बताउनुभयो।

कार्यक्रममा नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले तयार पार्नुभएको कार्यपत्र विमल शर्माले बाचन गर्नुभएको थियो। कार्यपत्र वाचन गर्दै शर्माले नेपालको पानीमा विदेशीहरुको एकाधिकार कायम रहँदै गएकाले नेपाली जलसम्पदाको विकास हुन नसकेको भन्दै यी राष्ट्रघाती सम्झौताविरुद्ध देशव्यापी जनचेतना उठाउने बताउनुभयो।

नेकपा माओवादीका केन्द्रीय सदस्य कृष्ण धमलाले अपर कर्णाली जीएमआरलाई सुम्पनु गलत भएको भन्दै नेपाली आफैले सरोबरीय ढाँचामा निर्माण गरी तल्लो तटीय क्षेत्रमा खाने पानीको आपूर्ति गर्न सकिने र गर्नुपर्ने कुरामा जोड दिनुभयो। पूर्वमन्त्री तथा चिकित्सक उपेन्द्र देवकोटाले नेपाल मुक्तहुन बाँकी रहेको र छिमेकीको उपनिवेश भएकाले सङ्घर्ष जरुरी भएको बताउनुभयो।

त्यसै गरी पूर्व गभर्नर तथा जलस्रोतविद् दीपेन्दबहादुर क्षेत्रीले उपल्लो कर्णालीको यथार्थ सबैको सामु आइसकेकाले हामी नेपालीहरु अध्यारोमा बस्न र ठगिन नचाहेको कुरामा जोड दिनुभयो। पूर्व जलस्रोत सचिव द्वारिकानाथ ढुङ्गेलले आफूहरु उज्यालोको विरोधी नभएको तर अध्याँरोमा बस्न तयार नहेको भन्दै कमीकमजोरी हामी नेपाली र नेपाली सरकार तथा हाम्रा नेताले गर्दै आएको कुरामा जोड दिनुभयो। इतिहासविद् सुरेन्द्र केसीले नेताहरुले नै इतिहासदेखि गल्ती गर्दै आएको र अहिले पनि भनाइ एउटा र गराइ अर्को गर्ने गरेकाले हामीले यो नियति दोहऱ्याई तेहऱ्याई भोग्नु परेको बताउनु भयो।

कम्युनिष्ट न्युक्लसका केन्द्रीय संयोजक हेमन्तप्रकाश ओलीले संसारको व्याख्या सबैले गर्ने गरेका छन् तर मुख्य कुरा त बदल्नु नै हो भन्ने मार्क्सवादी मान्यतालाई आत्मसात् नगर्दासम्म संसारमा केही परिवर्तन हुन नसक्ने बताउँदै संघर्षमा जानुको विकल्प नरहेको कुरामा जोड दिनु भयो।

सीताराम तामाङले सञ्चालन गर्नु भएको उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता भरत शाही र स्वागत भाषण शिवसुन्दर शाहीले गर्नु भएको थियो।

## नेपाली क्रान्तिमा ...

कम्युनिस्ट पार्टी र मार्क्सवादकै परित्याग गरी नयाँ शक्ति बनाइएको घोषणा गर्न पुगे। नयाँ र पुरानोको बहसको यो तेस्रो परिणति हो।

बहसको प्रक्रिया त्यत्तिमै टुङ्गिएन। नयाँ र पुरानोको बहस अब विचारमा होइन, पुस्तामा केन्द्रित हुन पुग्यो। कतिपय साथीहरू के भन्न थाले भने अब पुरानो पुस्ताले क्रान्ति गर्दैन र नयाँ पुस्ता अगाडि सर्नुपर्‍यो। तर, जब विचारको प्रश्नमा गम्भीर बहस चले र मतभेदहरू पैदा भए, त्यो बेला नयाँ पुस्ताको कुरा उठाउने साथीहरू पुरानै विचारलाई अवलम्बन गर्न पुगे र त्यसैका पछाडि दगुरे। यो पनि नयाँ र पुरानोको बहसको एउटा अर्को परिणति हो।

वस्तुतः बहस नयाँ र पुरानो पुस्ताका सन्दर्भमा होइन, नयाँ र पुरानो विचारका प्रश्नमा हो। जहाँसम्म क्रान्तिमा नयाँ पुस्ताले खेल्ने भूमिकाको प्रश्न हो, त्यसलाई अलिकति पनि कमजोर पार्नु हुँदैन। क्रान्तिमा नयाँ पुस्ताकै भूमिका महत्वपूर्ण हुन्छ, परन्तु त्यस निम्ति पुस्तामात्र होइन, विचार पनि नयाँ हुनुपर्दछ। त्यसैले सङ्गठन र क्रान्तिमा हामीले कुनैपनि पुस्तालाई निषेध गर्नु हुँदैन, पुरानो, प्रौढ र नयाँ तीन ओटै पुस्तालाई समुचित रूपमा संयोजन गर्न आवश्यक हुन्छ।

अन्तर्राष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ र पुरानोको बहस भौतिकवादी द्वन्द्ववाद र मनोगतवादका बिचको सङ्घर्षका रूपमा अभिव्यक्त हुँदै आएको छ। मनोगतवादका मूलतः दुई रूप हुने गर्दछन् - जडसूत्रवाद र अनुभववाद। जडसूत्रवादले सिद्धान्तको रक्षाको कुरामा विशेष जोड दिन्छ र त्यसको सिर्जनात्मक विकासमा अवरोध पुऱ्याउँछ। यसको ठीक उल्टो अनुभववादले नवीनता, मौलिकता तथा सिर्जनशीलतामा विशेष जोड दिएको नाटक गर्दछ र सिद्धान्तको सारतत्वमाथि भीषण हमला बोल्दछ। यी दुवै गलत चिन्तन पद्धति हुन् र भौतिकवादी द्वन्द्ववादले तिनको विरोध गर्दछ। भौतिकवादी द्वन्द्ववादका अनुसार सिद्धान्तको सारतत्वको रक्षा र नवीनता, मौलिकता तथा सिर्जनशीलताको उद्‌घाटन गर्दै त्यसलाई विकसित तुल्याउनुपर्दछ।

यहाँनेर हामीले के कुरा बुझ्न जरुरी हुन्छ भने दक्षिणपन्थी संशोधनवादीहरुले सच्चा मार्क्सवादीहरुमाथि जडसूत्रवादी भएको आरोप लगाउँदै आफू साँच्चैको नयाँ, मौलिकताको पक्षधर र सिर्जनशील भएको दाबी गर्दछन्। परन्तु, अन्ततः उनीहरु नयाँको विरोध गर्दै पुरानोको संरक्षण तथा सेवा गर्ने काममा लाग्दछन्। लेनिनका विरुद्ध खडा काउत्स्की र स्तालिनका विरुद्ध खडा त्राट्स्की प्रतिक्रियावादी पुँजीपति वर्गका पक्षधर रहेका थिए भन्ने कुरा जगजाहेर नै छ। आखिर हाम्रो देशमा पनि पुरानाको विरोध र नयाँको पक्षमा उभिएको दाबी गर्नेहरू कसरी प्रतिगामी संविधानको कार्यान्वयन गर्न र नयाँ शक्तिको नाममा विजातीय कित्तामा उभिन पुगे भन्ने कुरा छर्लङ्गै हुन गएको छ।

आज विश्व र नेपाल पनि धेरै बदलिएको छ। परन्तु, अहिले पनि वर्तमान युग साम्राज्यवाद र सर्वहारा क्रान्तिकै युग हो। त्यसैगरी, नेपाल पनि मूलतः अर्धसामन्ती र अर्ध/नवऔपनिवेशि अवस्थामै छ। यो बेला द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा ठोस परिस्थितिको ठोस अध्ययन गरी नेपाली नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध तथा विकसित तुल्याउन आवश्यक छ। त्यस निम्ति हामी छिटै पार्टीको राष्ट्रिय सम्मेलनको आयोजना गर्न गइरहेका छौं।

वस्तुतः हामीले क्रान्तिको प्रक्रियामा विचारका क्षेत्रमा नयाँ र पुरानोका बिच बहस चलाउँदा नयाँको पक्षपोषण र पुरानोको विरोध गर्नैपर्दछ। परन्तु, यसो गर्दा नयाँको आवरणमा प्रस्तुत हुने पुरानो विचार अर्थात् अनुभाववाद र दक्षिणपन्थी संशोधनवादका विरुद्धको सङ्घर्षमा भने विशेष ध्यान केन्द्रित गर्न जरुरी छ।

## सुकुम्बासीमाथि भएको ...

अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका नेताहरुले सरकारले सुकुम्बासीहरुको गाँस, बास खोस्ने अमानवीय दमन जारी राखे कडा प्रतिरोधमा उत्रने चेतावानी दिएका छन्। संघका महासचिव सन्ध्या प्रधानले बिहीबार रिपोटर्स क्लवमा गरिएको पत्रकार सम्मेलनमा भने, "सुकुम्बासीले ०३० सालदेखि ऋणपान गरेर खनजोत गरी अन्नबाली लगाएर खाँदै आएको ऐलानी जग्गामा यसपाली लगाइएको मकै पाक्नै लागेको अवस्थामा स्थानीय प्रशासनले सुकुम्बासीहरुलाई गोली हानेर क्रूर दमनगरी पूरै नष्ट पारेको छ।" राज्यको आततायी दमनका विरुद्ध आक्रोश पोख्दै भने, "राज्यशक्तिको दुरुपयोग गर्दै यसरी राज्यले सुकुम्बासीहरुको गाँस, बास खोस्ने अमानवीय दमन जारी राखे देशैभरिका सुकुम्बासीहरु एक भएर प्रतिरोधमा उत्रन बाध्य हुनेछौं।"

सोही कार्यक्रममा बोल्दै संयुक्त सुकुम्बासी संघर्ष समितिका अध्यक्ष लड्डु खड्काले देशैभरि रहेका ८ लाख ७३ हजार ९ सय १७ जना सुकुम्बासीहरुको बैकल्पिक व्यवस्था विना उनीहरुको गाँखबास खोस्ने कार्य बन्द गर्दैन र सुकुम्बासीहरुमाथि यसरी नै नृशंस दमन जारी राखे आफूहरु देशव्यापी रुपमा एकढिक्का भइ कडा संघर्षमा उत्रन बाध्य हुने बताए। देशका ४० वटा जिल्लामा रहेका सुकुम्बासीहरुमाथि राज्यले बस्तीमा जोडर लगाउनेदेखि बस्तीमा आगो लगाएर सखाप पार्नेसम्मको अमानवीय हर्कत गर्दै आएको भन्दै खड्काले आक्रोस पोखे।

सुकुम्बासीहरुको नष्ट गरिएको बालीको क्षतिपूर्ति, प्रहरी दमनको क्रममा घाइते भएका सुकुम्बासीहरुको निशुल्क उपचार र भरण पोषणको व्यवस्था तुत्काल व्यवस्था गर्नुपर्ने माग गर्दै सुकुम्बासी नेताहरुले सुकुम्बासीहरुलाई वैकल्पिक व्यवस्था नगरी बलप्रयोग गरी हटाउन खोजे जस्तोसुकै परिस्थिति पनि सिर्जना हुन सक्ने चेतावानी दिए।

असार २१ गतेदेखि सर्लाही जिल्लाको ढुङग्रेखोला गा.वि.स.मा सरकारले स्थानीय प्रशासन लगाएर सुकुम्बासी किसानहरुको बर्षे बाली नष्ट गर्ने कार्य गरेको थियो। स्थानीय पीडितहरुले जनाए अनुसार प्रहरी प्रशासनले १२५ राउण्ड गोली र अश्रु ग्याँस पड्काएर सुकुम्बासी बस्तीलाई आतंकित पारी कर्फु लगाएर बाली नष्ट गरेको थियो। १५ दिनपछि थन्क्याउन हुने अवस्थामा रहेको मकै बाली नष्ट गरी अहिले ५०/६० वटा ट्रयाक्टर प्रयोग गरी सो जग्गा जोतिरहेको पत्रकार सम्मेलनमा आएका पीडितहरुले गुनासो गरे।

यसैबीच, अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका महासचिव सन्ध्या प्रधानद्वारा जारी विज्ञप्तीमा भनिएको छ, " आफ्ना नागरिकलाई सूचनाको हकबाट समेत् बञ्चित गराई फल्न थालेको मकै खेती बन्दुकको बलमा नष्ट गर्न चालिएको कदमको अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी सङ्घ घोर निन्दा र भर्त्सना गर्दछ। साथै यो जनविरोधी कार्य तुरन्त रोक्न आग्रह गर्दछ। यथाशिघ्र सुकुम्बासी छानबिन आयोग गठन गरेर यो समस्याको समाधान गर्न सुझाव दिन्छ। अबिलम्ब किसानहरुको रगत पसिनाको मूल्य दिन माग गर्दछ। नष्ट गएिको मकै बालीको क्षतिपूर्तिको व्यवस्था, घाइतेहरुको निशुल्क उपचार, ती घाइतेहरु अपाङग भई काम गरिखान नसक्ने अवस्थामा भएमा पेन्सनको व्यवस्था गर्न माग गर्दछ।

२१ गते सर्लाहीको ढुङग्रेखोला गा.वि.स.मा सरकारले जुन घटना घटायो। त्यो प्रतिनिधिमूलक घटना मात्र हो। देशका विभिन्न ठाउँहरुमा यो वा त्यो नाममा सरकारले यस्ता कामहरु गर्दै आएको छ। सुकुम्वासी समस्या देशव्यापी रुपमा छ। सरकारले वास्तविक सुकुम्बासीको छानबिन गरी उनीहरुको वैकल्पिक व्यवस्था गरेर मात्र ती क्षेत्रका कामलाई अघि बढाउनु पर्दछ।

सुकुम्बासीप्रतिको सरकारी रबैया विगतखि यस्तै नै रहँदै आएको छ। सर्लाहीको घटना यसको निरन्तरता मात्र हो। सरकारले यस्ताखाले जनविरोधी कार्यहरु तुरन्त बन्द गरी वास्तविक सुकुम्बासीको वैकल्पिक व्यवस्थासहित समस्या समाधान गर्न अग्रसर होओस्। यसो नगरी सरकारले विगतको नियति दोऱ्याउँदै र यसैलाई निरन्तरता दिँदै अघि बढ्यो भने हामी ती जनतालाई साथदिँदै अत्याचारका विरुद्ध सङ्घर्षमा उत्रन तम्तयार छौं। साथै, त्यसका लागि सङ्घर्षमा उत्रन तयारी अवस्थामा रहन न्यायप्रेमी जनसमुदायमा हार्दिक अनुरोध गर्दछौं।"

## तीन महिनामा ...

जोखिमलाई घटाउने प्रयास केही हदसम्म सफल देखिए पनि ठूला र तीव्र वेगका तथा हिमालदेखि बगेर आउने नदीबाट हुने जोखिम न्यूनीकरण अझै पनि चुनौतीपूर्ण नै रहँदै आएको छ। नेपालको उत्तरतर्फ सीमानजिकका २१ वटा हिमतालहरू जोखिममा रहेको विभिन्न अध्ययनले देखाउँदै आएका छन्। त्यसको त्यूनीकरणका लागि सरकारका प्रयासलाई प्रभावकारी बनाउन आवश्यक छ। यस्तै भूकम्पका कारण धेरै पहिरो खस्ने अवस्थामा रहेको अध्ययनले देखाएका छन्। नेपालमा भूकम्पका कारण ६ हजारभन्दा बढी पहिरो जाने अवस्था सिर्जना भएको छ भने ५ सय ५६ पुराना पहिरो सक्रिय भएका छन्। यति मात्र होइन, नेपालको भौगोलिक अवस्थिति र भौगर्भिक अवस्थालगायतका कारण पनि नेपालको पहाडी क्षेत्र पहिरोको उच्च जोखिममा रहेको छ। यसका कारण पनि ती भूकम्प प्रभावित क्षेत्र पहिरोको उच्च जोखिममा रहेकाले त्यहाँका बासिन्दालाई सचेत रहन समयमै सूचित गर्न आवश्यक रहेको भुगर्भविद्हरुले जनाएका छन्।

## जंगेपिल्लर ...

पत्रिकाले गरेको छ। गृह मन्त्रालयको तथ्यांक अनुसार १५७५ पिल्लरहरु क्षतिग्रस्त अवस्थामा छन्। त्यस्तै उत्तरप्रदेशसँग सीमा जोडिएको क्षेत्रमा रहेका १९९० जंगे पिल्लरमध्ये २८८ गायव भएको र ३१९ क्षतिग्रस्त अवस्थामा रहेको उल्लेख गरिएको छ। उता उत्तराखण्ड सीमामा रहेका ५६ वटा पिल्लरमध्ये ४ वटा हराएका छन् भने १० वटा क्षतिग्रस्त बनेका छन्। पश्चिम बंगाल र सिक्किमसँग सीमा जोडिएका क्षेत्रमा पनि यही अवस्था रहेको उल्लेख गरिएको छ।

प्रकाशक : रामसिंह बुढाथोकी, प्रधान सम्पादक : कुमार शाह, सम्पादक : इन्द्र राउत, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं